# सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन

वर्ष २७, अङ्क ७ | २०७५, साउन १–१५ | पूर्णाङ्क ६२५



प्रकाशक

## सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं

फोन नं. ४२००७२८, ४२००७२९, ४२००७५० Ext.२५११ (सम्पादन), २५१४ (छापाखाना), २१३१ (बिक्री)

फ्याक्सः ४२००७४९, पो.व.नं. २०४३८

**Email:** info@supremecourt.gov.np, **Web:** www.supremecourt.gov.np

## सम्पादन तथा प्रकाशन समिति

| | |
|---|---|
| माननीय न्यायाधीश श्री हरिकृष्ण कार्की, सर्वोच्च अदालत | - अध्यक्ष |
| मुख्य रजिष्ट्रार श्री राजनप्रसाद भट्टराई | - सदस्य |
| नायब महान्यायाधिवक्ता श्री किरण पौडेल, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय | - सदस्य |
| रजिष्ट्रार श्री महेन्द्रनाथ उपाध्याय | - सदस्य |
| अधिवक्ता श्री खम्मबहादुर खाती, महासचिव, नेपाल बार एसोसिएसन | - सदस्य |
| वरिष्ठ अधिवक्ता श्री खगेन्द्रप्रसाद अधिकारी, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन | - सदस्य |
| प्रा.डा.ताराप्रसाद सापकोटा, डिन, त्रिभुवन विश्वविद्यालय, कानून संकाय | - सदस्य |
| सहरजिष्ट्रार श्री भद्रकाली पोखरेल, सर्वोच्च अदालत | - सदस्य सचिव |

**सम्पादक :** श्री रामप्रसाद पौडेल

**सम्पादन तथा प्रकाशन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री निलकण्ठ बराल
शाखा अधिकृत श्री मिनबहादुर कुँवर
कम्प्युटर अधिकृत श्री विक्रम प्रधान
ना.सु. श्री पुष्पराज शर्मा
ना.सु. श्री अर्जुनबाबु सापकोटा
सि.क. श्री ध्रुव सापकोटा
कम्प्युटर अपरेटर श्री विजय खड्का
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री राजेश तिमल्सिना

**भाषाविद् :** श्री रामचन्द्र फुयाल

**बिक्री शाखामा कार्यरत् कर्मचारी**

डि.श्री नरबहादुर खत्री

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

सुपरभाइजर श्री कान्छा श्रेष्ठ
मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर प्रेसम्यान श्री नरेन्द्रमुनि बज्राचार्य
सिनियर हेल्पर श्री तुलसीनारायण महर्जन
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सहायक डिजायनर श्री रसना बज्राचार्य
सिनियर बुकबाइन्डर श्री रमेश बासुकला
सिनियर बुकबाइन्डर श्री विद्यानन्द पोखरेल
बुकबाइन्डर श्री यमनारायण भडेल
बुकबाइन्डर श्री मीरा वाग्ले
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी

**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | |
|---|---|
| संयुक्त इजलास | ११ |
| इजलास नं. १ | २ |
| इजलास नं. २ | १ |
| इजलास नं. ३ | ९ |
| इजलास नं. ४ | ३ |
| इजलास नं. ५ | ११ |
| इजलास नं. ६ | २ |
| इजलास नं. ७ | १९ |
| इजलास नं. ८ | ११ |
| इजलास नं. ९ | १६ |
| जम्मा | ८५ |

| | |
|---|---|
| इजलास नं. १० | १ |
| इजलास नं. ११ | २ |
| इजलास नं. १२ | २३ |
| इजलास नं. १३ | १ |
| इजलास नं. १४ | ६ |
| इजलास नं. १५ | २ |
| इजलास नं. १६ | १ |
| इजलास नं. १८ | ५ |
| इजलास नं. १९ | ५ |
| जम्मा | ४६ |

**कूल जम्मा ८५ + ४६ = १३१**

# नेपाल कानून पत्रिका

मा प्रकाशित भएका फैसलाहरू (२०१५ सालदेखि हालसम्म)

हेर्न, पढ्न तथा सुरक्षित गर्न

# www.nkp.gov.np

मा जानुहोला ।

**खोज्ने तरिका**

सर्वप्रथम **www.nkp.gov.np** लगइन गरेपश्चात् गृहपृष्ठमा देखिने **शब्दबाट फैसला खोज्नुहोस्** भन्ने स्थानमा आफूले खोज्न चाहेअनुसारको कुनै शब्द नेपाली युनिकोड फन्टमा टाइप गर्नुहोस् । यसबाट खोजेअनुसारको फैसला प्राप्त गर्न नसकेमा वेबसाइटको दोस्रो शीर्षकमा रहेको **वृहत् खोज** खोलेर विभिन्न किसिमले फैसला खोज्न सकिनेछ । त्यस अतिरिक्त **नेकाप प्रत्येक वर्ष** र **हाम्रो बारेमा** समेत हेर्न सक्नुहुनेछ ।

**यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्नेछः**

**सअ बुलेटिन, २०७..., ... .... – १ वा २, पृष्ठ ....**

**(साल) (महिना)**

**उदाहरणार्थः सअ बुलेटिन, २०७५, साउन – १, पृष्ठ १**

का.जि.द.नं. ३९।०४९।०५०

सर्वोच्च अदालतलगायत मातहतका अदालतहरू एवम् अन्य न्यायिक निकायहरूका कामकारवाहीसँग सेवाग्राहीहरूको कुनै गुनासो, उजुरी र सुझाव भए सर्वोच्च अदालत, प्रधानन्यायाधीशको निजी सचिवालयमा रहेको

# Toll Free Number

# १६६०–०१–३३३–५५

वा

**इमेल ठेगाना**

**cjs@supremecourt.gov.np**

मा सम्पर्क गर्न सकिने छ।

**मूल्य रू.२०।–**

**मुद्रकः सर्वोच्च अदालत, छापाखाना**

# विषयसूची


| क्र.सं. | विषय | पक्ष / विपक्ष | पृष्ठ |
|---|---|---|---|
| **संयुक्त इजलास** | | | **१ - ६** |
| १. | उत्प्रेषण | रमेश कर्माचार्य वि. एच. एण्ड वि. हाल सोसाइटी डेभलपमेण्ट बैंक लिमिटेडसमेत | |
| २. | कर्तव्य ज्यान | मधु घर्तीसमेत वि. नेपाल सरकार | |
| ३. | उत्प्रेषण / परमादेश | डा. दया शंकर लाल कर्ण वि. स्वास्थ्य मन्त्रालय, रामशाहपथसमेत | |
| ४. | उत्प्रेषण / परमादेश | परमेश्वर साह वि. स्वास्थ्य मन्त्रालय, रामशाहपथसमेत | |
| ५. | उत्प्रेषण | दिनेशकुमार यादव वि. नेपाल आयल निगम लिमिटेड, बबरमहलसमेत | |
| ६. | उत्प्रेषण / परमादेश | रामलाल लामा वि. भूमिसुधार तथा व्यवस्था मन्त्रालय, काठमाडौंसमेत | |
| ७. | मोही नामसारी | नारायण पण्डित वि. सुधाश्री पन्त | |
| ८. | उत्प्रेषण | मोहनकृष्ण सापकोटा वि. गोकर्ण खनाल | |
| **इजलास नं. १** | | | **६ - ८** |
| ९. | उत्प्रेषण | पूजा खत्री वि. सम्माननीय कुलपति, पूर्वाञ्चल विश्वविद्यालय, विराटनगर | |
| १०. | जबरजस्ती करणी | तुलाराम गिरी वि. नेपाल सरकार | |
| **इजलास नं. २** | | | **८ - ९** |
| ११. | जबरजस्ती करणी | जगतबहादुर तामाङ बल वि. नेपाल सरकार र नेपाल सरकार वि. जगतबहादुर तामाङ बल | |
| **इजलास नं. ३** | | | **९ - १३** |
| १२. | निषेधाज्ञा | हिरापतिदेवी तेलिन वि. गारा खाँ थारू | |
| १३. | उत्प्रेषण | चन्दनारायण प्रसाद वि. दशरथचन्द नगरपालिका कार्यालय, बैतडीसमेत | |
| १४. | सरकारी छाप दस्तखत किर्ते | नेपाल सरकार वि. जोगिन्दर महतो कोइरीसमेत | |
| १५. | डाँका चोरी | नेपाल सरकार वि. टेकबहादुर बोहरासमेत | |
| १६. | सरकारी छाप दस्तखत किर्ते | नेपाल सरकार वि. श्यामकुमार तामाङ | |
| १७. | लागु औषध (ब्राउन सुगर) | रामकुमार श्रेष्ठसमेत वि. नेपाल सरकार | |
| १८. | निषेधाज्ञा | धनबहादुर घिमिरे वि. प्रदिपकुमार प्रसाईंसमेत | |
| १९. | निषेधाज्ञा | इन्द्रबहादुर थापा क्षेत्रीसमेत वि. ए वन सेभिङ्ग एण्ड क्रेडिट सहकारी लिमिटेडसमेत | |
| २०. | कर्तव्य ज्यान | ललित खत्री वि. नेपाल सरकार | |
| **इजलास नं. ४** | | | **१४ - १६** |
| २१. | कर्तव्य ज्यान | प्रकाश तामाङ वि. नेपाल सरकार | |
| २२. | उत्प्रेषण / परमादेश बन्दीप्रत्यक्षीकरण | गुणाखर अधिकारी वि. पाल्पा जिल्ला अदालतसमेत | |
| २३. | कुटपिट अङ्गभङ्ग | नेपाल सरकार वि. भगेलु राउत अहिरसमेत | |

| इजलास नं. ५ | | १६ - २२ |
|---|---|---|
| २४. | भ्रष्टाचार (रकम हिनामिना) | हरिनारायण प्रसाद साह वि. नेपाल सरकार, नेपाल सरकार वि. हरिनारायणप्रसाद साह |
| २५. | उत्प्रेषण | चन्द्रमणी पौडेल वि. वाणिज्य तथा आपूर्ति मन्त्रालय, सिंहदरबारसमेत |
| २६. | हक कायम | बुद्धमाया महर्जनसमेत वि. उत्तमलाल श्रेष्ठसमेत |
| २७. | ज्यान मार्ने उद्योग र कुटपिट अङ्गभङ्ग | नेपाल सरकार वि. मनकुमार तामाङसमेत |
| २८. | जबरजस्ती करणी | नेपाल सरकार वि. श्रवणकुमार प्रधान |
| २९. | ज्यान मार्ने उद्योग | नेपाल सरकार वि. पुष्प चौलागाईसमेत |
| ३०. | उत्प्रेषण / परमादेश | निरस राय यादवसमेत वि. अमिरी चौधरीसमेत |
| ३१. | उत्प्रेषण | लिलाप्रकाश सिटौला वि. बर्दिवास नगरपालिका कार्यालय, बर्दिवाससमेत |
| ३२. | उत्प्रेषण / परमादेश | भोजराज भट्टराईसमेत वि. जिल्ला विकास समिति, काभ्रेपलाञ्चोक धुलिखेलसमेत |
| ३३. | घर भत्काई खिचोला मेटाई चलन चलाई पाउँ | ठगु राना थारूसमेत वि. हरिलाल विश्वकर्मासमेत |
| **इजलास नं. ६** | | **२२ - २३** |
| ३४. | आगलागी | नेपाल सरकार वि. चन्द्रकान्त कुँवर |
| ३५. | उत्प्रेषण | त्रियुगी नारायण कुर्मीसमेत वि. शिक्षा मन्त्रालय, काठमाडौंसमेत |

| इजलास नं. ७ | | २३ - ३३ |
|---|---|---|
| ३६. | कर्तव्य ज्यान | कृष्ण शर्मा तिवारी वि. नेपाल सरकार |
| ३७. | अवैध वन पैदावार ओसारपसार | नेपाल सरकार वि. अइन्द्रराज आङदेम्बेसमेत |
| ३८. | जबरजस्ती करणी | नेपाल सरकार वि. मोहनसिंह लिम्बूसमेत |
| ३९. | निर्णय दर्ता बदर हक कायमसमेत | सीताराम (योगजु) श्रेष्ठ वि. केवल प्रसाद (योगजु) श्रेष्ठ |
| ४०. | जालसाजी | वविता कुमारी यादसमेत वि. कौशल किशोर यादवसमेत |
| ४१. | वैदेशिक रोजगार सम्बन्धी कसुर | नेपाल सरकार वि. रेनुमाया दर्नालसमेत |
| ४२. | कर्तव्य ज्यान तथा ज्यान मार्ने उद्योग | लालकुमार तामाङसमेत वि. नेपाल सरकार |
| ४३. | हाडनाता जबरजस्ती करणी | पूर्णबहादुर अधिकारी वि. नेपाल सरकार |
| ४४. | कर्तव्य ज्यान | नेपाल सरकार वि. लालमन घर्तीसमेत |
| ४५. | कर्तव्य ज्यान | रामबाबु महरा वि. नेपाल सरकार |
| ४६. | कर्तव्य ज्यान | सन्जु थारू वि. नेपाल सरकार |
| ४७. | उत्प्रेषण / परमादेश | भोजमान लाम्गादेसमेत वि. नेपाल विद्युत् प्राधिकरण, प्रधान कार्यालय रत्नपार्कसमेत |
| ४८. | मानव अपहरण तथा शरीरबन्धक | नेपाल सरकार वि. आशिष पाण्डेसमेत |

| | | |
|---|---|---|
| **इजलास नं. ८** | | **३३ - ४०** |
| **४९.** | भ्रष्टाचार (नक्कली प्रमाणपत्र) | रामप्रसाद ढुङ्गाना वि. नेपाल सरकार |
| **५०.** | जालसाजी | होमबहादुर रानासमेत वि. छेताकुमारी लम्तरी |
| **५१.** | उत्प्रेषण / परमादेश | सौरा खातुनसमेत वि. मोरङ जिल्ला अदालत, विराटनगरसमेत |
| **५२.** | उत्प्रेषण | बुद्धिबहादुर गुरूङ वि. महेश कुमार बर्मा |
| **५३.** | उत्प्रेषण / परमादेश | मोतिबहादुर थापा वि. नेपाल नोटरी पब्लिक परिषद्को कार्यालय कुपण्डोल ललितपुर |
| **५४.** | लुटपिट | मंगलीदेवी तेलिन वि. जगदीश साहसमेत |
| **५५.** | उत्प्रेषण | नारायण दास श्रेष्ठसमेत वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोगसमेत |
| **५६.** | उत्प्रेषण / परमादेश | धनबहादुर विष्ट वि. विद्यालय शिक्षक किताबखाना, छाउनीमार्गसमेत |
| **५७.** | अपहरण गरी कर्तव्य ज्यान | प्रशन्न मल्ल वि. नेपाल सरकार |
| **५८.** | करकाप | सियाराम प्रसाद तुरहा वि. श्यामदेव यादवसमेत |
| **५९.** | डाँक लिलाम बदर, तामेली पर्चा बदर | कमरे आलम वि. शेख स्वयव र मोजामिर वि. शेख स्वयव |
| **इजलास नं. ९** | | **४० - ४३** |
| **६०.** | अंश चलन | विनोद शाहीसमेत वि. उत्तम शाही |
| **६१.** | लागु औषध खैरो हेरोइन | शोभित गौतमसमेत वि. नेपाल सरकार |
| **६२.** | अंश चलन | जयबहादुर श्रेष्ठसमेत वि. सुभाष श्रेष्ठसमेत |
| **६३.** | निषेधाज्ञा | ईन्द्रबहादुर तामाङ वि. राजकुमार तामाङसमेत |
| **६४.** | परमादेश | नारायणबहादुर लामिछाने वि. पश्चिम क्षेत्रीय प्रहरी कार्यालय, पार्दी पोखरा |
| **इजलास नं. १०** | | **४३ - ४४** |
| **६५.** | निषेधाज्ञा | ताराकान्त पाठकसमेत वि. मानेश्वर चौधरी |
| **इजलास नं. ११** | | **४४ - ४५** |
| **६६.** | जग्गा खिचोला चलन | देवनारायण यादव वि. गंगाप्रसाद यादव |
| **६७.** | निर्णय दर्ता बदर | भगवती थापा वि. पुरूषत्तोमनारायण मानन्धर |
| **इजलास नं. १२** | | **४५ - ५७** |
| **६८.** | मोही निष्काशन | भागरतीदेवी खुलवटिनसमेत वि. देवकुमारी थापा |
| **६९.** | कर्तव्य ज्यान | यावेश राईसमेत वि. नेपाल सरकार |
| **७०.** | कर्तव्य ज्यान | रेशबहादुर बरैसमेत वि. नेपाल सरकार |
| **७१.** | उत्प्रेषण / परमादेश | रामबहादुर थापा वि. भक्तपुर जिल्ला अदालत, भक्तपुरसमेत |
| **७२.** | अंशचलन | रामवतीदेवी महतोसमेत वि. रामस्वरूप महतो |
| **७३.** | जबरजस्ती करणी | ईश्वरबहादुर महरा वि. नेपाल सरकार |
| **७४.** | उत्प्रेषण | रामदेव राउत कुर्मी वि. रामशरण राउत कुर्मीसमेत |
| **७५.** | कर्तव्य ज्यान | नेपाल सरकार वि. भागीराम थारू |
| **७६.** | कर्तव्य ज्यान | रामएकवाल राय (यादव) वि. नेपाल सरकार |
| **७७.** | अबन्डा जग्गा दर्ता चलन | पवनकुमार बस्नेत वि. अगमबहादुर बस्नेतसमेत |

| | | | |
|---|---|---|---|
| ७८. | कर्तव्य ज्यान | दुर्गाबहादुर कार्कीसमेत वि. नेपाल सरकार | |
| ७९. | कर्तव्य ज्यान | छविलाल वि.क. कामी वि. नेपाल सरकार | |
| ८०. | कर्तव्य ज्यान | नेपाल सरकार वि. राजकुमार राईसमेत | |
| ८१. | लागु औषध (गाँजा) | नेपाल सरकार वि. प्रेमबहादुर मोक्तानसमेत | |
| ८२. | मानव बेचबिखन तथा ओसारपसार | सुब्बा लामासमेत वि. नेपाल सरकार | |
| ८३. | कर्तव्य ज्यान | रामु राना वि. नेपाल सरकार | |
| ८४. | कर्तव्य ज्यान | नेपाल सरकार वि. गुरूप्रसाद चौधरीसमेत | |
| ८५. | भ्रष्टाचार (नक्कली प्रमाणपत्र) | प्रदिप घिमिरे वि. नेपाल सरकार | |
| ८६. | गोवध | नेपाल सरकार वि. चित्रबहादुर वली | |
| **इजलास नं. १३** | | | **५७ - ५८** |
| ८७. | तेस्रो पक्ष मोटर बिमा दाबी | सिद्धार्थ इन्स्योरेन्स कम्पनी लिमिटेड वि. अर्जुन लम्साल | |
| **इजलास नं. १४** | | | **५८ - ६१** |
| ८८. | कर्तव्य ज्यान | नेपाल सरकार वि. नागेन्द्रप्रसाद कुशवाहसमेत | |
| ८९. | निषेधाज्ञा | सुन्दरलाल भुजवा वि. जिल्ला प्रशासन कार्यालय, बाँके नेपालगञ्जसमेत | |
| ९०. | निषेधाज्ञा | तारादेवी मौर्य वि. नेपालगञ्ज उपमहानगरपालिका कार्यालय बाँके, नेपालगञ्जसमेत | |
| ९१. | उत्प्रेषण / परमादेश | दिपेन्द्रप्रसाद श्रेष्ठ वि. हिराकुमार सापकोटासमेत | |
| ९२. | निषेधाज्ञा परमादेश | सिताराम गोडिया वि. कोष तथा लेखा नियन्त्रक कार्यालय, गुलरिया बर्दियासमेत | |
| **इजलास नं. १५** | | | **६१ - ६२** |
| ९३. | उत्प्रेषण / परमादेश | लक्ष्मीदत्त पाण्डेय वि. प्रहरी प्रधान कार्यालय, नक्सालसमेत | |
| **इजलास नं. १६** | | | **६२ - ६३** |
| ९४. | उत्प्रेषण / परमादेश | सुरेशकुमार दनुवार वि. सशस्त्र प्रहरी बल प्रधान कार्यालय, हलचोकसमेत | |
| **इजलास नं. १८** | | | **६३ - ६५** |
| ९५. | मानव ओसारपसार | नेपाल सरकार वि. भरतबहादुर परियार | |
| ९६. | कर्तव्य ज्यान | नेपाल सरकार वि. तारा रानाभाट | |
| ९७. | उत्प्रेषण | पुष्पा खड्का (कार्की) वि. भिवोर विकास बैंक लि., प्र.का. त्रिपुरेश्वर काठमाडौंसमेत | |
| **इजलास नं. १९** | | | **६५ - ६८** |
| ९८. | अंश नामसारी | लालमती देवी भर वि. रामदेव भरसमेत | |
| ९९. | उत्प्रेषण | दमयन्ती प्रधान वि. काठमाडौं जिल्ला अदालत, काठमाडौंसमेत | |
| १००. | अपहरण तथा शरीर बन्धक लिने उद्योग र विष्फोटक पदार्थ | नेपाल सरकार वि. सन्तकुमार पुनसमेत | |
| १०१. | कर्तव्य ज्यान | नेपाल सरकार वि. शक्तिनाथ सहनीसमेत | |

## संयुक्त इजलास

१

**स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री मीरा खड्का,** ०७१-WO-१००५, उत्प्रेषण, रमेश कर्माचार्य वि. एच. एण्ड वि. हाल सोसाइटी डेभलपमेण्ट बैंक लिमिटेडसमेत

आफूलाई मर्का परेको विषयमा मर्का पर्ने पक्षले समयमा नै उपचारको लागि अदालत प्रवेश गर्नुपर्ने हुन्छ । यी रिट निवेदक आफूलाई सञ्चालक पदबाट बर्खास्त गर्ने गरी भएको निर्णयको जानकारी मिति २०७१।१२।१२ मा पाएको भनी उक्त निर्णय बदरको माग गरी मिति २०७२।३।१४ मा प्रस्तुत रिट दायर गरेको देखियो । रिट निवेदकले आफूले निर्णयको जानकारी प्राप्त गरेको लामो समयपछि रिट दायर गर्नु पर्नाको आधार कारणसमेत खुलाउन सकेको देखिँदैन। यसरी लामो समय अर्थात् आफुलाई बर्खास्त गर्ने निर्णयको जानकारी पाएको ३ महिनाभन्दा बढी समयपछि मात्र रिट क्षेत्रबाट उक्त निर्णय बदर गरी पाउन माग गरी यस अदालतमा प्रवेश गरेको देखिने।

अतः विवेचित आधार कारणबाट रिट निवेदकलाई सञ्चालक पदबाट बर्खास्त गर्ने गरी भएको मिति २०७१।६।१३ को निर्णयको जानकारी मिति २०७१।१२।१२ मा पाएकोमा लामो समयपछि रिट निवेदन दायर हुन आएको देखिँदा विलम्बको सिद्धान्तको आधारमा यी रिट निवेदकलाई मद्दत गर्न नसक्ने हुँदा निवेदन मागबमोजिम उत्प्रेषणको आदेश जारी हुने अवस्था देखिएन । प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: दुर्गाप्रसाद खनाल

इति संवत् २०७४ साल मङ्सिर १२ गते रोज ३ शुभम्।

२

**स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री मीरा खड्का,** ०७२-CR-१४०१, कर्तव्य ज्यान, मधु घर्तीसमेत वि. नेपाल सरकार

प्रतिवादीहरूले अदालतमा बयान गर्दा वारदातमा इन्कार भई बयान गरेको भए पनि निजहरूले अनुसन्धानको क्रममा गरेको बयान बेहोरा मिसिल संलग्न तथ्य एवम् प्रमाणबाट सिलसिलेवार रूपमा पुष्टि भएको देखिँदा मृतक र प्रतिवादीमध्येकी मति पुन लोग्ने स्वास्नी भई निजहरूका बीचमा अगाडिदेखि नै मनमुटाव भई अलगअलग बस्दै आएको र घरायसी विषयमा विवाद भइरहने भएका कारण पतिलाई मार्न प्रतिवादीमध्येका जयन्ती पुन र मधु घर्तीसँग सल्लाह गरी सबैको मिलेमतोमा योजना बनाई पूर्वतयारी गरी घरबाट बञ्चरो र हँसिया जस्ता घातक हतियार लिई मृतक गाउँबाट आउने बाटोमा गई बञ्चरो र हँसिया प्रहार गरी निजलाई मारी आफैँ लडेर मरेको भन्ने पार्नलाई खोल्सामा लास फालेको भन्ने यी प्रतिवादीहरूले अनुसन्धानको क्रममा गरेको बयान मिसिल संलग्न तथ्य एवम् प्रमाणबाट पुष्टि भएकाले हामीले कर्तव्य गरी ऐमान सिंहलाई मारेका होइनौं भन्ने पुनरावेदक / प्रतिवादीहरूको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अतः उल्लिखित तथ्य एवम् किटानी जाहेरी, घटनास्थल मुचुल्का, प्रतिवादीहरूको मौकाको बयान, मृतकलाई मार्न प्रयोग भएको बञ्चरो र हँसियाको बरामदी मुचुल्का, Autopsy Report, शव परीक्षण गर्ने चिकित्सकले गरेको बकपत्रसमेतका मिसिल संलग्न प्रमाणहरूबाट प्रतिवादीहरूले पूर्वरिसइवीका कारण पूर्वयोजना बनाई, तयारीका साथ जोखिमी धारीलो हतियार बञ्चरो र हँसियासमेत प्रहार गरी मारेको देखिँदा निज प्रतिवादीहरू मति पुनमगर, जयन्ती पुन र मधु घर्तीलाई अभियोग दाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वश्वसहित जन्मकैदको सजाय गर्ने गरी र प्रतिवादीमध्येका गोपाल पुन मगरलाई ऐ.१७(३) बमोजिम १ वर्ष कैद सजाय हुने ठहऱ्याई सुरू अदालतबाट भएको फैसला सदर गर्ने गरी पुनरावेदन अदालत तुलसीपुरबाट मिति २०७२।५।१ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः दुर्गाप्रसाद खनाल

कम्प्युटरः रामशरण तिमिल्सिना

इति संवत् २०७४ साल मङ्सिर १२ गते रोज ३ शुभम्।

३

**स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७३-WO-०९११, उत्प्रेषण / परमादेश, डा. दया शंकर लाल कर्ण वि. स्वास्थ्य मन्त्रालय, रामशाहपथसमेत

स्वास्थ्य सेवा ऐन, २०५३ को दफा २० मा अधिकृत तहको कर्मचारीलाई काजमा खटाउने अधिकार अख्तियारवालालाई रहेको देखिन्छ। अख्तियारवाला भित्र स्वास्थ्य सचिव पर्ने तर सचिवभन्दा माथिल्लो तहको मन्त्री नपर्ने भनी अर्थ गर्न उचित हुँदैन । स्वास्थ्य सेवासम्बन्धी ऐनको उपर्युक्त कानूनी विवेचनाबाट निवेदकको पदाधिकार रहेको जिल्ला अस्पताल सिरहासँग जोडिएको सप्तरी जिल्लाको गजेन्द्रनारायण सिंह सगरमाथा अञ्चल अस्पताल राजविराजको निमित्त प्रमुख मेडिकल अधिकृत पदमा विशेष जिम्मेवारी दिई निवेदकलाई काजमा खटाएको नेपाल सरकार स्वास्थ्य राज्यमन्त्रीस्तरको मिति २०७३।९।२५ को निर्णय कानूनविपरीतको रहेको देखिन नआउने।

निवेदकलाई जिल्ला अस्पताल, सिरहाबाट गजेन्द्रनारायण सिंह सगरमाथा अञ्चल अस्पताल राजविराजको मेडिकल सुपरिटेन्डेन्ट पदको कार्य गर्ने गरी खटाएको विपक्षी स्वास्थ्य मन्त्रालय राज्यमन्त्रिस्तरको मिति २०७३।९।२५ को निर्णय बदर हुनसक्ने देखिन नआउने।

तसर्थ, माथि विवेचित कानूनी आधार प्रमाण तथा यस अदालतबाट प्रतिपादित सिद्धान्तसमेतका आधारमा निवेदकलाई जिल्ला अस्पताल सिरहाबाट गजेन्द्रनारायण सिंह सगरमाथा अञ्चल अस्पताल राजविराजमा काजमा खटाउने गरी विपक्षी स्वास्थ्यमन्त्रालय राज्यमन्त्री स्तरको मिति २०७३।९।२५ को निर्णय र सोका आधारमा भएका पत्राचारसमेतका काम कारबाही उत्प्रेषणको आदेशद्वारा बदर गरिपाउँ भन्ने निवेदक डा. दयाशंकर लाल कर्णको निवेदन दाबी पुग्नसक्ने देखिएन। प्रस्तुत निवेदन खारेज हुने।

नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को नियम ३४ (ख) अनुसार आधार र कारण खोली सरूवा वा काज गर्नुपर्ने दायित्व विपक्षीहरूको हो । तर विपक्षी स्वास्थ्य मन्त्रालयका तर्फबाट लिखित जवाफमा समेत यो यस्तो आवश्यकताका आधारमा अवधि नतोकी निवेदकलाई काजमा खटाइएको भनी उल्लेख गर्नसकेको पाइएन । अब आइन्दा कुनै पनि कर्मचारीलाई काजमा खटाउँदा आधार ग्रहण गरिएको कानूनको उल्लेख गरी उक्त कानूनले तोकेको प्रक्रिया पूरा गरी मात्र काजमा खटाउने गर्नु भनी विपक्षी स्वास्थ्य मन्त्रालयका नाममा निर्देशनात्मक आदेश जारी हुने।

इजलास अधिकृत: कपिलमणी गौतम
कम्प्युटर: विकेश गुरागाईं
इति संवत् २०७४ साल भदौ ४ गते रोज १ शुभम्।

४

**स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७३-WO-०९२३, उत्प्रेषण / परमादेश, परमेश्वर साह वि. स्वास्थ्य मन्त्रालय, रामशाहपथसमेत

तोकिएको कर्तव्य अनुशासितरूपमा निर्वाह नगर्ने कर्मचारीलाई स्वास्थ्य सेवा ऐन, २०५३ को दफा २२ (ख) अनुसार कारबाही स्वरूप सरूवा गर्नसक्ने अधिकार अख्तियारवालालाई प्रदान गरेको देखिन्छ । अनुशासन र आचरण उल्लङ्घन गर्ने कर्मचारीलाई कानूनले तोकेको प्रक्रिया पूरा गरी विभागीय सजायसमेत गर्न पाउने अख्तियारवालाले सरूवा गरेको कार्यलाई अनुचित मान्न सकिँदैन । तथापि विपक्षी स्वास्थ्य सेवा विभागको लिखित जवाफमा र सरूवा पत्रमा कानूनी आधार र कारण उल्लेख नगरेको हुँदा कार्यविधिगत त्रुटि गरी सरूवा गरेको भन्ने देखिन आउँछ । सरूवाजस्तो कर्मचारी प्रशासनसँग सम्बन्धित सामान्य विषयमा कानूनले तोकेको कार्यविधि अवलम्बन नगरेको र आधार र कारण उल्लेख नगरेकै आधारमा सरूवा बदर गर्न न्यायोचित भने नहुने।

सरूवा जस्तो नियमित प्रक्रिया गर्दा नेपाल सरकार र सम्बन्धित अख्तियारवालालाई सेवा समूह सम्बन्धी कानूनको पालना निरपेक्ष (Absolute)

रूपमा गर्नुपर्छ भनी आदेश दिनु मनासिब हुँदैन । अख्तियारवालाले गरेको सरूवाको विषयमा सम्बन्धित कार्य प्रकृतिको सापेक्षतामा (Relatively) विचार गरी हेरिनु पर्छ । कर्मचारीलाई सरूवा गरिएको सम्बन्धमा सापेक्ष रूपमा हेरिएन भने कर्मचारी प्रशासन प्राविधिक हुन पुगी अख्तियारवाला र सम्बन्धित अधिकारप्राप्त अधिकारीको मातहतका कर्मचारीलाई कानूनको अधीनमा रही सरूवा गर्न पाउने अधिकार निष्प्रयोजन हुन पुगी सोको फलस्वरूप सक्षम राष्ट्रसेवकबाट छिटो छरितो र गुणस्तरीय सेवा पाउने जनताको अधिकार र अपेक्षामा आघात पुग्न जाने ।

निवेदकको चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान वीर अस्पतालबाट कटारी अस्पताल उदयपुरमा सरूवा गरेको विपक्षी स्वास्थ्य सेवा विभाग टेकुको मिति २०७३।११।१७ को निर्णयबाट निवेदकलाई अपुरणीय क्षति पुगेको मानी उक्त निर्णय बदर गर्नुपर्ने देखिन नआउने ।

तसर्थ, माथि विवेचित कानूनी आधार प्रमाण तथा यस अदालतबाट प्रतिपादित सिद्धान्तसमेतका आधारमा चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान वीर अस्पतालबाट कटारी अस्पताल उदयपुरमा सरूवा गरेको विपक्षी स्वास्थ्य सेवा विभाग टेकुको मिति २०७३।११।१७ को निर्णय र सोका आधारमा भएका पत्राचारसमेतका काम कारबाही उत्प्रेषणको आदेशद्धारा बदर गरिपाउँ भन्ने निवेदक श्री परमेश्वर शाहको निवेदन दाबी पुग्नसक्ने देखिएन । यस अदालतबाट मिति २०७३।११।२६ मा जारी भएको अन्तरिम आदेश निष्क्रिय भई प्रस्तुत निवेदन खारेज हुने । निवेदकलाई सरूवा गर्दा विपक्षी स्वास्थ्य सेवा विभागले नेपाल स्वास्थ्य सेवा ऐन र नियमावलीले निर्देशित गरेको आधार र कारण नखोली सरूवा गरेको हुँदा अब आइन्दा सरूवा गर्दा कानून र नियमको पालना गरी सरूवा वा काज गर्नु भनी विपक्षी स्वास्थ्य सेवा विभाग र स्वास्थ्य मन्त्रालयका नाममा निर्देशनात्मक आदेश जारी हुने ।

इजलास अधिकृत: कपिलमणी गौतम

इति संवत् २०७४ साल भदौ ४ गते रोज १ शुभम् ।

५

**स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७२-WO-०४५६, उत्प्रेषण, दिनेशकुमार यादव वि. नेपाल आयल निगम लिमिटेड, बबरमहलसमेत

वस्तुतः टार्जेट लसभित्रै रही पेट्रोलियम पदार्थको भण्डारण ढुवानी एवम् बिक्री वितरण गर्न सक्षम भई निगमलाई बढी भन्दा बढी फाइदा पुऱ्याउने कर्तव्य र दायित्व निवेदकसमेतका निगमका कर्मचारीहरूको रहेपनि पेट्रोलियम पदार्थको ढुवानी र भण्डारणमा देखा पर्ने विभिन्न वैज्ञानिक कारणले पनि लक्ष्यअनुरूपको कार्य प्रगति हासिल गर्न कठिनाई पर्ने कुरा अध्ययन प्रतिवेदनले सिद्ध गरेको स्थितिमा वैज्ञानिक र वस्तुनिष्ठ अध्ययन नै नगरी कार्यालय प्रमुखको हैसियतले कार्यरत रहेकै अवधिलाई आधारमानी सो अवधिमा भएको सम्पूर्ण लस टार्जेट निवेदकले तिर्नु बुझाउनु भनी पत्राचार गर्नु विपक्षी आयल निगम व्यवस्थापन समिति र ऐ. का कार्यकारी निर्देशकको स्वेच्छाचारी र मनोगत कार्य हुन जाने ।

निगमको व्यवस्थापनको जिम्मेवारी बहन गरेको निगम सञ्चालक समितिका पदाधिकारी र कार्यकारी निर्देशकले सार्वजनिक लेखा समितिको अध्ययन प्रतिवेदन, २०६८ को बुँदा नं. १६.१ देखि १६.६ सम्म लस टार्जेट सम्बन्धमा लिपिवद्ध गरिएका वस्तुगत र वैज्ञानिक आधारहरूका बारेमा वस्तुनिष्ठरूपमा खोजबिन नै नगरी सोही प्रतिवेदन र अख्तियार दुरूपयोग अनुसन्धान आयोगको पत्रलाई देखाई सार्वजनिक लेखा समितिको प्रतिवेदनको बुँदा नं.१६.६ मा देखाइएको लस टार्जेट (कार्यगत नोक्सानी) रू. १,४५,००,०००।– निगमको खातामा जम्मा गर्नु भनी निवेदक दिनेशकुमार यादवलाई विपक्षी आयल निगमका कार्यकारी निर्देशकले मिति २०७२।६।२९ मा गरेको पत्राचार एवम् पत्राचार गर्दा आधार लिइएको निगम सञ्चालक समितिको मिति २०७२।५।३० को २०९४ औ बैठकको बुँदा नं. २ समेत न्यायोचित रहेको नपाइने ।

विपक्षी आयल निगम सञ्चालक समितिको बैठक नं. २०९४ को निर्णय बुँदा नं. २ र सोका आधारमा

लस टार्जेट रकम रू.१,४५,००,०००।– निगमको खातामा जम्मा गर्नु भनी मिति २०७२।६।२९ मा ऐ. का कार्यकारी निर्देशकले लेखेको पत्रसमेत त्रुटिपूर्ण रहेको देखिन आउने।

तसर्थ, माथि विवेचित आधार र कारणबाट निवेदक दिनेशकुमार यादव निगमको इन्धन डिपो, अमलेखगञ्जको प्रमुख हुँदा तोकिएको नोक्सानी लक्ष्य (Loss Target) भन्दा बढी नोक्सानी भएको रकम रू. १,४५,००,०००।– (एक करोड पैंतालीस लाख) यथाशीघ्र निगमको खातामा जम्मा गर्ने व्यवस्था मिलाउनु भनी विपक्षी नेपाल आयल निगम सञ्चालक समितिको मिति २०७२।५।३० को २०९४ औं बैठकको निर्णयानुसार भन्दै निवेदक निज दिनेशकुमार यादवलाई विपक्षी आयल निगमका कार्यकारी निर्देशकले च.नं. ११८० मिति २०७२।६।२९ मा गरेको पत्राचारसमेतको कारबाही र पत्राचार गर्दा आधारको रूपमा ग्रहण गरिएको सञ्चालक समितिको २०९४ औं बैठकको निर्णय बुँदा नं. २ समेत कानून र न्यायसम्मत नदेखिँदा उत्प्रेषणको आदेशले बदर हुने।

इजलास अधिकृत: कपिलमणी गौतम

कम्प्युटर: विकेश गुरागाईं

इति संवत् २०७४ साल भदौ २६ गते रोज २ शुभम्।

- यसै लगाउको ०७२-WO-०४५७, उत्प्रेषण, *दिनेशकुमार यादव वि. नेपाल आयल निगम लिमिटेड, बबरमहलसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको।

६

**स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०६७-WO-१०९६, उत्प्रेषण / परमादेश, रामलाल लामा वि. भूमिसुधार तथा व्यवस्था मन्त्रालय, काठमाडौंसमेत

निवेदकले कि.नं. १०३, १४४, १४५, २१२, २६८, २७१ र २७४ का जग्गाहरू आफ्ना पिताले जोतभोग गरी कमाई आएको, पिताको मृत्युपछि सो मोही हक नामसारी हुने हकदार आफू मात्र रहेको र सम्बन्धित गुठी कार्यालयलाई कुतसमेत बुझाउँदै आएकोले २०३४/०३५ सालतिरको नापीमा भूलबस मोही महल खाली हुन जाँदैमा मेरो नाममा मोही नामसारी हुन कुनै बाधा अवरोध नभएकोले मेरो नाममा मोही नामसारी गरिपाउँ भनी मालपोत कार्यालय नुवाकोटमा निवेदन गरेकोमा सो निवेदनउपर आवश्यक सबुद प्रमाण बुझी निवेदकको नाममा मोही नामसारी हुने नहुने निर्णय गर्नुपर्नेमा सो नगरी भूमिसुधार तथा मालपोत व्यवस्थापन विभागमा सोधनी गरेको र विभागको निर्देशानुसार मालपोत कार्यालयले मोहीहक नामसारी सम्बन्धमा परेको निवेदन तामेलीमा राखेको निर्णय एवम् काम कारवाहीलाई कानूनसम्मत मान्न नसकिने।

आफ्नो क्षेत्राधिकारभित्र परेको मोही नामसारीको निवेदनमा निवेदक पक्षबाट आवश्यक सबुद प्रमाण बुझी निवेदकसमेतका नाममा मोही नामसारी हुनसक्ने हो होइन भनी निष्कर्षमा पुगी निर्णयमा पुग्नुपर्नेमा मालपोत कार्यालय नुवाकोटले त्यसो गरेको देखिएन। उपयुक्त निर्णय गर्नुपर्नेमा त्यसो नगरी भूमिसुधार तथा मालपोत व्यवस्थापन विभागमा सोधनी गरेको र विभागबाट मिति २०६७।१।१५ मा भएको निर्देशानुसार निवेदकसमेतको मोही नामसारी गरिपाउँ भन्ने निवेदन तामेलीमा राख्ने निर्णय र तदनुसार गुठी संस्थान केन्द्रीय कार्यालयको मिति २०६८।१।८ निर्णयलगायतका काम कारवाहीहरू कानूनसम्मत देखिन नआउने।

निवेदकसमेतले कुत बुझाएको पहिल्यैदेखिका प्रमाण निस्सा आफूसँग रहे भएको भए त्यस्ता प्रमाणसमेत निवेदकबाट माग गरी साबिक लगतभित्रका विवादित जग्गामध्ये निवेदकले पिता दिलबहादुरका पालामा नै ४/४ वटा घर बनाएको भनी रिट निवेदनमा उल्लेख भएका जग्गा र घर बनाई बाँकी रहेको अन्य जग्गाहरू मध्ये निवेदकको कुनकुन जग्गामा निवेदकको मोही हक लाग्ने हो र कुनकुन जग्गामा होइन भन्ने सम्बन्धमा सबुद प्रमाणको मूल्याङ्कन गरी निर्णयमा पुग्नुपर्नेमा सो नगरी विवादित जग्गाको मोही नामसारी गर्नुपर्ने नपर्ने सम्बन्धमा युक्तियुक्त निर्णय नगरी तामेलीमा राख्ने गरेको मालपोत कार्यालयको निर्णय आदेश र सो निवेदनसँग सम्बन्धित भूमिसुधार तथा मालपोत व्यवस्थापन विभागको मिति

२०६७।१।१५ को निर्देशन आदेश र तत्सम्बन्धमा गुठी संस्थान केन्द्रीय कार्यालयको मिति २०६८।१।८ निर्णयलगायतका कामकारवाही कानूनसम्मत नहुँदा उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ। अब विवादित जग्गाको मोही नामसारी गरिपाउँ भनी परेको निवेदकको तर्फबाट परेको उक्त निवेदनमा मोही नामसारी गर्न मिल्ने नमिल्ने सम्बन्धमा आवश्यक प्रमाण बुझी कानूनसम्मत निर्णय गर्नु भनी विपक्षीहरूका नाममा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृत: विदुर काफ्ले

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७४ साल भदौ २६ गते रोज २ शुभम्।

७

**स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०६७-CI-११९२, मोही नामसारी, नारायण पण्डित वि. सुधाश्री पन्त

भूमिसम्बन्धी ऐनमा २०२५।७।९ मा दोस्रो संशोधन हुनुअघि प्रचलनमा रहेको भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६(१) को कानूनी व्यवस्थाको प्रतिबन्धात्मक वाक्यांशमा "तर मोहीले कुनै सालमा खेतीको यामभन्दा कमसेकम एक महिनाअगावै जग्गाधनीलाई स्थानीय पञ्चायतमार्फत लिखित सूचना दिई आफ्नो हक छाड्न पाउने छ" भन्ने व्यवस्था रहेको पाइन्छ। ऐनको प्रतिबन्धात्मक व्यवस्था ऐनको सामान्य व्यवस्थाभन्दा पृथक एवम् अपवादात्मक प्रकृतिको हुने भई सामान्य व्यवस्थाभन्दा फरक रूपमा लागू हुनसक्ने देखिएबाट भूमिसम्बन्धी ऐनमा भएको दोस्रो संशोधनपूर्व मोहीको रूपमा कमाउँदै आएको जग्गा जोतभोग गर्न सक्दिन भनी सम्बन्धित मोहीले गाउँ पञ्चायतमा निवेदन दिई मोही हक छाड्न सक्ने र सम्बन्धित गाउँ पञ्चायतले तत् सम्बन्धमा निर्णय गर्नसक्ने नै देखिने।

प्रमाणसाथ पेस हुन आएको तत्कालीन डाँछी गाउँ पञ्चायतको निर्णय पुस्तिका हेर्दा विवादित कि.नं. २२४ को जग्गा मोही रामजी पण्डितले आफ्नो शक्तिले कमाउन नसक्ने भएकोले जग्गावालालाई जिम्मा लगाई पाउँ भनी निवेदन दिएकोले भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६ मा "बेयाम टाइममा छाड्न पाउने कानूनी व्यवस्था भएको हुँदा आफ्ना जग्गा चलन गर्न जानु भनी जग्गावालालाई सूचना दिनु भनी" डाँछी गाउँ पञ्चायतले मिति २०२२।१२।२० मा निर्णय गरेको देखिन्छ। सोही निर्णयको आधारमा मोही लगत कट्टाका लागि डाँछी गाउँ विकास समितिको कार्यालयबाट मिति २०५५।१।३० मा भूमिसुधार कार्यालय काठमाडौंलाई पत्राचार भएको भूमिसुधार कार्यालय काठमाडौंको मिसिल संलग्न फाइलबाट देखिन्छ । यस्तो अवस्थामा भूमिसम्बन्धी ऐन, २०२१ मा भएको दोस्रो संशोधन २०२५।७।९ पछि भएको मोही नामसारीसम्बन्धी व्यवस्था प्रस्तुत मुद्दाको तथ्य र विषयतर्फ आकर्षित हुने नदेखिने।

पुनरावेदकका पिता दर्तावाला मोही रामजी पण्डित स्वयम्ले विवादित साबिक कि.नं. २२४ को जग्गाको मोही हक छोड्न निवेदन दिई सनाखतसमेत गरेको र तत्काल प्रचलित भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६(१) बमोजिम तत्कालीन डाँछी गाउँ पञ्चायतले मोही रामजी पण्डितले मोही हक छाडेको सम्बन्धमा गरेको निर्णयबाट पुनरावेदकका पिताले स्वइच्छाले नै मोही हक छाडेको मान्नुपर्ने भई यस्तो अवस्थामा मोही नामसारी गर्न पुनरावेदकको हक कायमै रहेको भन्न नमिल्ने।

अतः उल्लिखित आधार, प्रमाण र प्रतिपादित कानूनी सिद्धान्तसमेतबाट भूमिसुधार कार्यालय काठमाडौंबाट मोही हक नामसारी गरिपाउँ भन्ने वादी दाबी खारेज हुने गरी भएको निर्णय सदर हुने ठहऱ्याई पुनरावेदन अदालत पाटनबाट मिति ०६६।१२।३ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: दिलीपराज पन्त

कम्प्युटर टाइपः विकेश गुरागाईं

इति संवत् २०७४ साल कात्तिक ७ गते रोज ३ शुभम्।

यसै लगाउको निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०६७-CI-११९३, मोही लगत कट्टा, नारायण पण्डित वि. सुधाश्री पन्त
- ०६७-CI-११९४, मोही लगत कट्टा,

नारायण पण्डित वि. यज्ञप्रसाद उपाध्याय कुइँकेल

८

**स.का.मु.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७२-CI-१५५४, उत्प्रेषणसमेत, मोहनकृष्ण सापकोटा वि. गोकर्ण खनाल।

मालपोत कार्यालयले विपक्षी रिट निवेदकको तर्फबाट विवादित जग्गा दर्ता सम्बन्धमा निवेदन परेपछि निवेदन मागबमोजिमको जग्गा खोला बगर हो होइन, सरकारी जग्गाको परिभाषाभित्र पर्छ पर्दैन, प्रचलित कानूनी व्यवस्थाको परिधिमा रहेर सरकारी वा सार्वजनिक जग्गा व्यक्ति विशेषका नाममा दर्ता हुनसक्छ सक्दैन, विवादित जग्गा नापीका हुँदाका बखत कानूनबमोजिम निवेदक उपस्थित भए नभएको के हो र नापजाँचको विषयमा निवेदकले कानूनबमोजिम दाबी पेस गर्न पाउनेमा सो गरेको अवस्था छ छैन लगायतका विषयमा छानबिन गरी संलग्न प्रमाणसमेतको आधारमा निष्कर्षमा पुगी उपयुक्त निर्णय गर्नुपर्नेमा त्यसो नगरी तामेलीमा राख्ने गरी मालपोत कार्यालय, चाबहिलको मिति २०७१।१०।४ को निर्णय मिलेको देखिन आएन। तसर्थ सो निर्णय नमिलेकोले उत्प्रेषणको आदेशले बदर गरी बुझ्नुपर्ने प्रमाण बुझी निर्णय गर्नु भनी पुनरावेदन अदालत पाटनबाट मिति २०७२।९।१ बाट भएको निर्णय मिलेकै देखिन आउने।

अतः विवादित कि.नं. २४४ को जग्गा निवेदकको दर्ताभित्रको पर्ने नपर्ने विषयमा प्रमाण बुझी इन्साफ गर्नुपर्नेमा तामेलीमा राख्ने गरी मालपोत कार्यालय काठमाडौंले मिति २०७१।१०।४ मा गरेको तामेली निर्णय नमिलेकोले उत्प्रेषणको आदेशले बदर गरी अब बुझ्नुपर्ने प्रमाण बुझी निर्णय गर्नु भनी विपक्षी मालपोत कार्यालय काठमाडौंका नाममा परमादेश जारी हुने ठहऱ्याई पुनरावेदन अदालत पाटनबाट मिति २०७२।९।१ मा गरेको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: विदुर काफ्ले

इति संवत् २०७४ साल असार १५ गते रोज ५ शुभम्।

## इजलास नं. १

१

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०७१-WO-०७१४, उत्प्रेषण, पूजा खत्री वि. सम्माननीय कुलपति, पूर्वाञ्चल विश्वविद्यालय, विराटनगरसमेत

निवेदिकालाई सम्मान गर्ने समयमा विपक्षीमध्येका सुवास आचार्यले शोधपत्र बुझाई लब्धांकपत्र वा ट्रान्सक्रिप्ट लिइसकेको भन्ने देखिँदैन । निज सुवास आचार्यले शोधपत्र बुझाई लब्धांकपत्र लिइसकेपछि मात्र निजले प्राप्त गरेको कूल प्राप्तांक निवेदिकाले प्राप्त गरेको प्राप्तांक भन्दा बढी देखिन आएको अवस्था रहेछ । यस अवस्थामा निवेदिकाको तत्कालीन प्राप्तांकको आधारमा काठमाडौं स्कुल अफ लको वार्षिक समारोहमा एल.एल.एम. मा प्रथम भएको भनी घोषणा गर्नु स्वभाविकै देखिन्छ । तर पूर्वाञ्चल विश्वविद्यालयको दीक्षान्त समारोहको समयभन्दा अगावै सुवास आचार्यले शोधपत्र बुझाइसकेको र निजको शोधपत्रसमेतको कूल प्राप्ताङ्कसमेतलाई हेरी विश्वविद्यालयले गोल्ड मेडलिष्टको नाम घोषित गर्दा साबिकको स्थितिमा परिवर्तन हुन पुगेको अवस्था देखिने।

विश्वविद्यालयले गोल्ड मेडलिष्टको नाम घोषित गर्न दीक्षान्त समारोहमा भाग लिएकै हुनुपर्ने भनी बाध्यात्मक व्यवस्था रहे भएको पनि देखिँदैन। दीक्षान्त समारोहमा भाग लिन आउन आह्वान गरेको सूचनाले Gold Medal को निर्धारण गरेको हुँदैन। एउटै शैक्षिक सत्रका विद्यार्थीहरू मध्ये जो सबैभन्दा बढी अङ्क ल्याउने विद्यार्थी हो ऊ नै Gold Medal को विद्यार्थी हो भन्नेमा विवाद गर्ने ठाउँ नहुने।

दीक्षान्त समारोहमा विभिन्न संकायमा अध्ययन पूरा गरेका विद्यार्थीहरू मध्ये सम्बन्धित संकायको परीक्षामा सर्वोत्कृष्ट अङ्क प्राप्त गर्ने विद्यार्थीलाई Gold Medal बाट विभूषित गर्ने कार्य विश्वविद्यालयको

क्षेत्राधिकारभित्रकै विषय हो। सर्वोत्कृष्ट अङ्क निर्धारण गर्दा परीक्षार्थीहरूले परीक्षा दिएका सम्पूर्ण विषय तथा शोधपत्रसमेतको अङ्कसमेत समावेश भएको मार्कसिट तथा ट्रान्सक्रिप्टको आधारमा निर्धारण हुने हो । विश्वविद्यालयमा अभिलेख रहने परीक्षार्थीको लब्धांकपत्रको आधारमा नै विश्वविद्यालयले सर्वोत्कृष्ट अङ्क ल्याउने विद्यार्थीको पहिचान गर्न सक्दछ। दीक्षान्त समारोहमा समावेश नभएका विद्यार्थीले सबैभन्दा बढी अङ्क ल्याएको छ भने उसको सर्वोत्कृष्टताको उपाधि खोस्न मिल्ने पनि हुँदैन। दीक्षान्त समारोहमा भाग लिने विषय र गोल्डमेडल पाउने विषय फरकफरक विषय हो। दीक्षान्त समारोहमा भाग नलिने विद्यार्थीहरूले पनि आफ्नो शैक्षिक योग्यताको प्रमाणपत्र विश्वविद्यालयबाट प्राप्त गर्नसक्ने नै भएकोले दीक्षान्त समारोहमा भाग लिएको वा नलिएको भन्ने विषयले मात्र एकै शैक्षिक सत्रमा सर्वोत्कृष्ट अङ्क प्राप्त गर्ने विद्यार्थीको पहिचानमा तात्विक असर पार्नसक्ने नदेखिने।

पूर्वाञ्चल विश्वविद्यालयको दीक्षान्त समारोहको आयोजना तथा Gold Medal प्रदान गर्ने सन्दर्भमा आवश्यक कार्यविधि तथा प्रक्रिया निर्धारण गर्ने अधिकारसमेत सो विश्वविद्यालयलाई भएको भन्ने कुरामा समेत विवाद गर्ने ठाउँ छैन । विश्वविद्यालयले परीक्षा सञ्चालन गर्ने, नतिजा प्रकाशन गर्ने, प्रमाणपत्र वितरण गर्ने, दीक्षान्त समारोहको आयोजना गर्ने, गोल्ड मेडल पाउने विद्यार्थीको छनोट गर्ने जस्ता कार्यविधिगत कुराहरू कहिले र कसरी गर्ने भन्ने विषय पनि विश्वविद्यालयको आन्तरिक व्यवस्थापकीय अधिकारको विषय हो । यस्ता कार्यविधिगत विषयसँग सम्बन्धित काम कारबाहीमा संविधान तथा प्रचलित कानूनको गम्भीर उल्लङ्घन भएको छैन भने रिट क्षेत्राधिकारबाट अदालतले हस्तक्षेप गरी यसो गर्नु वा त्यसो गर्नु भनी आदेश जारी गर्नु उपयुक्त नहुने।

अतः माथि विवेचित आधार कारण तथा यस अदालतबाट प्रतिपादित सिद्धान्तसमेतको परिप्रेक्ष्यमा शैक्षिक सत्र LLM Batch २०११-२०१३ का विपक्षी सुवास आचार्यले प्राप्त गरेको अङ्कको आधारमा निजलाई पूर्वाञ्चल विश्वविद्यालयको दीक्षान्त समारोहको लागि गोल्ड मेडलिष्टमा सिफारिस गरेको कार्यलाई अन्यथा मान्नुपर्ने अवस्थाको विद्यमानता देखिन नआएकोले निवेदन मागबमोजिमको आदेश जारी गरिरहनु परेन। रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः महेश खनाल

कम्प्युटरः अभिषेककुमार राय

इति संवत् २०७३ साल कात्तिक २३ गते रोज ३ शुभम्।

२

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०७१-CR-०८८०, जबरजस्ती करणी, तुलाराम गिरी वि. नेपाल सरकार

प्रहरी कार्यालयमा प्रतिवेदन दर्ता गराउनु अगाडि स.मु.स.ऐन, २०४९ को दफा ३ बमोजिम सूचना प्राप्त गरेको र सोही ऐनको दफा ४ बमोजिम प्रतिवादीलाई नियन्त्रणमा लिएको देखिन्छ । पीडितको स्वास्थ्य परीक्षण मिति २०७०।६।६ मा भएकोमा सोको भोलिपल्ट जाहेरी दिएको वा पीडितकी आमाले केही ढिलो जाहेरी दिएको कारणले कानूनबमोजिम भएका समस्त काम कारबाही निस्तेज र प्रभावशून्य हुने देखिँदैन । पीडितको तर्फबाट बाबुआमा कसैले जाहेरी नदिए पनि प्रहरी प्रतिवेदनसमेतका अन्य सूचनाका आधारमा मुद्दाको कारबाही हुने नै देखिएको र प्रमाणबाट कसुर स्थापित भएको अवस्थामा पीडकले उन्मुक्ति पाउनसक्ने अवस्था नहुने।

प्रमाण ऐन, २०३१ को दफा ९ अनुसार पक्षले व्यक्त गरेको कुनै कुरा निजका विरूद्ध प्रमाण लिन हुन्छ भन्ने उल्लेख भएको र प्रमाण ऐन, २०३१ को ९(२)(क) को (१) (२) र (३) प्रतिकुल नभएको अवस्थामा अर्थात् प्रतिवादीले आफ्नो कुरा व्यक्त गर्दा निज सचेत अवस्थामा थियो । निजलाई इच्छा विरूद्ध बयान गराइएको थिएन भन्ने कुरा पुष्टि भएको अवस्थामा प्रमाणमा लिन हुने।

प्रतिवादीले के कुन बाध्यताको कारण कसुर स्वीकार गर्नु परेको हो वस्तुनिष्ठ आधारमा खुलाएको पनि देखिँदैन । अनुसन्धानको बयान झुट्टा हो भन्ने प्रतिवादीले झुट्टा ठहर हुने आधार र कारण प्रस्तुत गर्नु

केही नगरी इन्कारी गरेको र प्रहरी प्रतिवेदन एवम् जाहेरी र प्रतिवादीको बयान मुताबिक वर्ष ८ कि पीडितको योनिको झिल्ली च्यातिएको छ, योनिमा लिङ्गको घर्षणको लक्षण पाइएको भन्ने इलाम अस्पताल इलाममा मिति २०७०।६।११ को स्वास्थ्य परीक्षण प्रतिवेदन छ। वर्ष ८ कि सामान्यतः नाबालिका माथि यौन हिंसा नभएको भए योनिको झिल्ली च्यातिने अवस्था नरहने र नाबालिगको योनिको झिल्ली च्यातिनु र निजको योनिमा लिङ्गको घर्षण भएको भन्ने स्वास्थ्य परीक्षण जबरजस्ती करणी गरेको भन्ने प्रतिवादीको मौकाको बयान समर्थिन भइरहेको देखिन आउने।

अबोध बालिकामाथि भएको यौनजन्य हिंसामा अनुसन्धानको कागज र अदालतको बकपत्रमा सामान्य अन्तर पर्‍यो वा भाषा प्रस्तुती शैलीसम्म केही फरक भई नमिलेको कारणबाट अन्य वस्तुनिष्ठ प्रमाणले प्रतिवादीको मौकाको साबिती बयान समर्थित भइरहेको अवस्थामा उल्लिखित बेहोराले मात्र प्रतिवादीलाई उन्मुक्ति दिन सकिने अवस्था देखिएन। मूलत: प्रतिवादी अनुसन्धानमा कसुर स्वीकार गरी गरेको बयान इच्छाविपरीतको हो भनी पुष्टि गराउन नसकेको र मिसिल संलग्न प्रमाणबाट अपराधको वारदात पुष्टि भइरहेको अवस्थामा प्रतिवादीको आधारहीन इन्कारी बयानको आधारमा मात्र अभियोग दाबीबाट उन्मुक्ति पाउनसक्ने अवस्था नदेखिने।

अभियोग दाबीबमोजिम जबरजस्ती करणीको महलको १ नं. बमोजिमको कसुर गरेको पुष्टि हुँदा प्रतिवादी पर्वत भन्ने तुलाराम गिरीलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(१) नं. बमोजिम दश वर्ष कैद हुने र पीडिताले प्रतिवादीबाट जबर्जस्ती करणीको महलको १० नं. बमोजिम क्षतिपूर्तिबापत रू. बीस हजारसमेत भराई लिने पाउने नै देखिन आएकोले सुरू तथा पुनरावेदन अदालतको फैसला मिलेकै देखिन आउने।

तसर्थ जबरजस्ती करणीको महलको १ नं. बमोजिमको कसुरमा प्रतिवादी पर्वत भन्ने तुलाराम गिरीलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(१) नं. बमोजिम दश वर्ष कैद हुने ठहराई पीडितले प्रतिवादीबाट जबर्जस्ती करणीको महलको १० नं. बमोजिम क्षतिपूर्तिबापत बीस हजारसमेत प्रतिवादीबाट भराई लिन पाउने ठहराई सुरू इलाम जिल्ला अदालतबाट मिति २०७१।१।१६ मा भएको फैसलालाई पुनरावेदन अदालत इलामबाट मिति २०७१।७।२ मा सदर हुने ठहर गरेको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: हर्कबहादुर क्षेत्री

कम्प्युटरः विकेश गुरागाईं

इति संवत् २०७३ साल कात्तिक २ गते रोज ३ शुभम्।

## इजलास नं. २

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०७१-CR-१५३३, ०७२-CR-०१०७, जबरजस्ती करणी, जगतबहादुर तामाङ बल वि. नेपाल सरकार र नेपाल सरकार वि. जगतबहादुर तामाङ बल

प्रतिवादीले सहमतीमा करणी भएको भने तापनि पीडित बोल्न, सुन्न नसक्ने अवस्थाको देखिएकोले निजले चिच्चाई, कराई प्रतिकार गरेको हुनुपर्छ भन्ने अवस्था छैन। बुझिएकी सुशीला प्रधानले मौकामा अफू पुग्दा प्रतिवादीले जबरजस्ती समाई करणी गरिरहेको र आफू पुगेको कारण प्रतिवादी सुरूवाल लिई भागी गएको तथा पीडित रोई रहेकी थिइन भनी कागज गरिदिएको देखिएको छ। उक्त कागजलाई निजको बकपत्रसमेतले समर्थन गरिदिएको देखिन्छ। बुझिएकी शान्ति श्रेष्ठसमेतले पीडितले प्रतिवादीले आफूलाई जबरजस्ती करणी गरेको भनी इशारा गरी भनेकी थिइन भनी कागज गरी अदालतमा बकपत्रसमेत गरी कागज व्यहोरा पुष्टि गरिदिएको अवस्था देखिएकोसमेतबाट प्रतिवादीले पीडित पालुङ "ख" लाई निजको मन्जुरी बेगर जबरजस्ती करणी गरेको पुष्टि भइरहेकोले निजलाई जबरजस्ती करणीको कसुरदार ठहर गर्ने गरी भएको पुनरावेदन अदालतको फैसलालाई अन्यथा भन्न नसकिने।

पीडकसँग प्रतिवाद गर्न नसक्ने स्थिति,

अवस्थाको महिलालाई उक्त नम्बरको व्यवस्थाले थप संरक्षण गर्न खोजेको भन्ने उल्लिखित वाक्यांशबाट स्पष्ट देखिन्छ । शारीरिक वा मानसिक अवस्थाबाटै जोखिमयुक्त अवस्थामा रहेका महिलाको सतित्वउपरको आक्रमणलाई सम्बोधन गर्न प्रस्तुत प्रावधानको व्यवस्था भएको र सामूहिक रूपमा जबरजस्ती करणी हुने अवस्थामा समेत थप सजायको व्यवस्था गरेको देखिएबाट आफूउपरको आक्रमणबाट स्वयम्लाई जोगाउन नसक्ने स्थितिको महिलालाई जबरजस्ती करणी गरेमा थप सजाय हुने, त्यस्तैगरी आफूलाई जबरजस्ती करणीको शिकार हुनबाट स्वाभाविक रूपमा बचाउन नसक्ने जोखिमयुक्त अवस्थाका अपाङ्गलगायत गर्भवतीसमेतलाई जबरजस्ती करणी गरेको अवस्थामा थप सजाय गर्ने भन्ने कानूनको मनसाय रहेको देखिने ।

सामान्य अपाङ्गको रूपमा लिइने हरेक व्यक्ति जबर्जस्ती करणीको स्वाभाविक रूपमा प्रतिकार गर्न नसक्ने प्रकृतिको अपाङ्ग ठहऱ्याई प्रतिवादीलाई थप सजाय गर्नु न्यायोचित नदेखिने तथा कानूनको आसयसमेत त्यस किसिमको नरहेको भन्ने मुलुकी ऐन, जबरजस्ती करणीको ३ क नम्बरको समुच्चा अध्ययनबाट समेत देखिएको अवस्थामा प्रतिवादीलाई थप सजाय नगर्ने गरी पुनरावेदन अदालतबाट भएको फैसलालाई समेत अन्यथा भन्न नसकिने ।

इजलास अधिकृत : सुमनकुमार न्यौपाने

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७४ साल कात्तिक ५ गते रोज १ शुभम् ।

## इजलास नं. ३

१

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०७१-CI-०४४१, निषेधाज्ञा, हिरापतिदेवी तेलिन वि. गारा खाँ थारू

मिसिल संलग्न रहेको नाता प्रमाणितको पत्रबाट प्रत्यर्थी / निवेदक गारा खाँ थारू मोही सरजुग खाँ थारूको एकासगोलको भाइ देखिएको र उक्त नाता प्रमाणितलाई पुनरावेदकले इन्कार गर्नसकेको देखिँदैन । सोही जग्गाको विषयमा यी पुनरावेदक प्रत्यर्थीहरूबीच भूमिसुधार कार्यालय बारामा मोही नामसारीको मुद्दा परी विचाराधीन रहेको भन्ने देखिन्छ । मोही नामसारी हुने नहुने विषयमा सोही मुद्दाबाट प्रमाण बुझी कारबाही किनारा हुने हुँदा उक्त मुद्दाको अन्तिम टुङ्गो नलाग्दासम्म निवेदन मागबमोजिम निषेधाज्ञाको आदेश जारी गरेको पुनरावेदन अदालत हेटौंडाको फैसला मिलेको देखिने ।

तसर्थ भूमिसुधार कार्यालय बारामा विचाराधीन रहेको मोही नामसारी मुद्दाको अन्तिम किनारा नलागेसम्म निवेदकलाई उक्त जग्गामा बाली लगाउन, बाली थन्काउन नरोक्नु र अरू कुनै किसिमको हस्तक्षेप नगर्नु नगराउनु भनी निषेधज्ञाको आदेश जारी हुने ठहऱ्याएको पुनरावेदन अदालत हेटौंडाको मिति २०७१।१।१० को फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत: आत्मदेव जोशी

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७३ साल फागुन १ गते रोज १ शुभम् ।

२

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७१-CI-०३७५, उत्प्रेषण, चन्दनारायण प्रसाद वि. दशरथचन्द नगरपालिका कार्यालय, बैतडीसमेत

कुनैपनि राष्ट्रसेवक कर्मचारीले आफ्नो पदको प्रकृतिअनुसार पालन गर्नुपर्ने कर्तव्य पालना नगरी अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ बमोजिम अनुचित कार्य गरेको देखिएमा सोही ऐनको १२क बमोजिम अख्तियार दुरूपयोग अनुसन्धान आयोगले विभागीय कारबाही गर्ने निर्देशन दिनसक्ने ।

पुनरावेदकले निजउपर विपक्षीहरूबाट एउटै कसुरमा दुईपटक कारबाही गर्ने गरी निर्णय भएको भनी दाबी लिएको भए तापनि मिसिल संलग्न कागजातहरू तथा लिखित जवाफबाट निजउपरको पहिलो कारबाही स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २२८ज बमोजिम कार्य सम्पन्न नहुँदै उपभोक्ता समितिको रोक्का राखिएको बैंक खाता फुकुवा गरी भुक्तानी दिई

पदीय दायित्व पूरा नगरेबापत सोही नियमावलीको नियम २२७क३ बमोजिम ५ वर्षसम्म बढुवा रोक्का गर्ने गरी गरिएको अवस्था देखिन्छ । त्यसैगरी निजउपरको दोस्रो कारबाही अख्तियार दुरूपयोग अनुसन्धान आयोग काठमाडौंको च.नं.१७९६ मिति २०७०।१०।७ को पत्रबमोजिम दशरथचन्द नगरपालिका वा.नं.११ मा सञ्चालित सत्पाली, खडेनी र बुड्डा सिंचाई आयोजना कार्यान्वयन गर्दा अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ को खण्ड ६ अनुसार आफ्नो कर्तव्य पालना नगरी अनुचित कार्य गरेको कसुरमा सोही ऐनको दफा १२क बमोजिम कारबाही गर्न निर्देशन भएअनुसार जिल्ला प्रशासन कार्यालय बैतडीको च.नं.१३७७ मिति २०७०।१२।३ को पत्रानुसार सुदूर पश्चिम सिंचाई विकास डिभिजन नं. ३ पाटन बैतडीको निरीक्षण प्रतिवेदनका आधारमा योजनाको कुल लागत रू.६० लाखमध्ये वास्तविक काम हुन गएको रू.५२,२१,२८८।६८ र काम नगरी बिल पेस गरी खर्च जनाएको रू. ७,७८,७०१।३२ हानि नोक्सानी हुन गएको देखिएकोले हानि नोक्सानी भएको उक्त रकम निवेदकबाट यथोचित समयभित्र कार्यालयको खातामा जम्मा गर्न भनी मिति २०७०।१२।४ मा निर्णय भएको देखिन्छ । यस अवस्थामा यी पुनरावेदकलाई विपक्षीहरूबाट दुईवटा भिन्नभिन्न कसुरमा भिन्नभिन्न ऐनबमोजिम कारबाही भएको देखिँदा एउटै कसुरमा २ पटक कारबाही गर्ने गरी निर्णय भएको हो भनी मान्न मिल्ने अवस्था नदेखिने ।

अतः निवेदन मागबमोजिम उत्प्रेषणको आदेश जारी गर्नुपर्ने मनासिब आधार निवेदकले देखाउन नसकेको हुँदा प्रस्तुत निवेदन खारेज हुने ठहर्छ भनी पुनरावेदन अदालत महेन्द्रनगरबाट भएको आदेशलाई अन्यथा भन्न नमिल्ने हुँदा सदर हुने ।

इजलास अधिकृत: अनुपमा पन्त

इति संवत् २०७४ साल माघ १० गते रोज १ शुभम् ।

३

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०६८-CR-०५१३, सरकारी छाप दस्तखत किर्ते, नेपाल सरकार वि. जोगिन्दर महतो कोइरीसमेत

पृथ्वीनारायण महतोको नाममा रहेका विभिन्न कित्ता जग्गाहरू रामसेवक महतोले नामसारी गरिलिने गरी निजहरू बीचमा भएको बेहोराको राजीनामा लिखत मालपोत कार्यालयमा पेससम्म भएको भन्ने देखिन्छ । त्यस्तो राजीनामाको लिखतले सम्बन्धित सरकारी निकायबाट कानूनी प्रक्रिया पूरा गरी पारित हुनुपूर्व सरकारी लिखतको मान्यता पाउन सक्दैन । प्रस्तुत मुद्दामा पारित हुनुपूर्व किर्ते गरेको भन्ने र पारित गर्न मालपोत कार्यालयमा पेस भएको हुँदा सो कागज सरकारी कागज हो भनी अभियोगपत्र दायर हुन आएको देखिन्छ । सो राजीनामा लिखतले वैधानिक मान्यता प्राप्त गरेको छैन र जाँचबुझपछि ठीक देखिएमा मात्र सो लिखत पारितयोग्य हुन जाने ।

लिखत मस्यौदा हुँदैमा वा सरकारी निकायमा पेससम्म हुँदैमा सरकारी लिखत हुने नभई सो हुनको लागि त्यस्तो लिखतले कानूनबमोजिमको प्रक्रिया पूरा गरेपछि मात्र सरकारी लिखतको मान्यता प्राप्त गरेको अवस्था हुन्छ । पारित भएर सरकारी कागजको मान्यता प्राप्त गरेपछि सरकारी कागजको रूपमा गणना हुने र सोपश्चात् मात्र त्यस्तो लिखत किर्ते हुने भएको हुँदा सो प्रक्रिया पूरा हुनुपूर्व नै विवाद उठी पारित हुन नसकेको सो लिखत सरकारी कागजको रूपमा मान्यता पाउन नसकिने अवस्थाको भएकोले त्यस्तो लिखतलाई सरकारी कागजको मान्यता नदिएको पुनरावेदन अदालतको फैसला मनासिब देखिने ।

तसर्थ उपर्युक्त प्रकरणहरूमा विवेचित आधार, कारण र प्रमाणहरूबाट प्रस्तुत मुद्दामा सरकारी कागज किर्ते ठहर गरेको सर्लाही जिल्ला अदालतको मिति २०६३।१२।२७ को फैसला उल्टी भई प्रतिवादीहरूले अभियोग दाबीबाट सफाई पाउने ठहऱ्याएको पुनरावेदन अदालत जनकपुरको मिति २०६६।९।९ को फैसला मनासिब देखिँदा सदर हुने ।

इजलास अधिकृत: आत्मदेव जोशी

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७३ साल फागुन ४ गते रोज ४ शुभम् ।

४

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०६९-CR-०५१२, डाँका चोरी, नेपाल सरकार वि. टेकबहादुर बोहरासमेत

प्रतिवादीहरू मध्ये गणेश लामा, अजय लामा र राजन लामा वारदात समयमा प्रहरी हिरासतमा रहेको भनी अदालतसमक्ष बयान गर्दा उल्लेख गरेको र उक्त कुरा २०६३।२।२२ मा वडा प्रहरी कार्यालय दरबारमार्गले बीर अस्पताललाई मेडिकल जाँचको लागि लेखेको पत्रबाट स्पष्ट हुन आउँछ । प्रतिवादीहरू सबैजना आरोपित कसुरमा इन्कार रही अदालतसमक्ष बयान गरेको पाइन्छ । प्रतिवादीहरूलाई मौकामा देख्ने र चिन्ने व्यक्ति सुमित्रा कार्की र बरामदी मुचुल्काका व्यक्ति अदालतमा आई बकपत्र गर्न नसकेबाट प्रतिवादीको मौकाको साबिती बयान र बरामदी मुचुल्का कुनै स्वतन्त्र प्रमाणबाट पुष्टि हुनसकेको देखिन नआउने ।

डाँका जस्तो गम्भीर र जघन्य प्रकृतिको अपराधमा अभियुक्तको कोरा साबिती अन्य स्वतन्त्र र वस्तुनिष्ठ प्रमाणबाट समर्थित नभइकन अकाट्य प्रमाणको रूपमा ग्रहण गरी कसुरदार ठहर गर्नु न्यायोचित हुँदैन । अतः प्रतिवादीहरूको मौकाको साबिती बयान र बरामदी मुचुल्का अन्य कुनैपनि स्वतन्त्र प्रमाणबाट पुष्टि हुन नसकेको हुँदा प्रतिवादीहरू टेकबहादुर बोहरा, राजन लामा (तामाङ), अजय लामा र गणेश लामालाई आरोपित कसुरबाट सफाई दिने गरी पुनरावेदन अदालतले गरेको फैसला मिलेको देखिन आउने ।

तसर्थ माथि विवेचित आधार र कारणबाट प्रतिवादीहरू टेकबहादुर बोहरा, राजन लामा (तामाङ), अजय लामा र गणेश लामाले अभियोग दाबीबाट सफाई पाउने गरी काठमाडौं जिल्ला अदालतबाट मिति २०६६।२।५ मा भएको फैसला सदर हुने ठहऱ्याएको पुनरावेदन अदालत पाटनको मिति २०६७।६।१३ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: आत्मदेव जोशी

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७३ साल फागुन ४ गते रोज ४ शुभम् ।

५

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७०-CR-०१४०, सरकारी छाप दस्तखत किर्ते, नेपाल सरकार वि. श्यामकुमार तामाङ

प्रतिवादीले मौकामा तथा अदालतमा आई बयान गर्दा चिनजानको मानिसले मिलाएर बनाइदिन्छु भनेकाले सक्कली नै बनाई दिएको होला भनी विश्वासमा परेको भन्नेसमेत बेहोरा लेखाएको देखिन आउँछ । उक्त अनुमतिपत्रमा निज प्रतिवादीकै फोटो टाँस भई निजकै सही परेको देखिएको अवस्थामा सरकारी छाप एवम् दस्तखत परी सबै रीत पुगेको लिखत सक्कली होला भनी भ्रम हुनु अस्वाभाविक पनि हुँदैन । विवादित उक्त सवारी चालक अनुमतिपत्र नक्कली भएको र सोमा यी प्रतिवादीको हस्ताक्षर तथा फोटो टाँसिएको तथा निजैले बोकी हिँडेको अवस्थामा बरामद भएकोबाट उक्त अनुमतिपत्र बनाउँदा प्रतिवादीको संलग्नता पुष्टि भए पनि सो निज आफैँले बनाई किर्ते गरेको भन्ने कुरा कहीँकतैबाट पुष्टि हुन आएको नदेखिएको यस्तो अवस्थामा निज प्रतिवादीलाई मतियारमा कसुरदार ठहर गरेको पुनरावेदन अदालतको इन्साफ न्यायसम्मत देखिन आउने ।

तसर्थ यी प्रतिवादीलाई किर्ते कागजको महलको ११ नं. अनुसार रू.२५।- जरिवाना र ६ महिना कैद गर्ने ठहऱ्याई काठमाडौं जिल्ला अदालतले मिति २०६६।१२।१२ मा गरेको फैसला सदर हुने ठहऱ्याएको पुनरावेदन अदालत पाटनको २०६९।७।१६को फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत: आत्मदेव जोशी

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७३ साल फागुन ४ गते रोज ४ शुभम् ।

६

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७२-CR-००१६, लागु औषध (ब्राउन सुगर), रामकुमार श्रेष्ठसमेत वि. नेपाल सरकार

प्रतिवादीहरूले मौकामा तथा अदालतसमक्ष बयान गर्दा आफूहरूले सेवन गर्नका लागि लागु औषध

ल्याएको हो भनी लागु औषध बरामद भएको कुरामा साबित रही बिक्री वितरणतर्फ इन्कार रही बयान गरेको पाइन्छ । निर्वाण फाउन्डेसन (Nirvana Foundation Group) को मिसिल संलग्न मिति २०६०।५।२७ को पत्र हेर्दा प्रतिवादीहरू मध्ये मुक्तिप्रसाद महतो मिति २०७०।१।५ देखि २०७०।४।५ सम्म र रामकुमार श्रेष्ठ मिति २०७०।१।५ देखि २०७०।४।५ सम्म उक्त ग्रूपको पुनर्स्थापना केन्द्र सुनवलमा उपचारको लागि बसेका भनी बेहोरा उल्लेख भएको पाइन्छ । यसबाट पनि यी पुनरावेदकहरू लागु औषध ब्राउन सुगरका सेवनकर्ता रहेको भन्ने कुरा मान्नुपर्ने ।

प्रतिवादीहरूको साथबाट बरामदी मुचुल्कामा उल्लिखित परिमाणको लागु औषधबाहेक सोको कारोबार वा बेचबिखन गर्न प्रयोग हुने कुनै पनि साधन वा औजार फेला परेको भन्ने देखिँदैन । दुईजना प्रतिवादीहरूको संलग्नता देखिने उक्त लागु औषधमा बरामद भएको परिणाम हेर्दा २ ग्राम ५३० मिलिग्राम मात्र देखिन्छ । यी पुनरावेदकहरू लागु औषध ब्राउन सुगर ओसारपसार कारोबार गर्ने व्यक्तिहरू हुन् भनी अभियोग लगाउने वादी पक्षले सोको प्रमाण पेस गरी दाबी प्रमाणित गराउन सक्नु पर्नेमा सोसँग सम्बन्धित कुनै पनि ठोस प्रमाण प्रस्तुत गर्नसकेको नहुँदा अभियोग दाबीबमोजिमको कसुर ठहर गरेको पुनरावेदन अदालत बुटवलको फैसला सो हदसम्म मिलेको देखिन नआउने ।

तसर्थ बरामद लागु औषधको मात्रासमेतको आधारमा बिक्री वितरणसमेततर्फ कसुरदार ठहर गरी प्रतिवादीहरूलाई जनही ५ वर्ष कैद र रू.५,०००।- जरिवाना हुने ठहर गरेको रूपन्देही जिल्ला अदालतको फैसला सदर हुने ठहऱ्याएको पुनरावेदन अदालत बुटवलको मिति २०७१।७।३ को फैसला मिलेको नहुँदा उल्टी भई प्रतिवादीहरूले उक्त बरामद लागु औषध सेवनको लागि खरिद गरी ओसारपसार र सञ्चय गरेको हुँदा निजहरूको उक्त कार्य लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(ङ) बमोजिमको कसुर स्थापित भएको हुँदा प्रतिवादी रामकुमार श्रेष्ठ र मुक्तिप्रसाद महतोलाई जनही एकएक वर्ष कैद सजाय हुने ।

बरामद मोटरसाइकल जफत हुनुपर्ने होइन भन्ने पुनरावेदन जिकिरतर्फ हेर्दा लागु औषध ब्राउन सुगर बरामद भएको लु.९प. २४८५ नं.को मोटरसाइकल प्रतिवादी रामकुमार श्रेष्ठले चलाएको र सोको पछाडि प्रतिवादी मुक्तिप्रसाद महतो बसेको भन्ने कुरा मिसिल संलग्न बरामदी मुचुल्का, प्रतिवेदक रामशंकर कोहारको बकपत्र एवम् प्रतिवादीहरूको मौका तथा अदालतसमक्षको बयानबाट पुष्टि भइरहेको पाइन्छ । यसबाट उक्त मोटरसाइकल लागु औषधको ओसारपसार एवम् सञ्चय गर्नमा प्रयोग भएको भन्ने कुरामा कुनै आशङ्का देखिँदैन । लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १८ मा यस ऐनअन्तर्गत सजाय हुने अपराधसित सम्बन्धित सबै लागु औषध तथा त्यस्तो लागु औषध निर्माण वा उत्पादन गर्न प्रयोग गरिएका सबै मालसामान तथा यन्त्रहरू जफत हुनेछन् र त्यस्तो लागु औषध राखी ओसारपसार गर्न प्रयोग गरिएका रेल तथा हवाइजहाजबाहेक जुनसुकै सवारीसमेत जफत हुनेछ भन्ने कानूनी व्यवस्था रहेको परिप्रेक्ष्यमा उक्त मोटरसाइकल जफत गर्ने हदसम्मको पुनरावेदन अदालतको फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत: आत्मदेव जोशी

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७३ साल फागुन १९ गते रोज ५ शुभम् ।

७

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७२-CI-०२८८, निषेधाज्ञा, धनबहादुर घिमिरे वि. प्रदिपकुमार प्रसाईंसमेत

ठोसरूपमा कुनै स्पष्ट तथ्य उल्लेख नै नगरी भाइसँगको लेनदेनको विषयमा आफूलाई धाक, धम्की दिएको भनी निवेदनमा उल्लेख मात्र गरेको अवस्थालाई निवेदकउपर गैरकानूनीरूपमा धर पकड गर्ने, कब्जा गर्ने कागज गराउने आंशका रहेको भनी अनुमान गर्न नमिल्ने भएकोले ठोस तथ्ययुक्त आधारबेगर निषेधाज्ञाको आदेश

जारी गर्नुपर्ने अवस्थाको विद्यमानता नदेखिएको हुँदा निवेदन खारेज गर्ने गरी भएको पुनरावेदन अदालत पाटनको मिति २०७१।११।२० को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : सुमनकुमार न्यौपाने

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७४ साल असार २० गते रोज ३ शुभम् ।

८

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७०-CI-०७४३, निषेधाज्ञा, इन्द्रबहादुर थापा क्षेत्रीसमेत वि. ए वन सेभिङ्ग एण्ड क्रेडिट सहकारी लिमिटेडसमेत

मिसिल संलग्न धितो कर्जाको लिखतमा यी निवेदकमध्ये धनबहादुर थापा साक्षी बसेकोसमेत देखिएको छ । यसबाट ऋण लिएको विषयमा तत्काल निजलाई थाहा नभई हाल आएर मात्र थाहा भएको भन्ने निजको भनाई खण्डित भइरहेको देखिनुका साथै निजले तथ्य लुकाई सफाहात नलिई अदालत प्रवेश गरेकोसमेत देखियो । ऋण चुक्ता नगरेको भन्नेमा निवेदकहरू समेत सहमत देखिएका छन् । ऋण लिँदा भएको कागजको सर्त बन्देज उल्लङ्घन गरी लिलाम प्रक्रिया सुरू भएको भन्नेसमेत निवेदन बेहोराबाट देखिन आएको नपाइने ।

प्रस्तुत अवस्थामा उल्लिखित विषयका सम्बन्धमा काठमाडौं जिल्ला अदालतमा लिखत बदर, जालसाजीसमेतका मुद्दा दायर भइरहेको भन्ने निवेदन / पुनरावेदन लेखनबाट देखिएको र बैंकले थालेको लिलामीको प्रक्रिया लिखतको सर्तविपरीत भएको भन्नेसमेत नदेखिएको स्थितिमा निवेदन मागबमोजिम निषेधाज्ञाको आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता नरहेकोले निवेदन खारेज गर्ने गरी भएको पुनरावेदन अदालत पाटनको मिति २०६९।११।३० को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: सुमनकुमार न्यौपाने

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७४ साल असार २० गते रोज ३ शुभम् ।

९

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७२- CR-११७७, कर्तव्य ज्यान, ललित खत्री वि. नेपाल सरकार

किटानी जाहेरी, जाहेरवाला र बुझिएका मानिसहरूको अनुसन्धान अधिकारी र अदालतमा समेत भएको बकपत्र, मृतकको भेटिएको कंकाल र त्यसको फोटो तथा प्रतिवादी ललित खत्रीले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको सावितीलाई स्वीकार गरी आफूले ढुङ्गा तथा लात मुक्काले हानी मृतक ललित सापकोटाको मृत्यु भएको हो भनी सुरू अदालतमा गरेको बयानसमेतबाट यी प्रतिवादीले गरेको कसुर मुलुकी ऐन ज्यानसम्बन्धी महलको १३(३) अन्तर्गतको पर्ने देखिएकाले प्रतिवादीलाई सोही नं. १३(३) बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ।

मृतक र प्रतिवादी नाताका व्यक्ति भएका, निजहरूबीच पूर्वरिसइवी नभएको तथा दुवै जना ढुङ्गा हानाहान खेल्दा प्रतिवादीले हानेको ढुङ्गाले लागी मृतक बेहोस भएको देखिई प्रतिवादी आत्तिएको र आत्तिएको अवस्थालाई नियन्त्रण एवम् उचित व्यवस्थापन गर्न नसकी मृतकलाई लात मुक्कासमेतले प्रहार गरी प्रस्तुत वारदात घटित हुन गएको अवस्थालाई गम्भीररूपमा मनन गर्दा यी पुनरावेदक प्रतिवादी ललित खत्रीलाई सर्वस्वसहित जन्मकैद गर्दा चर्को पर्न जाने देखिई मुलुकी ऐन अ.बं. १८८ नं. बमोजिम १०(दश) वर्ष कैद गर्नु नै उपयुक्त हुने ।

अतः उल्लिखित तथ्य, आधार र कारणसमेतबाट प्रस्तुत मुद्दामा पुनरावेदन अदालत सुर्खेतले मिति २०७२।५।२८ मा यी पुनरावेदक प्रतिवादीलाई सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर गरी मुलुकी ऐन अ.बं. १८८ नं. बमोजिम १०(दश) वर्ष कैद हुने गरी व्यक्त गरेको राय मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः उद्धवप्रसाद गजुरेल

कम्प्युटर: रमेश आचार्य

इति संवत् २०७४ साल पुस २३ गते रोज १ शुभम् ।

**इजलास नं. ४**

१

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७०-CR-०७४७, कर्तव्य ज्यान, प्रकाश तामाङ वि. नेपाल सरकार

मृतकको मृत्यु प्रतिवादी प्रकाश तामाङको चोटपिरले भएको तथा निज स्वयम्को अदालतसमेतमा भएको सबिती बयान तथा अन्य सम्बद्ध प्रमाणले पुष्टि भइरहेको देखिन्छ । तसर्थ, घटनास्थल प्रकृति मुचुल्का, मृतकको लासजाँच मुचुल्का, किटानी जाहेरी दरखास्त, मृतकको शव परीक्षण प्रतिवेदन, र प्रतिवादी प्रकाश तामाङको अनुसन्धान अधिकारीसमक्ष तथा सुरू अदालतमा गरेको साबिती बयानसमेतबाट यी पुनरावेदक / प्रतिवादी प्रकाश तामाङले बाँसको घनाले मृतक डिकबहादुर योन्जनको मानव शरीरको संवेदनशील अङ्ग टाउकोमा प्रहार गरेको चोटको कारणले मृत्यु हुन गएको पुष्टि हुन आएकोले यी प्रतिवादी प्रकाश तामाङले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. विपरीत सोही महलको १३(३) नं.को कसुर अपराध गरेको देखिन आउने ।

आवेशप्रेरित हत्या हुन ज्यान मार्नेसम्मको रिसइवी तथा मनसाय प्रतिवादीमा रहेको देखिनु हुँदैन, ज्यान मार्नको लागि कुनै पूर्वनियोजित योजना बनाएको देखिनु नपर्ने, कुनै कारणले उसै बखतमा उठेको रिसबाट कर्ता आवेशमा आई आत्मसंयम गुमाई नजिकमा रहेको साधारण लाठा, ढुङ्गा, लात र मुक्काले मात्र हिर्काएको देखिनुपर्ने ।

मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १४ नं. को व्यवस्था आवेशप्रेरित हत्या (Provocation Murder) को अवस्थामा मात्र आकर्षित हुने हुन्छ । सो कानूनी व्यवस्थाबमोजिमको जिकिर लिँदा उक्त घटना तत्काल उठेको रिस र सो रिस थाम्न नसक्ने अवस्थाको हुनुपर्ने ।

प्रतिवादी र मृतकबीच कुखुरा, बाख्राका सम्बन्धमा पुरानो रिसइवी रहेकोमा निज प्रतिवादी साबितै देखिन्छ । प्रतिवादी भिमबहादुरको मृतक तथा जाहेरवालाबीच वादविवाद भइरहेको अवस्थामा प्रतिवादी प्रकाश तामाङले बाँसको घनाले जाहेरवाला र मृतकलाई टाउकोमा प्रहार गरेको हो भनी वस्तुस्थिति मुचुल्काका व्यक्तिहरूले मौकामा लेखाएको समेत देखिन आयो। यसरी उल्लिखित आधार र प्रमाणको विवेचनाबाट मृतकको परिवार र प्रतिवादी भिमबहादुरको परिवारबीच साँधसिमानामा कुखुरा, बाख्रा पसेको विषयमा विवाद र झैझगडा हुने गरिरहेको वारदात मितिमा पनि सोही विषयमा जाहेरवाला र यी प्रतिवादी भिमबहादुरबीच वादविवाद भइरहेको अवस्थामा प्रतिवादी प्रकाश तामाङले पूर्वरिसइवीसमेत साँध्ने उद्देश्यले उक्त दिन बाँसको घनाले जाहेरवालालाई १ पटक र मृतकलाई पटकपटक प्रहार गरेको र सोही चोटका कारण मृतकको मृत्यु भएको भन्ने पोष्टमार्टम रिर्पोटसमेतले पुष्टि गरेको देखिन आएकाले सुरू जिल्ला अदालतले प्रतिवादी प्रकाश तामाङलाई आरोपित कसुर अपराध गरेकोले सर्वस्वसहित जन्मकैद हुने ठहऱ्याई गरेको फैसला सदर हुने ठहऱ्याई पुनरावेदन अदालत विराटनगरबाट मिति २०७०।१।३१ मा भएको फैसला मिलेकै देखिन आएकोले अन्यथा गर्नुपर्ने अवस्था देखिन नआउने ।

अतः माथि विवेचित आधार कारण र प्रमाणहरू समेतबाट यी पुनरावेदक / प्रतिवादी प्रकाश तामाङले मृतक डिकबहादुर योन्जनलाई पूर्वरिसइवी साँध्ने उद्देश्यले बाँसको घनाले संवेदनशील अङ्ग टाउकोमा पटकपटक प्रहार गरी मृत्यु भएको पुष्टि हुन आएकोले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. विपरीत १३(३) को कसुर अपराध गरेकोले सोही महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहऱ्याई सुरू मोरङ जिल्ला अदालतबाट मिति २०६९।१।३ मा भएको फैसला सदर हुने ठहऱ्याई पुनरावेदन अदालत विराटनगरबाट मिति २०७०।१।३१ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत: लोकबहादुर हमाल

इति संवत् २०७३ साल असोज ३० गते रोज १ शुभम् ।

२

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री मीरा खड्का,** ०७२-CI-०७११, उत्प्रेषण / परमादेश, बन्दीप्रत्यक्षीकरण, गुणाखर अधिकारी वि. पाल्पा जिल्ला अदालतसमेत

एकै घरका एउटा सदस्यका नाममा जारी भएको म्याद सोही घरका उमेर पुगेका अर्को सदस्यले रितपूर्वक बुझी लिएपछि सो मुद्दा परेको जानकारी मलाई थिएन भनी प्रतिवादीले उन्मुक्ति पाउने अवस्था हुँदैन । मुद्दा मुलतबीमा समेत रहेकोमा मिति २०६८।०२।१६ मा मुलतबीबाट जगाई पाल्पा जिल्ला अदालतबाट मिति २०६८।०३।२८ मा निज प्रतिवादी गुणाखर अधिकारीलाई मुलुकी ऐन, चोरीको महलको १४(४) नं. बमोजिम ७३,५००।– जरिवाना र कैद ६(छ) वर्ष हुने ठहरी फैसला भएकोमा सो फैसलाउपर यी प्रतिवादीको पुनरावेदन पर्ने अवस्था नभई फैसला कार्यान्वयनको सिलसिलामा कानूनबमोजिम कैदी पुर्जी दिई थुनामा राखेको देखिएबाट पुनरावेदन अदालत बुटवलबाट मिति २०७२।०३।१४ मा निवेदकको मागबमोजिमको उत्प्रेषण / परमादेश बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्नुपर्ने अवस्था नदेखिँदा रिट निवेदन खारेज हुने ठहऱ्याई भएको आदेश मिलेको देखिँदा अन्यथा गर्नुपर्ने अवस्था नदेखिने ।

पुनरावेदक गुणाखर अधिकारी वादी नेपाल सरकार प्रतिवादी यिनै पुनरावेदकसमेत भएको साधारण चोरी र डाँका मुद्दामा समेत रूपन्देही जिल्ला अदालतबाट मिति २०६६।११।२५ मा भएको फैसलाबमोजिम अघिल्लो मुद्दामा थुनामा रही आएको अवस्थामा पाल्पा जिल्ला अदालतबाट मिति २०६८।०३।२८ मा भएको फैसलाबमोजिम पछिल्लो मुद्दाको फैसलाबाट लागेको कैदको हकमा एकमुष्ट कैद गाभिई कैद असुल गर्नुपर्ने हुन्छ । पुनरावेदक / प्रतिवादी अघिल्लो मुद्दाबाट लागेको कैद भुक्तान भएपश्चात् पछिल्लो डाका चोरी मुद्दामा भएको फैसलाअनुसार लागेको कैदको सम्बन्धमा मुलुकी ऐन, दण्ड सजायको ४१ नं. आकर्षित हुने नदेखिने ।

अतः माथि विवेचित आधार, कारण र प्रमाणहरू समेतबाट यी पुनरावेदक / निवेदक गुणाखर अधिकारीलाई मुलुकी ऐन, चोरीको महलको १४(४) नं. बमोजिम रू.७३,५००।– जरिवाना र कैद वर्ष ६(छ) हुने ठहरी पाल्पा जिल्ला अदालतबाट मिति २०६८।०३।२८ मा भएको फैसलाउपर पुनरावेदन पर्ने अवस्था नभई उक्त फैसला कार्यान्वयनको सिलसिलामा बेरूजु लगत कानूनबमोजिम कैदी पुर्जी दिई निज निवेदक गुणाखर अधिकारीलाई थुनामा राखेको देखिँदा निवेदकको मागबमोजिमको उत्प्रेषण / परमादेश बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्नुपर्ने अवस्था नदेखिँदा रिट निवेदन खारेज हुने ठहऱ्याई पुनरावेदन अदालत बुटवलबाट मिति २०७२।०३।१४ मा भएको आदेश मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत: लोकबहादुर हमाल

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७३ साल असोज २ गते रोज १ शुभम् ।

३

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०६८-CR-००३४, कुटपिट अङ्गभङ्ग, नेपाल सरकार वि. भगेलु राउत अहिरसमेत

पीडित वचवा अहिरनीको छातीको दायाँ पट्टिको हड्डी पूर्णरूपमा जोडिएर निको भएको र बायाँ हात ८५ देखि ९० प्रतिशतसम्म निको भएको भन्ने नारायणी उपक्षेत्रीय अस्पतालको पछिल्लो परीक्षणबाट देखिँदा मुलुकी ऐन, कुटपिटको महलको उल्लिखित ६ नं.को व्यवस्था बेकम्मा पारी दिएको अवस्थामा मात्र जुलुमीलाई हुने सजायसम्बन्धी कानूनी व्यवस्था प्रस्तुत मुद्दामा आकर्षित हुने अवस्था नदेखिने ।

प्रमाणमा आएको वादी वचवा अहिरनी प्रतिवादी यिनै भगेलु राउत अहिरसमेत भएको संवत् २०६७ स.फौ. नं. २७० को कुटपिट मुद्दाको मिसिलबाट कुटपिटमा परिणत हुने ठहराएको सुरू पर्सा जिल्ला अदालतको फैसला सदर हुने ठहराई पुनरावेदन अदालत हेटौंडाको मिति २०६७।८।२१ को फैसलाबमोजिम पीडित पक्षले सुरू अदालत पर्सा जिल्ला अदालतमा उपस्थित भई मुद्दा सकार गरी कुटपिटतर्फ कारबाही चलाई पर्सा जिल्ला

अदालतबाट प्रतिवादीहरूलाई मुलुकी ऐन, कुटपिटको ९ नं. बमोजिम जनही दुई महिना कैद र एकहजार जरिवाना हुने ठहराई मिति २०६९।७।१४ मा फैसला भइसकेको उक्त प्रमाण मिसिलबाट देखिँदा अभियोग दाबीबमोजिम प्रतिवादीहरूलाई सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ प्रस्तुत मुद्दाको पीडितले साधारण कुटपिटमा मुद्दा सकार गरी कारबाही चली पर्सा जिल्ला अदालतबाट मिति २०६९।७।१४ मा प्रतिवादीहरूलाई कैद र जरिवानासमेत हुने ठहरी फैसला भइसकेको देखिँदा सुरू पर्सा जिल्ला अदालतबाट कुटपिटमा परिणत हुने ठहर गरेको फैसला सदर हुने ठहऱ्याइ पुनरावेदन अदालत हेटौंडाबाट मिति २०६७।८।२१ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: यमप्रसाद बास्कोटा

कम्प्युटर: मन्जिता ढुङ्गाना

इति संवत् २०७३ साल चैत १५ गते रोज ३ शुभम्।

## इजलास नं. ५

१

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री केदारप्रसाद चालिसे,** ०७२-CR-१७५८ र ०७२-CR-२११६, भ्रष्टाचार (रकम हिनामिना), हरिनारायण प्रसाद साह वि. नेपाल सरकार, नेपाल सरकार वि. हरिनारायण प्रसाद साह

मिसिल संलग्न कागजात हेर्दा गाउँ परिषद्को पहिलो बैठक बसी निर्णयसमेत भएको भन्ने खुल्न आएको पाइन्छ । दोस्रो पटक बैठक बसी छलफल हुँदाहुँदै मारपिट भएको कारण निर्णय हुन नसकेको भन्ने उजुरकर्ता वृजकिशोर मिश्रको बकपत्रबाट खुल्न आएको देखिँदा परिषद्को बैठक बसी सोका लागि भएको खर्चअनुसारको भुक्तानी रकमलाई भ्रष्टाचार गरेको भन्न मिल्ने नदेखिने।

सामाजिक सुरक्षा भत्ता र बालपोषणको भत्ता भुक्तानी भएकोमा सो भत्ता भुक्तानी लिने व्यक्तिहरूको तर्फबाट आफूहरूले भुक्तानी नपाएको भनी कतैबाट पनि उजुरी परेको पाइँदैन । प्रमाणको रूपमा रहेको बरैनिया गाउँ विकास समिति बाराको बैंक नगदी किताबमा रहेको विवरणबाट पनि उक्त रकम विभिन्न मितिमा वितरण भएको भन्ने देखिँदा सामाजिक सुरक्षा भत्ता र बालपोषण भत्ताको लागि भुक्तानी गएको रकम प्रतिवादीले हिनामिना गरेको भन्ने नदेखिने।

प्रतिवादीले अध्यक्षको जिम्मेवारी संहालेबापत सो व्यक्तिले पाउनेसरहको भत्ताको रूपमा भुक्तानी लिएको रू.५६,०००।- रकम प्रतिवादीले गैरकानूनी तबरबाट भुक्तानी लिएको भनी व्याख्या गर्न सकिएन । त्यस्तै दशैं खर्च दोहोरो गरी लिएको भन्ने पुनरावेदन जिकिरका सम्बन्धमा जिल्ला विकास समिति बाराले स्थानीय पर्वबापत १ महिनाको भत्ता लिने भनी निर्णय गरेकोमा सो निर्णयबमोजिम प्रतिवादीले अरू कर्मचारीसरह दसैं खर्चबापत रू. १५,३००।- रकम भुक्तानी लिएको देखिँदा उक्त रकम प्रतिवादीले बद्नियतपूर्वक भुक्तानी लिएको भन्न नमिल्ने।

स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ६३ अनुसारको प्रक्रिया अवलम्बन गरी सडक मर्मतका लागि उपभोक्ता समिति गठन गरी उपभोक्ता समितिलाई भुक्तानी दिएको रकम र शौचालय निर्माणका लागि स्थानीय संघ संस्थामार्फत गराएको कामका लागि भुक्तानी हुन गएको रकम प्रतिवादीले हिनामिना गरेको भनी अभियोग दाबी लिएकोमा सो रकम भुक्तानी लिने व्यक्ति र संस्थालाई बुझ्ने कार्यसमेत नगरी त्यस्ता व्यक्ति एवम् संस्थाउपर दाबीसमेत नलिएको अवस्थामा सो रकमलाई प्रतिवादीले बद्नियतपूर्वक मासी भ्रष्टाचार गरेको भन्न नमिल्ने।

अतः विवेचित तथ्य, कानूनी व्यवस्था र प्रमाणको आधारमा प्रतिवादीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम बिगो रू. ५३,०००।- (त्रिपन्न हजार) पुनरावेदक प्रतिवादी हरिनारायण प्रसाद साहबाट बरैनिया गाउँ विकास समितिलाई भराई निजलाई सोही ऐनको दफा ३(१) बमोजिम रू.

५३,०००।- (त्रिपन्न हजार) जरिवाना हुने र ऐ दफा ३(१) (ख) बमोजिम ४ (चार) महिना कैदसमेत हुने ठहर गरी विशेष अदालत काठमाडौंबाट मिति २०७२।१०।२८ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ।

उपरजिस्ट्रारः इन्दिरा शर्मा

कम्प्युटरः बासुदेव गिरी

इति संवत् २०७४ साल मङ्सिर १८ गते रोज २ शुभम् ।

२

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०७२-WO-१११९, उत्प्रेषण, चन्द्रमणी पौडेल वि. वाणिज्य तथा आपूर्ति मन्त्रालय, सिंहदरबारसमेत

नेपाल सरकारले आवश्यक पदार्थ नियन्त्रण (अधिकार) ऐन, २०१७ को दफा ३ र ८ ले दिएको अधिकार प्रयोग गरी जारी गरेको आदेशले गरेको स्पष्ट व्यवस्थाविपरीत विनियमावलीको व्यवस्था लागु हुन नसक्ने हुँदा आफ्नो आन्तरिक कार्यविधि व्यवस्थित र नियमित गर्न जारी हुने विनियमावलीको साहारा लिई आफूलाई प्राप्त नभएको अधिकार प्रयोग गर्न मिल्ने नदेखिने ।

रिट निवेदन दाबी एवम् प्रत्यर्थी आयल निगमको लिखित जवाफ बेहोरा, मिसिल संलग्न प्रत्यर्थी आयल निगमको पाथिभरा ग्याँस उद्योग प्रा.लि. लाई लेखेको मिति २०७२।९।१२ को पत्र एवम् पूर्वेली ग्याँस उद्योगलाई लेखेको मिति २०७२।८।२२ को पत्रसमेतबाट पेट्रोलियम तथा ग्याँस कारोबार (नियमन) आदेशको प्रस्ट कानूनी व्यवस्थाविपरीत प्रत्यर्थी आयल निगमले प्रत्यर्थी पूर्वेली ग्याँस उद्योग प्रा.लि. तथा पाथिभरा ग्याँस उद्योग प्रा.लि.लाई ग्याँस उद्योग निर्माणसम्बन्धी अनुमति प्रदान गरेको देखिएको हुँदा आफूलाई प्राप्त नभएको अधिकार प्रयोग गरी उक्त दुवै कम्पनीहरूलाई प्रत्यर्थी आयल निगमले मिति २०७२।९।१२ र २०७२।८।२२ को निर्णय एवम् पत्र र सोसम्बन्धी सम्पूर्ण काम कारबाही उत्प्रेषणको आदेशले बदर हुने ठहर्छ । साथै अब उप्रान्त प्रचलित कानूनले अधिकार दिएको विषयमा सचेत रही त्यस्तो क्षेत्राधिकारभित्रको कार्य आफैँ गर्नु गराउनु भनी प्रत्यर्थी आपूर्ति व्यवस्थापन तथा हित संरक्षण विभागका नाममा परमादेशको आदेशसमेत जारी हुने ।

इजलास अधिकृत: आत्मदेव जोशी

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७४ साल असार ७ गते रोज ४ शुभम् ।

३

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०६७-CI-०४६०, हक कायम, बुद्धमाया महर्जनसमेत वि. उत्तमलाल श्रेष्ठसमेत

मिति २०२७।९।२० को निर्णयबमोजिम नकबहील ७२३ हर्षमायाको नामको बकसपत्रबाट आएको भनी मिति २०२७।१०।७ मा बेखालाल श्रेष्ठको नाममा रै.नं. ३४०७ मा दर्ता भएको लगत मालपोत कार्यालयबाट मिति २०६६।६।२३ को पत्रसाथ प्राप्त भई मिसिल सामेल रहेको पाइन्छ । रै.नं. ३४०७ को लगत हेर्दा "भोल्को" भनी जनिएको देखिन्छ । प्रत्यर्थी प्रतिवादीले "धौको खला" उल्लेख गरी मोहीको नाममा रैकर हुने जग्गा भनी जिकिर लिएकोमा धौको खला जनिएको बिर्ता लगत देखाउन सकेको पाइँदैन । जग्गा खनजोत गर्ने व्यक्तिले नापी हुँदा फिल्डबुकमा हर्षमायाको जग्गा भनी लेखाएको बेहोरालाई स्वामित्वको निर्धारक प्रमाणको रूपमा लिएको पुनरावेदन अदालतको फैसला न्यायसंगत देखिन आएकोले फिल्डबुकमा जग्गाधनीमा हर्षमाया जनिएको देखिएको र मिति २००२।९।२७ मा हर्षमायाले बेखालाललाई गरिदिएको शेषपछिको बकसपत्रको आधारमा बेखालालको नाममा रै.नं. ३४०७ मा रै.प.लगत कायम भई सो लगतमा उल्लिखित भोल्को भन्ने जग्गासँग विवादित कि.नं. १८८ को जग्गा भिड्ने देखिँदा दर्तावाला बेखालालका छोरा यी पुनरावेदक वादी उत्तमलाल श्रेष्ठसमेतको नाममा हक कायम हुने ठहऱ्याएको पुनरावेदन अदालतको फैसला मनासिब देखिने ।

तसर्थ हक कायम गरिपाउँ भन्ने वादी दाबी पुग्न नसक्ने ठहर गरी ललितपुर जिल्ला अदालतले मिति २०६४।३।१७ मा गरेको फैसला नमिलेकोले उल्टी भई वादी दाबीबमोजिम विवादित कित्ता नं.१८८ को जग्गामा

पुनरावेदक वादी उत्तमलाल श्रेष्ठसमेतको हक कायम हुने ठहऱ्याएको पुनरावेदन अदालत पाटनको मिति २०६६।१२।२२ को फैसला मिलेको देखिँदा सदर हुने।
शाखा अधिकृत: आत्मदेव जोशी
कम्प्युटर: बासुदेव गिरी
इति संवत् २०७४ साल पुस २ गते रोज १ शुभम्।

- यसै लगाउको ०६७-CI-०४५९, हककायम, *बुद्धमाया महर्जन वि. उत्तमलाल श्रेष्ठसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

४

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या. श्री सपना प्रधान मल्ल,** ०६८-CR-०८३९, ज्यान मार्ने उद्योग र कुटपिट अङ्गभङ्ग, नेपाल सरकार वि. मनकुमार तामाङसमेत

जाहेरवाली देवीमायाले आफ्नो जाहेरी दरखास्तमा यी यी प्रतिवादीहरूले यो यो कार्य गरी ज्यान मार्ने उद्योग गरेका हुन् भनी स्पस्टसँग खुलाउन सकेको देखिँदैन। प्रतिवादीहरू मध्येका मनकुमार तामाङ र रत्न ज्योती शेर्पाले अधिकार प्राप्त अधिकारीसमक्ष गरेको बयानमा आफूहरू सँगै रहेको भए तापनि घाइतेलाई कुट्ने काम आफूहरूले नगरेको भनी इन्कारी गरेका छन् भने यी सबै प्रतिवादीहरूले सुरू अदालतमा समेत कसुर इन्कार गरेको अवस्था छ। त्यसैगरी अनुसन्धानको अवस्थामा कागज गरी सुरू अदालतमा आई बकपत्र गर्ने धनकुमारी पाइम र मिलन राना मगरले अन्य प्रतिवादीलाई पोल गरे पनि यी प्रतिवादीहरूलाई पोल गर्नसकेको अवस्था छैन। यस अवस्थामा यी प्रतिवादीहरू मनकुमार तामाङ, रत्न ज्योती शेर्पा, चन्द्र लाल गुरूङ र बागविर पोमुले अभियोग दाबीबमोजिम वारदातमा संलग्न रही कसुर गरेको पुष्टि हुन आएको नदेखिने।

पीडितको ज्यान नै लिने गरी प्रतिवादीहरूको पूर्वमनसाय नरहेको, पीडितलाई लागेको चोटहरू ज्यान नै जाने खालको गम्भीर नभएको तथा तेस्रो पक्षको हस्तक्षेपको कारणले पीडितको ज्यान बच्न गएको अवस्था नरहेको समेतको कारण र आधारमा प्रस्तुत मुद्दाको वारदात ज्यान मार्ने उद्योग नभई कुटपिटको वारदात भएको तथा उक्त वारदातमा प्रतिवादीहरू मध्येका प्रकाश थलुङको मात्र संलग्नता रही अन्य प्रतिवादीहरू मनकुमार तामाङ, रत्न ज्योती शेर्पा, चन्द्र लाल गुरूङ र बागविर पोमुको संलग्नता नरहेको देखिँदा सुरू तेह्रथुम जिल्ला अदालतको फैसलालाई केही उल्टी गरी प्रतिवादीहरू मनकुमार तामाङ, रत्न ज्योती शेर्पा, चन्द्रलाल गुरूङ र बागवीर पोमुलाई अभियोग दाबीबाट सफाई दिने तथा प्रतिवादी प्रकाश थलुङको हकमा निजले ज्यान मार्ने उद्योगको कसुर गरेको नभई कुटपिटको कसुरसम्म गरेको देखिँदा सो हदसम्म उल्टी गरी सरोकारवाला गंगा मगरले सकार गरेमा सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २७ बमोजिम कुटपिटमा कारबाही चलाई फैसला गर्नु भनी सुरू अदालतमा पठाइदिने भनी गरेको मिति २०६८।५।२८ को फैसला मिलेकै देखिँदा सदर हुने।
इजलास अधिकृत: सन्देश श्रेष्ठ
कम्प्युटर: चन्दनकुमार मण्डल
इति संवत् २०७४ साल असोज २९ गते रोज १ शुभम्।

५

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०६९-CR-०१३९, जबरजस्ती करणी, नेपाल सरकार वि. श्रवणकुमार प्रधान

वादी नेपाल सरकारले अभियोगपत्र दायर गर्दाको बखत प्रतिवादी तथा निजको परिवारको साथमा यो यति सम्पत्ति छ र यति क्षतिपूर्ति पाउनु पर्छ भनी खुलाएको अवस्था छैन भने मुलुकी ऐन जबरजस्ती करणीको महलको १० ग नं.मा क्षतिपूर्ति भराउने प्रयोजनको लागि यस महलअन्तर्गतको मुद्दा दायर भएलगत्तै अदालतले आरोपित व्यक्तिको अंशलगायतका अन्य सम्पत्ति रोक्का राख्नु पर्नेछ भनी व्यवस्था भएकोमा सोबमोजिम प्रतिवादीको नाममा रहेको कुनै पनि सम्पत्ति रोक्कासमेत राखेको देखिँदैन। मिसिल संलग्न कागजातहरूको अध्ययन गर्दा नाबालक प्रतिवादीको नाउँमा कुनै पनि चल अचल सम्पत्ति रहेको नदेखिने।

अतः माथि विवेचना भएबमोजिम प्रतिवादीको

सम्पत्तिबाट पीडितलाई क्षतिपूर्ति भराइदिनु पर्ने कानूनी व्यवस्था रहेको र यी प्रतिवादी र निजको परिवारको नाउँमा चल अचल सम्पत्तिको सम्बन्धमा मिसिलबाट खुल्न नआएको तथा पीडितलाई क्षतिपूर्ति दिनको लागि नेपाल सरकारले क्षतिपूर्ति कोष खडासमेत गरेको नदेखिँदा क्षतिपूर्तितर्फ केही बोलिरहन नपर्ने भनी भएको सुरू बारा जिल्ला अदालतको फैसलालाई सो हदसम्म सदर कायम गरेको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६८।१२।१४ को फैसला मिलेकै देखिँदा सदर हुने।

क्षतिपूर्तितर्फ केही बोलिरहन नपर्ने भनी भएको सुरू बारा जिल्ला अदालतको फैसलालाई सो हदसम्म सदर कायम गरेको पुनरावेदन अदालत, हेटौंडाको फैसला सदर हुने ठहरे तापनि क्षतिपूर्ति पाउने पीडितको कानूनी अधिकार रहेकोमा प्रतिवादीको नाममा सम्पत्ति नरहेको र नेपाल सरकारले पीडितलाई क्षतिपूर्ति दिनको लागि कोषको स्थापना गरिनसकेको कारणले पीडितलाई क्षतिपूर्तिबाट वञ्चित गर्नु न्यायको रोहमा उपयुक्त हुने नदेखिँदा तथा नेपाल सरकार वि. शान्ति वि.क. (ने.का.प.२०७४, अङ्क ८, नि.नं.९८६८, पृ. १४७७) भएको मानव बेचबिखन तथा ओसारपसार मुद्दामा क्षतिपूर्ति पीडकले तिर्न नसकेमा राज्यले भर्नुपर्दछ र क्षतिपूर्ति पीडितले पाउने विषय हो भनी यसै अदालतबाट व्याख्यासमेत भइसकेको परिप्रेक्ष्यमा यी पीडितलाई नेपाल सरकार, सम्बन्धित महिला तथा बालबालिका कार्यालयमार्फत रू.५०,०००।- क्षतिपूर्ति दिनु भनी निर्देशनात्मक आदेश जारी हुने।

इजलास अधिकृत: सन्देश श्रेष्ठ

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७४ साल असोज २९ गते रोज १ शुभम्।

६

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०६९-CR-०८४७, ज्यान मार्ने उद्योग, नेपाल सरकार वि. पुष्प चौलागाईसमेत

वारदातमा पीडित स्वयम् समूहगत रूपमा वारदातस्थलमा उपस्थित रहेको देखिन्छ भने प्रतिवादी पुष्प चौलागाईउपर समेत आक्रमण भएको अवस्था देखिन्छ। त्यसैगरी प्रस्तुत मुद्दाको वारदातको सिलसिलेवाररूपमा विश्लेषण गर्दा प्रतिवादीहरूको ज्यान लिने पूर्वनियत वा मनसाय भएको देखिँदैन। समूहगतरूपमा दुवै पक्ष उपस्थित भई राजनीतिक विषयमा विवाद उत्पन्न भएकोमा उक्त वारदात भएको देखिन्छ। त्यसैगरी पीडित रामसिंह राईको घाउ जाँच केस फाराममा खुट्टा तथा हात सुन्निएको, शरीरभरी विभिन्न आकारको दाग चिह्नहरू रहेको भन्ने उल्लेख भएको देखिन्छ। उक्त चोटहरू पीडितको ज्यान नै जान सक्ने गम्भीर खालको भएको पनि देखिँदैन। यसरी पीडितको ज्यान नै लिनेसम्मको पूर्वयोजना र मनसाय नदेखिएको, पीडितको ज्यान नै जानेसम्मको चोटपटक लागेको अवस्था नरहेको तथा तेस्रो पक्षको हस्तक्षेपबाट पीडित बच्न गएको भन्ने तथ्य पुष्टि हुन नसकेको अवस्थामा प्रस्तुत मुद्दामा ज्यानसम्बन्धी महलको १५ नं. आकर्षित हुनसक्ने देखिन आएन। प्रस्तुत मुद्दाको वारदात ज्यान मार्ने उद्योग नभई कुटपिटको वारदात भएको देखिने।

वारदात कुटपिटको वारदात देखिएकोले सुरू भोजपुर जिल्ला अदालतको फैसलालाई उल्टी गरी प्रतिवादीहरूलाई आरोपित कसुरबाट सफाई दिने र प्रस्तुत मुद्दा सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २७ बमोजिम कुटपिटतर्फ परिणत गरी सरोकारवालाले कुटपिटतर्फ मुद्दा सकार गर्न चाहे यसै मिसिलबाट किनारा गर्नु भनी सुरू अदालतमा पठाइदिनु भनी गरेको पुनरावेदन अदालत, धनकुटाको मिति २०६९।६।१० को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: सन्देश श्रेष्ठ

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७४ साल असोज २९ गते रोज १ शुभम्।

७

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०६७-WO-०४९४, उत्प्रेषण / परमादेश, निरस राय यादवसमेत वि. अमिरी चौधरीसमेत

स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २४९ मा सम्बन्धित परिषद्बाट स्वीकृत गराई

स्थानीय निकायले आफूलाई आवश्यक पर्ने कर्मचारीको दरबन्दी सिर्जना गर्नसक्ने व्यवस्था गरेको पाइयो । स्वीकृत दरबन्दीमा पदपूर्ति समितिको सिफारिसअनुसार सम्बन्धित स्थानीय निकायको सचिवले स्थायी वा अस्थायी नियुक्ति दिने व्यवस्था स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २१६ मा रहेको पाइयो । होसनारायण यादवलाई स्थायी नियुक्ति गर्दा पदपूर्ति समिति गठन गरी पदपूर्ति समितिको सिफारिसमा नै नियुक्ति गरेको भन्ने निवेदन बेहोराबाट देखिन आउँछ। स्थानीय निकायको कुनै कर्मचारीलाई सेवाबाट हटाउने सजाय गर्दा ऐ.नियमावलीको नियम २३० अनुसार सम्बन्धित स्थानीय निकायलाई अधिकार दिएको र सो सजाय गर्दा ऐ. नियम २३१ को प्रक्रिया पूरा गर्नुपर्ने देखिने।

हरदिया गाउँ विकास समितिले कानूनी प्रक्रिया अवलम्बन गरी नियुक्ति गरेको कर्मचारीलाई अधिकारविहीन निकायले गैर कानूनी तवरबाट सेवाबाट हटाउने निर्णय गर्न मिल्दैन। त्यस्तै हरदिया गाउँ विकास समितिमा स्थायी नियुक्ति दिइएका विपक्षीमध्येका होसनारायण यादवलाई सो पदमा पुनस्थापित गरेको कार्यले निवेदकहरूको के कस्तो संवैधानिक एवम् कानूनी अधिकार हनन् हुन गएको हो भन्ने निवेदनमा खुलाउन नसकी रिट निवेदन दायर गर्नु पर्नाको प्रयोजन नै स्थापित गर्नसकेको नदेखिने।

अतः उल्लिखित तथ्य, प्रमाण एवम् कानूनी व्यवस्थासमेतको आधारमा प्रस्तुत रिट निवेदनको प्रयोजन नै नभएकोले निवेदन मागबमोजिमको आदेश जारी गर्न मिलेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

उपरजिस्ट्रारः इन्दिरा शर्मा

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७४ साल माघ २८ गते रोज १ शुभम्।

८

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या श्री बमकुमार श्रेष्ठ,** ०७३-WO-०२४८, उत्प्रेषण, लिलाप्रकाश सिटौला वि. बर्दिवास नगरपालिका कार्यालय, बर्दिवाससमेत

निवेदक कृषि विकास बैंकले पुनरावेदन अदालत जनकपुरबाट भएको निर्णयमा पुनरावेदन गर्न पाउने वैकल्पिक कानूनी व्यवस्था रहे भएको अवस्थामा सो बाटो छाडी असाधारण अधिकारक्षेत्र ग्रहण गरी प्रस्तुत रिट निवेदन परेको देखिन्छ। असाधारण अधिकारक्षेत्रको प्रयोग वैकल्पिक उपचारको व्यवस्था नभएको वा भए पनि अपर्याप्त वा प्रभावहीन भएको अवस्थामा मात्र आकर्षित हुन्छ। वैकल्पिक उपचारको बाटो रहेको अवस्थामा रिट क्षेत्राधिकार ग्रहण गर्न मिल्ने नदेखिने ।

अतः विवेचित तथ्य एवम् प्रमाणसमेतको आधारमा दाबीको जग्गाको सम्बन्धमा मिति २०६९।११।२९ मा भएको निर्णयसहितका काम कारबाही उत्प्रेषणको आदेशले बदर गरिपाउँ भनी परेको निवेदन मागबमोजिमको आदेश जारी गर्न मिलेन। रिट खारेज हुने।

उपरजिस्ट्रारः इन्दिरा शर्मा

इति संवत् २०७४ साल माघ २८ गते रोज १ शुभम्।

९

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या. श्री बमकुमार श्रेष्ठ,** ०७३-WO-०२५०, उत्प्रेषण / परमादेश, भोजराज भट्टराईसमेत वि. जिल्ला विकास समिति, काभ्रेपलाञ्चोक धुलिखेलसमेत

स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २०७ (१) मा "जिल्ला विकास समितिले ऐनको दफा २१५ बमोजिम देहायका वस्तुमा देहायको दरको कर लगाई असुलउपर गर्नसक्नेछ" भन्ने व्यवस्था रहेको र ऐ. उपनियमको (ख) मा "आफ्नो जिल्लाभित्र उत्पादन भई निकासी हुने अनुसूची –२३ को खण्ड (२) मा उल्लिखित वस्तुहरूमा सोही अनुसूचीमा तोकिएको दरको कर" भन्ने व्यवस्था रहेको पाइन्छ। उक्त कानूनी अनुसूची २३(२) मा उल्लेख भएका वस्तुको निकासी गर्दा निकासी कर लगाउन सक्ने नै देखिने।

स्थानीय स्वायत्त शासन ऐन, २०५५ तथा नियमावली, २०५६ मा ह्युम पाइपमा निकासी कर लगाउन पाउने भनी स्पष्ट व्यवस्था गरेको नदेखिँदा गिट्टी, बालुवा, ग्राभेल, स्लेट जस्ता वस्तुमा निकासी कर

लगाउन सकिने गरी व्यवस्था गरेकोले सोही प्रकृतिको ह्युम पाइपको निकासीमा समेत निकासी कर लगाउन मिल्छ भनी अनुमानका आधारमा व्याख्या गर्नु कानून व्याख्याको सिद्धान्तप्रतिकूल हुन जाने।

कानूनले आफ्नो जिल्लाभित्र उत्पादित वस्तु जिल्लाबाहिर निकासी गर्दा निकासी कर लगाउन पाउने गरी स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २०७ सँग सम्बन्धित अनुसूची २३को (२) मा विभिन्न वस्तुहरूलाई समावेश गरेको भए पनि सो वस्तुभित्र ह्युम पाइप परेको नदेखिँदा ह्युम पाइपमा निकासी कर लगाउने गरी विपक्षी राजस्व परामर्श समिति काभ्रेपलाञ्चोकबाट मिति २०७२।११।१२ मा भएको निर्णय सिफारिस र विपक्षी जिल्ला विकास समितिको मिति २०७२।११।२४को निर्णयलाई कानूनसम्मतको निर्णय भन्न सकिएन । त्यस्तै सो सिफारिस र निर्णयबमोजिम विपक्षीहरू जिल्ला विकास समितिको कार्यालय काभ्रेपलाञ्चोक र तीनपिप्ले निर्माण सेवाबीच भएको ठेक्का सम्झौताबमोजिम तीनपिप्ले निर्माण सेवाले रिट निवेदकहरूबाट उठाएको निकासी करलाई कानूनसम्मत रूपमा उठाएको मान्न नमिल्ने ।

अतः उल्लिखित तथ्य, प्रमाण र कानूनी व्यवस्थाको आधारमा कानूनमा स्पष्टसँग कर लगाउन पाइन्छ भनी उल्लेख नै नगरेको विषयमा निवेदकहरूसँग कर उठाउने गरी निर्णय गर्नु र कर उठाउने ठेक्का दिई कर उठाउनेसमेतको कार्यले कानूनी मान्यता नपाउने हुँदा विपक्षी राजस्व परामर्श समिति काभ्रेपलाञ्चोकको मिति २०७२।११।१२ को सिफारिस तथा जिल्ला परिषद्को मिति २०७२।११।२४ को निर्णय उत्प्रेषणको आदेशले बदर हुने ठहर्छ । उक्त सिफारिस र निर्णयको आधारमा विपक्षी जिल्ला विकास समिति र विपक्षी तीनपिप्ले निर्माण सेवाबीच भएको ठेक्का सम्झौताबमोजिम तीनपिप्ले निर्माण सेवाले रिट निवेदकहरूबाट उठाएको निकासी कर रू.१,३३,५७६।५५ र १३,१४६।२० गरी जम्मा रू. १,४६,७२२।७५ समेत निवेदक उद्योगहरूलाई फिर्ता दिनु र लगत राखेको करसमेत नउठाउनु भनी विपक्षीहरूका नाममा परमादेशसमेत जारी हुने।

उपरजिस्ट्रारः इन्दिरा शर्मा

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७४ साल माघ २८ गते रोज १ शुभम् ।

१०

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०६८-CI-१०२४, घर भत्काई खिचोला मेटाई चलन चलाई पाउँ, ठगु राना थारूसमेत वि. हरिलाल विश्वकर्मासमेत

वादी दाबीबमोजिम जग्गामा प्रतिवादीले बनाएको घर २०६३ सालमा मात्र बनेको भए सो घरको वरिपरि विभिन्न जातका हुर्कीसकेका रूखहरूको विद्यमानता रहनसक्ने देखिँदैन। प्रतिवादीहरूले २०२२ सालदेखि नै उक्त जग्गामा घर बनाई बसोबास भोगचलन गरी आएको भनी लिएको जिकिरलाई वादी पक्षबाट प्रमाण पेस गरी खण्डन गर्नसकेको समेत देखिएन । २०२२ सालदेखि नै प्रतिवादीहरूले वादीको उक्त कि.नं. ३७३ को जग्गामा घर बनाई बसेको भनी लिएको जिकिरलाई उक्त घरको वरिपरि विभिन्न जातका हुर्किसकेका रूखहरू रहेको भन्ने नक्सा मुचुल्काको कैफियत महलमा खुली आएको समेतबाट पुष्टि गरेको पाइने।

प्रतिवादीहरूले २०२२ सालदेखि नै घर बनाई बसोबास गरी आएको घरलाई २०६३।९।२९ मा बनेको भन्ने देखाई दिएको फिरादको आधारमा घरसमेत भत्काई चलन चलाउने गरी भएको सुरूको फैसलालाई सो हदसम्म बदर गरी भएको पुनरावेदन अदालत दिपायलको फैसलालाई अन्यथा भन्न नमिल्ने।

अतः उल्लिखित तथ्य एवम् प्रमाणबाट न.नं. ३ को घरबाहेक अन्य जग्गामा खिचोला ठहर गर्नुपर्नेमा सो घरसमेत उठाउने गरी भएको हदसम्मको सुरूको फैसला नमिलेको हुँदा घरबाहेकको जग्गामा खिचोला ठहर गरेको हदसम्म सुरूको फैसलालाई सदर गरी घरसमेत भत्काई चलन चलाई पाउने गरी भएको फैसलालाई सो हदसम्म उल्टी गरी पुनरावेदन अदालत दिपायलबाट मिति २०६८।३।७ मा भएको फैसला मिलेको देखिँदा सदर

हुने।

उपरजिस्ट्रार: इन्दिरा शर्मा

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७४ साल मङ्सिर ११ गते रोज २ शुभम्।

## इजलास नं. ६

१

**मा.न्या.श्री जगदीश शर्मा पौडेल र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७०-CR-०३३५, आगलागी, नेपाल सरकार वि. चन्द्रकान्त कुँवर।

चन्द्रकान्त कुँवरले घरमा आगो लगाएको हल्ला सुनी घटनास्थलमा गई बुझ्दा चन्द्रकान्त कुवरले आगो लगाई भागेको भन्ने बसुन्धरा राना, चोपबहादुर खड्का, लोकबहादुर बस्नेतसमेतले गरिदिएको वस्तुस्थिति मुचुल्कासमेतका कागजातबाट प्रतिवादी चन्द्रकान्त कुँवरले घरमा आगो लगाएको भन्ने प्रस्ट देखिन आउने।

सुरू मिसिल संलग्न प्रतिवादीका पिता रामबहादुर कुँवरको नाउँको ज.घ. प्रमाणपुर्जा रहेपनि प्रतिवादी चन्द्रकान्त कुँवर आफ्ना पिताबाट छुटी भिन्न भई अलग्गै बसिरहेको भन्ने कुनै प्रमाण मिसिल संलग्न रहेको नदेखिएबाट निज एकासगोलमा बसिरहेको भन्नेमा पनि विवाद नदेखिने।

प्रतिवादी चन्द्रकान्त कुँवरले मुलुकी ऐन, आगो लगाउनेको महलको ५ नं. मा उल्लेख भएबमोजिम अर्काको घरमा आगो लगाएको नभई स्वयम् आफूसमेत बस्ने एकासगोलको घरमा आगो लगाएको देखिँदा निजका हकमा उक्त दफा ५ आकर्षित हुनसक्ने देखिएन। सोही दफाको पहिलो वाक्यांशको दफा २ र ३ ले सजाय हुने अवस्थासमेत प्रस्तुत मुद्दामा विद्यमान रहेको छैन किनभने दफा २ र ३ समेत अर्काको घरमा आगो लगाएकै अवस्थामा मात्रै दफा आकर्षित हुने।

प्रतिवादी पतीराम चौधरीले अर्काको घरमा आगो नलगाई आफूसमेत बस्ने एकासगोलको घरमा आगो लगाएको र आगो लगाउनेको ५ नं. ले अर्काको घरमा आगो लगाएको भएमा मात्र सजाय हुने व्यवस्था गरेको देखिँदा प्रतिवादीले कसुर गरेको नठहऱ्याई अभियोगबाट सफाई दिने ठहऱ्याएको पुनरावेदन अदालत दिपायल मुकाम महेन्द्रनगरको फैसला मिलेकै देखिँदा वादी श्री ५ को सरकारको पुनरावेदन जिकिर पुग्न सक्दैन भनी, ने.का.प. २०५४ नि.नं. ६३३९ मा सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तसमेत प्रस्तुत मुद्दामा आकर्षित हुने। आफ्नै घरमा आगो लगाएको आधारबाट अभियोग दाबीबाट सफाई पाउने अवस्थामा क्षतिपूर्ति भराइदिने दाबीसमेत मनासिब देखिन नआउने।

अत: उल्लिखित नजिर सिद्धान्तसमेतका आधार प्रमाणहरूबाट प्रतिवादी चन्द्रकान्त कुँवर र निजका बुबा जग्गाधनी रामबहादुर कुँवर एकासगोलमै बसेका, निजले आफैँ घरमा आगो लगाएको भन्ने देखिएको र निजउपरको अभियोग दाबीलाई वादी पक्षले स्वतन्त्ररूपमा पुष्टि गर्न नसकिरहेको अवस्थामा प्रतिवादी चन्द्रकान्त कुँवरले अभियोग दाबीबाट सफाई पाउने भई आगोलागीको ५ नं. बमोजिम सजाय गरी ऐ. को १० नं. बमोजिम निजबाट क्षति भएको धनमाल भराइ पाउँ भन्ने अभियोग दाबी पुग्न नसक्ने गरी भएको गुल्मी जिल्ला अदालतको मिति २०६९।०१।१७ को फैसला सदर गर्ने गरेको पुनरावेदन अदालत बुटवलको मिति २०६९।६।२४ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: जगदीशप्रसाद भट्ट

कम्प्युटर: सञ्जय जैसवाल

इति संवत् २०७४ साल वैशाख ५ गते रोज ३ शुभम्।

२

**मा.न्या.श्री जगदीश शर्मा पौडेल र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०७३-WO-०४९१, उत्प्रेषण, त्रियुगी नारायण कुर्मीसमेत वि. शिक्षा मन्त्रालय, काठमाडौंसमेत

शिक्षा ऐनमा भएको नयाँ संशोधन विरूद्ध रिट निवेदकहरूको कुनै चुनौती रहेको देखिँदैन भने आफू संशोधित व्यवस्थाअनुसारको सदस्य रहेको भन्ने दाबी गर्नसकेको पनि देखिँदैन। विधायिकाले निर्माण गरेको कानूनलाई कार्यान्वयन गर्न शिक्षा मन्त्रालयको माननीय मन्त्री स्तरीय निर्णयलाई शिक्षा विभागले निर्देशनसम्म दिएको देखिने।

विधायिकालाई नयाँ कानून निर्माण गर्ने एकलौटी अधिकार (Legislative Right) रहेको र सोबमोजिम विधायिकाले आफ्नो Legislative

wisdom प्रयोग गरी कानून निर्माण गरेकोमा उक्त कानून संविधान विपरीत रहेको भनी सोलाई बदर नगरी उक्त कानून जीवित रहँदारहदै सो अन्तर्गतको कानूनी व्यवस्थालाई कार्यान्वयन गर्ने गरी भएका परिपत्रसमेतका निर्णय र पत्राचारलाई बदर गरिपाउँ भन्ने रिट निवेदनको कुनै अर्थ नहुने।

मिसिल संलग्न कागज प्रमाणहरू हेर्दा शिक्षा मन्त्रालय र विभागको निर्णयहरूले संशोधित व्यवस्था कार्यान्वयन गर्नेबाहेक अन्य केही गरेको देखिँदैन । विधायिकाले पुरानो कार्यकालका पदाधिकारीलाई बचाउने मनसाय राखेको पनि देखिँदैन । यदि व्यवस्थापिकाको त्यस्तो मनसाय रहेको भए Saving clause राखी सो सम्बन्धमा उल्लेख गरेको हुन्थ्यो । पुरानो व्यवस्थालाई निरन्तरता (Continuity) प्रदान नगरेको अवस्थामा विधायिकाले निरन्तरता प्रदान गर्न खोजेको भन्ने नदेखिँदा पदावधि समाप्त गर्न खोजेको अर्थमा बुझ्नु पर्ने।

नेपाल कानून व्याख्या ऐन, २०१० को दफा ४(क) ले "खारेज हुँदाको बखत चल्ती नभएको वा कायम नरहेको कुनै कुरा पनि जनाउँदैन" भनी कानूनी व्यवस्था गरेको देखिन्छ । यसरी कानून संशोधन हुँदा पुरानो पदाधिकारीहरूको सम्बन्धमा केही उल्लेख नगरेको अवस्थामा शिक्षा मन्त्रालयको मिति २०७३/३/२८ को निर्णय र सो आधारमा भएका परिपत्रसमेतबाट रिट निवेदकहरूको हक अधिकारमा आघात पुगेको भन्ने नदेखिएको हुँदा निवेदन मागबमोजिम उत्प्रेषणयुक्त परमादेशको आदेश जारी गर्न मिल्ने नदेखिने।

तसर्थ उल्लिखित आधार कारणबाट मिति २०७३/३/१५ मा विधायिकाले संशोधन गरेको शिक्षा ऐनको व्यवस्थालाई कुनै चुनौती दिन नसकेको अवस्थामा उक्त कानूनलाई कार्यान्वयन गर्नबाट रोक लगाउन मिल्ने अवस्था नदेखिँदा निवेदकहरूको मागबमोजिम उत्प्रेषण र परमादेशको आदेश जारी गर्न मिलेन । प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : कृतबहादुर बोहरा

कम्प्युटर : सञ्जय जैसवाल

इति संवत् २०७३ साल फागुन ३० गते रोज २ शुभम्।

## इजलास नं. ७

१

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०६९-CR-०७४२, कर्तव्य ज्यान, कृष्ण शर्मा तिवारी वि. नेपाल सरकार

प्रतिवादीले अदालतसमक्ष बयान गर्दा आरोपित कसुर गरेमा इन्कार भई बयान गरेको देखिन्छ। निजले आफ्नो पुनरावेदनमा निजको मौकाको साबिती प्रमाणमा लिन मिल्दैन भनी उल्लेख गरे पनि निजको भनाई के कुन आधार र कारणबाट प्रमाणमा लिन नमिल्ने हो सो उल्लेख गर्नसकेको पाइँदैन। निजको मौकाको बयानको स.ज. ११ मा निज प्रतिवादी कृष्ण तिवारीले आफ्नै स्वहस्ताबाट लेखी प्रश्नको जवाफ दिएको र सो जवाफमा यावत् घटना घटाइएको कारण उल्लेख गरी आफूले कर्तव्य गरी आफैँले जन्म दिएकी छोरीहरू नमुना र नबिना तिवारीलाई मारेको यथार्थ चित्रण गरी लेखिदिएको पाइन्छ। त्यस्तो लेखाई निजको इच्छाविपरीत थियो भनी अनुमान गरी सोलाई प्रमाणमा लिन मिल्दैन भन्नु कानूनसङ्गत नहुने।

प्रतिवादीले मौकामा बयान गर्दा कसुर गरेमा स्वीकार गरी बयान गरेको देखिएकोले उक्त बयान प्रमाण ऐन, २०३१ को दफा ९ बमोजिम प्रमाणमा लिन मिल्ने हुँदा मिसिल संलग्न रहेका प्रमाणका रूपमा पेस गरिएका पत्रपत्रिकाका कटिङ्गबाट समेत प्रतिवादीले आफूले गरेको अपराध सञ्चार माध्यमहरूमा समेत स्वीकार गरेको देखिएको र सो कुरालाई समर्थन गर्दै जाहेरवाला कपिलामणि र अन्य व्यक्तिहरूले गरिदिएको कागजसमेतबाट निजको मौकामा व्यक्त गरेको अभिव्यक्ति स्वतन्त्रतापूर्वक बिना धाकधम्कीबाट भएको नभई निजको स्वेच्छामा स्वस्फूर्त भएको भन्ने देखिएको र सो साबिती अन्य प्रमाणबाट पनि समर्थित भइरहेको देखिँदा आफूलाई डरत्रासमा पारी गराइएको भन्ने कुरा पुष्टि नहुँदा प्रमाणमा ग्रहण गर्न मिल्दैन भन्ने प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

प्रतिवादीकै भनाइबाट निजका छोरीहरू नमुना र नबिना तिवारीको अपहरण भएको भन्ने उल्लेख

भएको र पैसा लिएर आउने स्थान निजले भनेको भनी उल्लेख गरेको देखिएको अवस्थामा उक्त स्थान भक्तपुरमा नभेटिनु र निजले उक्त स्थानमा जान रूपैया झिकेको ठाउँ निजले प्रमाणित गर्न नसकेको र मौकामा नै अपहरणकारी भनी एका व्यक्तिहरूलाई आफ्नो फोन. नं. नदिई अर्कै फोन दिएको भनी भन्न नसकेको र मिसिल संलग्न प्रमाणहरूबाट मृतक नबिना र नमुनाको मृत्यु प्रतिवादीले मोदी खोलाको पुलबाट फाली दिएको कारणले भइसकेको भन्ने पुष्टि भएको र मिसिल संलग्न प्रमाणहरूबाट मृतकहरूको अपहरण नभई प्रतिवादीकै कर्तव्यबाट भएको प्रमाणित हुँदा उक्त जिकिरसँग पनि सहमत हुन नसकिने।

मिसिल संलग्न रहेको प्रतिवादीको मौकाको बयानबाट नै मृतकहरूको मृत्यु प्रतिवादीले साउन महिनाको रातको समयमा उर्लेको मोदी खोला भेलमा फाली भएको भनी जन्म दिने स्वयम् बाबुले स्वीकार गरेको र सोही तथ्य निजले मौकामा बयान गर्दा स्वहस्ता लिखितरूपले स्वीकार्दै जनमानस समक्ष पनि सोही कुरा स्वीकार गरेको मिसिलबाट देखिएको सोही कुरालाई आधार मानी स्वयम् प्रतिवादीको पिता रंगनाथ तिवारीले नातिनीहरूको मृत्युपर्यन्त गरिने संस्कारसमेत गरिसकेको स्थितिमा साउन महिनाको पानीको बढ्दो भेल भएको नदीमा रातको समयमा अबोध बालिकाहरूलाई फालेको हुँदा लास नभेटिएकै आधार मात्र प्रतिवादीले सफाई पाउनुपर्दछ भन्ने जिकिरसँग सहमत हुन नसकिने।

पुनरावेदक प्रतिवादी जो आफ्ना नाबालक बच्चाहरूको संरक्षक हो र निजले आफ्नो श्रीमती स्वदेशमा नभएको अवस्थामा निजले नै आफूले जन्म दिएका मृतक छोरीहरू नमुना र नबिना तिवारीलाई साउन महिनाको रातको अन्दाजी ११ बजेको समयमा उर्लंदो मोदी खोलाको भेलमा फाली कर्तव्य गरी मारेको कुरामा साबित भई अधिकार प्राप्त अधिकारीसमक्ष बयान गरेको र सोही कुरालाई मिसिल संलग्न रहेको मौकामा कागज गर्ने व्यक्तिहरूले उल्लेख गरिदिएको बेहोरा, जाहेरी दरखास्त, अदालतसमक्ष उपस्थित भई बकपत्र गर्ने कपिलामणि तिवारी, शेषकान्त तिवारी र सारदा तिवारीको बकपत्रसमेतका कागजातहरूबाट निर्विवादरूपले पुष्टि भएकोले प्रतिवादीले आफ्नो छोरीहरू नमुना र नबिना तिवारीलाई कर्तव्य गरी मारेको कुरा वस्तुनिष्ठ ढंगले प्रमाणित भएको अवस्थामा दाबी प्रमाणित भएको छैन भन्ने यी पुनरावेदक प्रतिवादीको जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ माथि विवेचित मिसिल संलग्न आधार प्रमाणहरूबाट प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको साबिती बयानमा उल्लिखित बेहोरा, जाहेरवाला कपिलामणि तिवारीको किटानी जाहेरी दरखास्त र सो बेहोरालाई समर्थन गर्दै निजले अदालतमा गरेको बकपत्रसमेतबाट प्रतिवादीले आफ्नो दुई छोरीहरू नमुना र नबिना तिवारीलाई मिति २०६८।४।१५ गते राति मोदी खोला पुलबाट मोदी खोलामा फाली कर्तव्य गरी मारेको भन्ने अभियोग दाबी पुष्टि भएको देखिँदा प्रतिवादी कृष्ण शर्मा तिवारीलाई अभियोग माग दाबीबमोजिम ज्यानसम्बन्धी महलको १ नं. को कसुरमा सोही महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद गर्ने गरी सुरू पर्वत जिल्ला अदालतबाट भएको फैसला सदर हुने भनी पुनरावेदन अदालत बागलुङबाट मिति २०६९।३।२५ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः मुकुन्द आचार्य

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०७४ साल असार १३ गते रोज ३ शुभम्।

२

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई,** ०७३-CR-०६१०, अवैध वन पैदावार ओसारपसार, नेपाल सरकार वि. अइन्द्रराज आङदेम्बेसमेत

सहप्रतिवादी लोकेन्द्र घिसिङले मौकामा अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा मैले अमृतबहादुर आङदेम्बे, इन्द्रनारायण आङदेम्बे, अम्बिका आङदेम्बे, सुरेन्द्र राज आङदेम्बे, खगेन्द्र आङदेम्बे, अइन्द्रराज आङदेम्बेहरूबाट प्रतिरूख ३०००।- का दरले खरिद गरी जगतबहादुर नेम्बाङलाई दिन उक्त रूखहरू काटेको हुँ भनी प्रतिवादीहरू खगेन्द्रबहादुर आङदेम्बेसमेतलाई पोल गरी बयान गरे तापनि सो पोल गरेको कुरा मिसिल संलग्न अन्य स्वतन्त्र प्रमाणहरूबाट समर्थित हुन आएको अवस्था छैन अन्य प्रमाणको अभावमा केवल पोल मात्रको आधारमा कसुर कायम गर्न मिल्ने नदेखिने।

पुनरावेदक प्रतिवादीहरू सुरू अदालतमा बयान गर्दा आरोपित कसुरमा इन्कार रही बयान गरेका छन । निज प्रतिवादीहरूबाट बरामदी मुचुल्कामा उल्लिखित वनपैदावर सल्ला जातको काठ पनि बरामद हुनसकेको छैन । वादीका साक्षीहरू रोमानन्द तिमिल्सिना र जयप्रसाद तुम्बापोले अदालतमा बकपत्र गर्दा यी प्रतिवादीहरूले बरामद भएको सरकारी वनको सल्ला जातको काठ काटी बिक्रीका लागी ओसारपसारसमेत गरेका हुन भनी भन्नसकेका छैनन् । प्रमाण ऐन, २०३१ को दफा २५ अनुसार प्रमाणको भार वादी पक्षमा रहने कानूनी व्यवस्था भएअनुसार प्रस्तुत मुद्दामा यी प्रतिवादीहरूउपर अभियोग दाबीको कसुर स्थापित गर्न ठोस वस्तुनिष्ठ प्रमाण पुऱ्याउन वादी नेपाल सरकारले नसकेको हुँदा निज प्रतिवादीहरूलाई अभियोग माग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

तसर्थ माथि विवेचित आधार र कारणहरूबाट सुरू पाँचथर जिल्ला अदालतको मिति २०७२।१।१७ को फैसला उल्टी गरी निज प्रतिवादीहरू अमृतबहादुर आङदेम्बे, इन्द्रनारायण आङदेम्बे, अम्बिका आङदेम्बे, सुरेन्द्रराज आङदेम्बे, खगेन्द्र आङदेम्बे, अइन्द्रराज आङदेम्बेसमेतलाई अभियोग दाबीको कसुरबाट सफाई दिने ठहऱ्याई गरेको पुनरावेदन अदालत इलामको मिति २०७३।१।२९ को फैसला प्रमाण मूल्याङ्कनको रोहमा मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: विदुरकुमार उपाध्याय
कम्प्युटर: सञ्जय जैसवाल
इति संवत् २०७४ साल जेठ २४ गते रोज ४ शुभम ।

३

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई,** ०७३-CR-०६१७, जबरजस्ती करणी, नेपाल सरकार वि. मोहनसिंह लिम्बूसमेत

जाहेरवाली परिवर्तित नाम ०८ परेवादिन (क) ले अदालतमा आई बकपत्र गर्दा स.ज.७ मा रक्सी राखेर ढोग्दासमेत प्रतिवादीहरूले कुटपिट गर्न खोजेकाले जिल्ला प्रहरी कार्यालय गएको हो भनेकी छन् भने सोही बकपत्रको स.ज.९ मा प्रतिवादीहरूले मलाई जबरजस्ती करणी गरेको होइन भनी बकपत्र लेखाइदिएबाट आफूले दिएको जाहेरी खण्डित भएको देखिने ।

मिसिल संलग्न प्रतिवादीहरूको मौकाको र अदालतको इन्कारी बयान, पीडिताको स्वास्थ्य परीक्षण प्रतिवेदनबाट जबरजस्ती करणी भएको भनी खुल्न नसकेको प्रतिवेदन, पीडिता स्वयम्ले जाहेरी बेहोरा खण्डित हुने गरी अदालतमा गरेको बकपत्र घटना विवरण र वस्तुस्थिति मुचुल्कामा कागज गर्ने वादी पक्षका साक्षीहरूबाट समेत प्रतिवादीहरूले पीडितालाई जबरजस्ती करणी गरेको होइन भनी लेखाइदिएको स्थिति तथा पीडिताको छोरी परिवर्तित नाम परेवादिन 'ख' समेतले अदालतसमक्ष स्वतन्त्ररूपले गरिदिएको बकपत्रलगायतका प्रमाण कागजहरूबाट यी प्रतिवादीहरूउपर लगाइएको अभियोग दाबीको कसुर स्थापित हुनसक्ने देखिन आएन । प्रतिवादीहरूले राँको माग्दा भएको गालीगलौजका कारण निज प्रतिवादीहरू विरूद्ध रिसइवी साँध्ने उद्देश्यले जाहेरी परेको देखिन आउने ।

जबरजस्ती करणी मुद्दामा पीडिता नै सर्वश्रेष्ठ प्रमाण हुने हुँदा निज पीडिता अदालतमा उपस्थित भई स्वयम्ले आफूउपर प्रतिवादीहरूबाट जबरजस्ती करणी नभएको भनी स्वतन्त्ररूपले बकपत्र गर्दागर्दै प्रतिवादीहरूउपर किटानी जाहेरी परेकै कारणले मात्र प्रतिवादीलाई दोषी करार गर्नु न्यायसम्मत हुँदैन । पीडिताको स्वतन्त्र बकपत्रलाई अन्यथा मान्न पनि सकिँदैन । अर्कोतर्फ पीडिताको बकपत्रलाई निजको स्वास्थ्य परीक्षण प्रतिवेदन र सो प्रतिवेदन लेख्ने चिकित्सकको बकपत्रबाट समेत पुष्टि भएको देखिँदा जबरजस्ती करणी जस्तो गम्भीर मुद्दामा केवल जाहेरीको भरमा मात्र कसुर भएको अनुमान गरी प्रतिवादीहरूलाई कसुरदार ठहर गर्नु फौजदारी न्यायको सर्वमान्य सिद्धान्त विपरीत हुने हुँदा प्रतिवादी मोहन सिंह लिम्बू र ओमप्रकाश लिम्बूले अभियोग दाबीबाट सफाई पाउने ।

तसर्थ माथि विवेचित तथ्य, आधार र कारणबाट यी जाहेरवाली तथा पीडिताले अदालतमा बकपत्र गर्दा जबरजस्ती करणी नभएको भनी बकपत्र गरेकी, पीडिताको स्वास्थ्य परीक्षण प्रतिवेदन तथा चिकित्सकको बकपत्रबाट जबरजस्ती करणी भएको भनी

यकिनसाथ भन्न नसकिने भनी उल्लेख भएको बेहोरा, प्रतिवादीहरू अनुसन्धान अधिकारी तथा अदालतमा समेत आरोपित कसुरमा इन्कार रही गरेको बयान, घटना विवरण तथा वस्तुस्थिति मुचुल्काका मानिसहरूले समेत पीडित र प्रतिवादीहरूबीच गालीगलौजसम्म भएको हो भनी अदालतमा आई बकपत्र गरिदिएको आधार र कारणहरूबाट सुरू धनकुटा जिल्ला अदालतले यी प्रत्यर्थी प्रतिवादीलाई कसुरदार ठहर गरी गरेको मिति २०७२।१२।११ को फैसला मिलेको नदेखिँदा उल्टी गरी प्रतिवादी मोहन सिंह लिम्बू र ओमप्रकाश लिम्बूलाई आरोपित अभियोगबाट सफाई दिने गरी भएको तत्कालीन पुनरावेदन अदालत धनकुटाको मिति २०७३।४।२६को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः विदुरकुमार उपाध्याय

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७४ साल जेठ २४ गते रोज ४ शुभम्।

४

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई,** ०६७-CI-१२६१, निर्णय दर्ता बदर हक कायमसमेत, सीताराम (योगजु) श्रेष्ठ वि. केवलप्रसाद (योगजु) श्रेष्ठ

जग्गाधनी दर्ता प्रमाण पुर्जा तथा मालपोत कार्यालयमा रहेको मोठ स्रेस्तामा संयुक्तरूपमा दर्ता रहेको जग्गा एक जनाको नाममा मात्र एकलौटी दर्ता कायम गर्दा अर्को दर्तावाला व्यक्तिलाई बुझ्नुपर्ने हुन्छ। मालपोत कार्यालय काभ्रेबाट वादीलाई बुझ्दै नबुझी एक जनाकै निवेदनको आधारमा एकलौटी दर्ता कायम गरिदिएको देखिन्छ । मालपोत कार्यालयबाट प्रत्यर्थी वादीलाई समेत झिकाई दुवै पक्षलाई जोडी आ-आफ्नो हकको जग्गा भनी दुवै पक्षले दाबी गरेको अवस्था भए सम्बन्धित अदालतमा गई हकबेहक छुट्याई ल्याउनु भनी सम्बन्धित पक्षहरूलाई मालपोत अधिकृतले सुनाई दिनुपर्ने भन्ने कानूनी व्यवस्था भएकोमा अर्को पक्षलाई नझिकाई एकतर्फीरूपमा सँयुक्त नाममा रहेको जग्गालाई एउटैको नाउँमा दर्ता नामसारी गरिदिने अधिकार मालपोत कार्यालयलाई रहेभएको नपाइने।

आफूलाई अधिकारै नभएको विषयमा प्रवेश गरी गरेका निर्णयले कानूनी बैधता प्राप्त गर्न नसक्ने भनी यस अदालतबाट धेरै मुद्दामा व्याख्या भई कानूनी सिद्धान्तसमेत प्रतिपादन भएका छन् । तसर्थ, उक्त विवादित जग्गा दुवै पक्षको संयुक्त नाउँमा भएकोमा दुवैको बराबर हक लाग्ने नै देखिने।

विवादित जग्गाको हक बेहकमा प्रश्न खडा भएमा सबुद प्रमाण बुझी निराकरण गर्नुपर्ने विषयमा मालपोत कार्यालयले अदालतमा पठाउनुपर्नेमा हक बेहकको प्रश्न समावेश भएकोमा अर्को पक्षलाई बुझ्दै नबुझी आफैँले सबुद प्रमाणको मूल्याङ्कन गरी अधिकारक्षेत्र ग्रहण गरी नाम संशोधनको निर्णय गरेको मालपोत कार्यालयको निर्णय सदर कायम गरेको काभ्रेपलाञ्चोक जिल्ला अदालतको फैसला मिलेको देखिएन। २०३५ सालमा नापी हुँदा मेरो नामको बीचमा केवल भनी विपक्षीको नाम घुसाएको सगोल भनी लेखेकै कारण विवादित जग्गामा विपक्षीको हक हुन नसक्ने भन्ने पुनरावेदन जिकिर भएकोमा केवलको नामसमेत जग्गाधनीमा लेखिएकोलाई पुनरावेदकले अन्यथा भन्न सकेको पाइँदैन । निजको नाम स्रेस्तामा उल्लेख भएपछि त्यो शब्द बिनाकारण लेखिएको हो र सो शब्दको कुनै अर्थ नै छैन भनी व्याख्या गर्न मिल्दैन। केवलको नामसमेत उल्लेख भई सगोल भनी लेखिएकोलाई निष्प्रयोजनको अर्थ गरी त्यसलाई प्रमाणको रूपमा नै ग्रहण नगर्ने भन्ने पुनरावेदन जिकिर स्रेस्तामा लेखिएका शब्दहरूको अपव्याख्या हुने अवस्थाको देखिन्छ । त्यस्तो एकाङ्की व्याख्यालाई स्वीकार गर्न नसकिने हुँदा दाबीको जग्गामा वादीको आधा हक कायम हुने ठहराई पुनरावेदन अदालत पाटनबाट भएको फैसला मिलेकै देखिँदा पुनरावेदक / प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अतः माथि उल्लिखित विवेचित आधार र प्रमाणसमेतबाट मालपोत कार्यालय काभ्रेपलाञ्चोकबाट मिति २०५०।१२।०२ मा भएको निर्णय सदर कायम गरेको काभ्रेपलाञ्चोक जिल्ला अदालतको मिति २०६४।२।२८ को फैसला मिलेको नदेखिँदा उल्टी भई दाबीको जग्गामा वादीको आधा हक कायम हुने ठहऱ्याई पुनरावेदन अदालत पाटनबाट मिति २०६६।१।७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः कोशलेश्वर ज्ञवाली

इति संवत् २०७४ साल मङ्सिर २६ गते रोज ३ शुभम्।

यसै लगाउको निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्

- ०६७-CI-१२६२, लिखत बदर, सीताराम (योगजु) श्रेष्ठ वि. सन्तोष श्रेष्ठ
- ०६७-CI-१२६३ र ०६७-CI-१३५०, लिखत बदर, सीताराम (योगजु) श्रेष्ठ वि. सन्तोष श्रेष्ठ र वंशीलाल सोजु श्रेष्ठ वि. सन्तोष श्रेष्ठ
- ०६७-CI-१२६४ र ०६७-CI-१३२०, लिखत बदर, सीताराम (योगजु) श्रेष्ठ वि. सन्तोष श्रेष्ठ र ज्यूमाया श्रेष्ठ वि. सन्तोष श्रेष्ठ
- ०६७-CI-१२६५, लिखत बदर, सीताराम (योगजु) श्रेष्ठ वि. सन्तोष श्रेष्ठ

५

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री अनिलकुमार सिंन्हा,** ०७२-CR-०३३२, जालसाजी, वविता कुमारी यादसमेत वि. कौशल किशोर यादवसमेत

कसैउपर फौजदारी अभियोग लगाउनु मात्र पर्याप्त आधार होइन सो अभियोग बिना अवरोध शङ्कारहित उचित तवरबाट पुष्टि गर्नुपर्ने हुन्छ । प्रमाण ऐन, २०३१ को दफा २५ मा वादी दाबी प्रमाणित गर्ने दायित्व वादी स्वयम्मा रहने व्यवस्था रहेबाट समेत प्रस्तुत मुद्दा २०६९/१०/२४ मा दर्ता गर्नुभन्दा अघि नै उल्लिखित २७ कित्ता जग्गा प्रतिवादी मध्यको लालबाबु राय यादवको आमा जाजकली देवीको नाममा पारित भई निजको मृत्युपछि वादी सरिता कुमारीको पति प्रतिवादी लालबाबु राय यादवको नाममा आए पछि वादी पुनरावेदकमध्येको सरिता कुमारीलाई हालैदेखिको बकसपत्र गरिदिएबाट समेत यी प्रतिवादी कौशल किशोर यादव र प्रतिवादी लालबाबु राय यादवले गरेको हक हस्तान्तरण सम्बन्धी कार्य वादीलाई थाहा जानकारी नभएको, निजहरूले जालसाजी गरे भन्ने दाबी विश्वसनीय शङ्कारहित तवरले प्रमाणित हुनसकेको नदेखिँदा शङ्काको सुविधा प्रतिवादीले पाउने नै देखिने ।

अतः उल्लिखित आधार र प्रमाणसमेतबाट सुरू सर्लाही जिल्ला अदालतबाट मिति २०६९।८।२५ मा जालसाजी ठहर गरेको फैसला उल्टी गरी वादी दाबी पुग्न नसक्ने गरी आरोपित कसुरबाट निज प्रतिवादीहरूले सफाई पाउने ठहऱ्याएको मिति २०७२।०२।०३ को पुनरावेदन अदालत, जनकपुरको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: गीता श्रेष्ठ

कम्प्युटर: अर्जुन पोख्रेल

इति संवत् २०७४ साल जेठ १० गते रोज ४ शुभम् ।

६

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७१-CR-०४६८, वैदेशिक रोजगारसम्बन्धी कसुर, नेपाल सरकार वि. रेनुमाया दर्नालसमेत

प्रमाण ऐन, २०३१ को दफा २५ ले फौजदारी मुद्दामा आफ्नो अभियुक्तको कसुर प्रमाणित गर्ने भार वादीको हुने भनी भएको व्यवस्थाअनुसार फौजदारी अपराधमा अभियोग लगाउन मात्र पर्याप्त हुँदैन आरोपित कसुर शङ्कारहित तवरले प्रमाणित पनि हुनुपर्दछ जुन प्रमाणित गर्ने भार वादीमा रहन्छ । प्रस्तुत मुद्दामा जाहेरी दर्खास्तकै आधारमा मात्र प्रतिवादीउपर मुद्दा चलाइएकोमा जाहेरवाली रजनी सुनार स्वयम्ले वैदेशिक रोजगारमा जानको लागि रकम लेनदेन गरे भएको होइन, निज प्रतिवादीहरूले अभियोग दाबीबमोजिम कसुर गरेको होइन भनी गरेको बकपत्रसमेतबाट निज प्रतिवादीहरूउपर वादी नेपाल सरकारले लगाएको अभियोग दाबी शङ्कारहित तवरले पुष्टि भएको नदेखिने ।

अतः उल्लिखित आधार र प्रमाणसमेतबाट निज प्रतिवादीहरूले वादी दाबीअनुसारको कसुर गरेको प्रमाणित गर्नसकेको नदेखिँदा निज प्रतिवादी रेनु दर्नाल र प्रतिवादी सुकराम तामाङले आरोपित कसुरबाट सफाई पाउने ठहऱ्याई भएको मिति २०७१।०१।२९ को वैदेशिक रोजगार न्यायाधिकरणको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: गीता श्रेष्ठ

कम्प्युटर: अर्जुन पोख्रेल

इति संवत् २०७४ साल जेठ १० गते रोज ४ शुभम् ।

७

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७०-CR-१२०७, ०७०-CR-१२९१

र ०७०-CR-१३०५, कर्तव्य ज्यान तथा ज्यान मार्ने उद्योग, लालकुमार तामाङ वि. नेपाल सरकार, नेपाल सरकार वि. पाल्देन लामासमेत र रामेश्वर श्रेष्ठ वि. नेपाल सरकार

प्रतिवादीहरू गणेश लामा, अमृतमान लामा, जितेन्द्रमान तामाङ र विष्णु लामा भन्ने विष्णु तामाङको हकमा हेर्दा, निज प्रतिवादीहरूले उक्त घटना वारदातस्थलमा आफूहरूको कुनै किसिमको उपस्थिति नरहेको भनी इन्कार रही बयान गरेको पाइन्छ । निजहरूका साक्षीसमेतले निजहरूको सो इन्कारी बयान बेहोरालाई समर्थन हुने गरी अदालतसमक्ष आई बकपत्र गरिदिएको देखिन्छ । यी प्रतिवादीहरूको सो वारदातमा संलग्न भएको भन्ने दाबी नै नरहेको र प्रतिवादी गणेश लामालाई सुरू अभियोगमै ज्यानसम्बन्धी महलको १७(३) को दाबी लिएको देखिएको र अन्य प्रतिवादीहरूको हकमा सुरूको अभियोगपत्रमा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७(१) को दाबी लिएपनि पूरक अभियोगमा सोही महलको १७(३) नं. को दाबी लिई अभियोग पेस हुन आएको देखिन्छ । उक्त घटना वारदातमा निज प्रतिवादीहरूको कसको कुन किसिमले उपस्थिति रहेको भनी मौकामा कागज गर्ने व्यक्तिहरूले कागज गर्दा खुलाउन नसकेको र प्रतिवादी गणेश लामा र विष्णु लामासमेत सो घटना समयमा विदेश दुवईमा रहेको भनी निजहरूले बयान गर्दा उक्त कसुरमा इन्कार रही बयान गर्नुका साथै निजहरू अन्यत्र विदेश रहेको कुराको सम्बन्धमा निजहरूको पासपोर्ट, भिसा एवम् Departure report समेतबाट उक्त घटना घटिसकेपछि मात्र दुवईबाट फर्की आएको भन्ने देखिन्छ । निजहरूका इन्कारी बयानलाई निजहरूका साक्षीहरूको बकपत्रबाट समर्थन भएको देखिन्छ । यी प्रतिवादीहरू गणेश लामा र विष्णु लामा उक्त घटना वारदातमा अन्यत्र विदेश रहेको कुरा पुष्टि भई निजहरूको सो घटना वारदातमा कुनै किसिमले संलग्नता रहेको भन्ने मिसिल संलग्न कागजबाट नदेखिने ।

निज प्रतिवादीहरू गणेश लामा, विष्णु लामा, अमृतमान लामा र जितेन्द्रमान तामाङ उक्त वारदात घटाउने कार्यमा संलग्न रहेको भन्ने कुरासमेत आफ्नो दाबी पुष्टि गर्ने दायित्व भएको वादी नेपाल सरकारले शङ्कारहित तवरबाट आफ्नो दाबी पुष्टि गर्न नसकेको स्थितिमा निज प्रतिवादीहरूलाई अभियोग दाबीबमोजिम कसुरदार ठहऱ्याई सजाय गरिनु पर्ने भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

तसर्थ, पुनरावेदन अदालत पाटनबाट मिति २०७०।५।२५ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः हिरा डंगोल

कम्प्युटरः अभिषेककुमार राय

इति संवत् २०७४ साल कात्तिक १९ गते रोज १ शुभम् ।

- यसै लगाउको ०७०-CR-१२८८, हातहतियार खरखजाना, नेपाल सरकार वि. विक्रम लामा (तामाङ)

८

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७२-CR-०९६९ र ०७२-CR-१०५९, हाडनाता जबरजस्ती करणी, पूर्णबहादुर अधिकारी वि. नेपाल सरकार र नेपाल सरकार वि. पूर्णबहादुर अधिकारी

प्रतिवादीले पीडितलाई जबरजस्ती करणी गरेको कुरा निजले प्रहरीमा गरेको बयान, पीडितको करणी भएको लक्षणहरू देखिएको भन्ने स्वास्थ्य परीक्षण प्रतिवेदन, पीडित स्वयंले आफूलाई प्रतिवादीले जबरजस्ती करणी गरेकै हो भनी किटानी पोल गरी प्रहरीमा कागज गरी अदालतमा आई गरेको बकपत्र, घटना घटेको तत्कालपछि घटनास्थलमा पुगी पीडितसँग कुरा गर्ने देवकी अधिकारी र बसुन्धरा अधिकारीले पनि वनमा पीडित र प्रतिवादीसँगै बसेको देखी पीडितलाई सोधपुछ गर्दा आफूलाई प्रतिवादीले जबरजस्ती करणी गरेको कुरा बताएकी र गाउँ समाज भेला गर्दा प्रतिवादीले कसुर स्वीकार गरेको भनी किटानी पोल गरी मौकामा कागज गरी अदालतमा समेत गरेको बकपत्र, घटना विवरणको कागज गर्ने पिताम्बर खाती र बलराम लामिछानेले गरेको बकपत्र, डाक्टर एन्जिला घिमिरेले पनि प्रतिवादीले आफैँले माघमा २ पटक करणी गरेको स्वीकारेका थिए, पीडितको स्वास्थ्य परीक्षण गर्दा बौद्धिक अपाङ्गता देखिएको थियो भनी अदालतमा आई गरेको बकपत्र र क्रमसङ्ख्या २९७२ बाट 'क' वर्गको पूर्ण अपाङ्गताको प्रमाणपत्र प्राप्त गरेको

महिला तथा बालबालिका कार्यालयबाट जारी भएको मिसिल संलग्न अपाङ्ग प्रमाणपत्रबाट समर्थित भएको देखिँदा पीडितको सहमति बिना यी प्रतिवादीले पूर्ण रूपमा अपाङ्ग भएकी परिवर्तित नाम शुक्लागण्डकी R लाई जबरजस्ती करणी गरेको तथ्य पुष्टि हुन आउने ।

विद्यमान कानूनी व्यवस्था र घटनाको समग्र परिस्थितिसमेतलाई विचार गरी हेर्दा यी प्रतिवादीलाई कानूनले निर्धारण गरेको न्यूनतम सजाय गरेमा पनि न्यायको उद्देश्य पूरा हुने भएकाले प्रतिवादीलाई मुलकी ऐन, जबरजस्ती करणीको ३ नं.को देहाय (५) बमोजिम पाँच वर्ष कैद र ऐ. ३ क. नं. बमोजिम थप पाँच वर्षसमेत गरी जम्मा १० (दश) वर्ष कैदको सजाय हुने साथै जबरजस्ती करणीको १० नं. बमोजिम क्षतिपूर्तिको समेत दाबी लिइएको हुँदा पीडितले सहनु परेको शारीरिक र मानसिक क्षतिका साथै कसुरको गाम्भिर्यतासमेतका आधारमा मनासिब क्षतिपूर्ति भराइदिनु पर्ने व्यवस्था गरेको छ । कुनै पनि महिलामाथि हुने जबरजस्ती करणी जस्तो गम्भीर अपराधले पीडित महिलामा हुने शारीरिक र मानसिक क्षतिको वास्तविक क्षतिपूर्ति सम्भव नै नहुने ।

प्रस्तुत मुद्दाका प्रतिवादी स्वयम् कृषि पेसा गरी जीवन निर्वाह गर्ने व्यक्ति हुन् भन्ने देखिए तापनि एउटी अपाङ्ग अवस्थाकी अविवाहित महिलामाथि जबरजस्ती करणी जस्तो गम्भीर कसुर भएको देखिँदा निजले भोगेको शारीरिक एवम् मानसिक पीडासमेतलाई मध्यनजर राखी पीडित शुक्लागण्डकी R लाई यी प्रतिवादीबाट रू. ५०,०००।– (पचास हजार रूपैयाँ) क्षतिपूर्ति भराइदिने ठहऱ्याई सुरू कास्की जिल्ला अदालतबाट भएको फैसला सदर हुने गरी पुनरावेदन अदालत पोखराबाट भएको फैसला मिलेकै देखिने ।

अतः माथि उल्लेखित विवेचित आधार र प्रमाणबाट प्रतिवादीलाई मुलकी ऐन, जबरजस्ती करणीको ३ नं.को देहाय (५) बमोजिम ५ (पाँच) वर्ष कैद र ऐ. ३ क. नं. बमोजिम थप ५ (पाँच) वर्षसमेत गरी जम्मा १० (दश) वर्ष कैदको सजाय हुने साथै पीडित शुक्लागण्डकी R लाई प्रतिवादीबाट रू. ५०,०००।– (पचास हजार रूपैयाँ) क्षतिपूर्ति भराइदिने ठहऱ्याई सुरू कास्की जिल्ला अदालतबाट मिति २०७२।०१।१० मा भएको फैसला सदर हुने गरी पुनरावेदन अदालत पोखराबाट मिति २०७२।०६।११ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः कोशलेश्वर ज्ञवाली

इति संवत् २०७४ साल मङ्सिर ४ गते रोज २ शुभम् ।

९

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०६९-CR-०४५६, ०६९-CR-०५७१ र ०७३-RC-०१४५, कर्तव्य ज्यान, नेपाल सरकार वि. लालमन घर्तीसमेत, भिमबहादुर घर्तीसमेत वि. नेपाल सरकार र नेपाल सरकार वि. बलमान घर्तीसमेत

प्रतिवादी विश्व पुन, भिमबहादुर, लालमानसमेत भई मृतक नारायण छन्त्याललाई मारेको भन्ने कुरा प्रतिवादीहरूको बयान, प्रत्यक्षदर्शी तथा बुझिएका व्यक्तिहरूको भनाइ, घटनास्थल तथा लास प्रकृति मुचुल्का, पोष्टमार्टम रिपोर्टबाट पुष्टि भइरहेको अवस्थामा निज पुनरावेदकहरूलाई कसुर कायम गरी सजाय भएको पुनरावेदन अदालत बागलुङको फैसला नमिलेकोले प्रतिवादीहरू विश्व पुन, भिमबहादुर, लालमान घर्तीले आरोपित कसुरमा सफाई पाउनुपर्दछ भन्ने निजहरूको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

प्रतिवादीहरू बलमान घर्ती, दलप्रसाद पुन, तमबहादुर रोका, दुर्गाबहादुर घर्ती, जीवन घर्तीले अधिकारप्राप्त अधिकारीसमक्ष आफूहरू सबै मिली मृतक नारायण छन्त्याललाई खुकुरी, बन्दुक, चिरपट दाउरा आदिले प्रहार गरेको भनी साबिती भई एक अर्काले पोल गरी बयान गरेको अवस्था छ । अदालतमा आई आफूहरू वारदात समयमा आफ्नै घरमा सुतेको, वारदातमा संलग्न नभएको भनी कसुरमा इन्कार रही बयान गरे तापनि निजहरू स्वयम्ले आफू घटनामा नरहेको प्रमाण गुजार्न नसकेको एवम् निजहरूका तर्फबाट रहेका साक्षीसमेतले यी प्रतिवादीहरू वारदात मितिमा घरमा थिए भनी बकपत्र गर्नसकेको अवस्था नहुँदा निजहरूको भनाई विश्वासलायक नदेखिने ।

प्रतिवादी तिर्थेन्द्र घर्तीले अदालतमा आई बयान गर्दा घटनाको दिन दिउँसो आफू फुपूको डेरामा बसेकोले आफ्नो कसुरमा संलग्नता नरहेको भनी इन्कारी बयान गरेको देखिन्छ । निजका साक्षी खप्रसादले

घटना घटेको दिन तिर्थेन्द्र दरवाङबाट हिँडेको भनी र निज प्रतिवादीकै अर्का साक्षी निर्मला पुनले प्रतिवादी तिर्थेन्द घटना घट्ने दिन बिहानै आफ्नो कोठा (म्याग्दी) मा ट्युसन पढ्नका लागि आएको थियो भन्ने बेहोराको बकपत्रबीच परस्पर तालमेल मिलेको नदेखिँदा निजहरूको बकपत्रबाट प्रतिवादीको कसुरमा संलग्नता नरहेको भन्ने भनाइ पुष्टि हुनसकेको अवस्था देखिँदैन। अन्य प्रतिवादीहरूले प्रतिवादी तिर्थेन्द्रसमेत मृतकलाई मार्नमा संलग्न भएको भनी अधिकारप्राप्त अधिकारीसमक्ष गरेको पोल, प्रतिवादीको वारदात समयमा आफू नभएको जिकिर पुष्टि भएको नदेखिएको र प्रतिवादी लालमानको बयान तथा प्रत्यक्ष देख्ने कमल, राजेन्द्रको बकपत्र, जाहेरवाला र महेन्द्रसमेतको बकपत्रसमेतबाट यी प्रतिवादी तिर्थेन्द्रसमेत वारदातमा संलग्न भएको देखिएकोले निजलाई समेत सजाय कायम गरी भएको पुनरावेदन अदालत बागलुङको फैसला मिलेकै देखिन आउने।

प्रतिवादीहरू भिम, लालमान, विश्व, जीवन, तमबहादुर, बलमान, दुर्गाबहादुर, दलप्रसाद र तिर्थेन्द्रसमेतले उक्त वारदातमा मृतकलाई सामूहिक रूपमा खुकुरी, चिरपट दाउराले प्रहार गरेको भन्ने देखिएको र मृतकको मृत्यु टाउकोको चोटबाट भएको भन्ने पोष्टमार्टम रिपोर्टबाट देखिए पनि मृतकको मृत्यु यसैको चोट, प्रहारबाट भएको भन्ने प्रमाण अभियोजन पक्षले प्रमाण ऐन, २०३१को दफा २५ बमोजिम गुजार्न नसकेको तर ज्यान मरेको अवस्था हुँदा फौजदारी मुद्दामा शङ्काको सुविधा अभियुक्तले पाउनेसमेत प्रचलनसमेतबाट प्रतिवादीहरू भिम, विश्व, लालमान, तमबहादुर, दुर्गाबहादुर, दलप्रसाद, जीवन, तिर्थेन्द्र, बलमानसमेतलाई मुलुकी ऐन ज्यानसम्बन्धी महलको १३(३) नं.को व्यवस्था "लाठा, ढुङ्गा र साधारण सानातिना हतियारले कुटी, हानी, रोपी, घोची वा अरू ज्यान मर्ने गैह्र कुरा गरी ज्यान मरेमा एकै जनाले मात्र  सो काम गरी ज्यान मारेमा सोही एक जना र धेरै जनाको हुल भई मारेमा यसैले मारेको वा यसको चोटले मरेको भन्ने प्रमाणबाट देखिन ठहर्न आएमा सोही मानिस मुख्य ज्यानमारा ठहर्छ त्यस्तालाई सर्वस्वसहित जन्मकैद गर्नुपर्छ, सोबाहेक अरूलाई र यसैले मारेको वा यसैका चोटले मरेको भन्ने कुरा सो हातहतियार छाड्ने कसै उपर कुनै प्रमाणबाट देखिने ठहर्न नआएमा सबैलाई जन्मकैद गर्नुपर्छ भन्ने कानूनी व्यवस्थासमेतबाट प्रतिवादीहरूलाई जन्मकैदको सजाय गर्ने गरी भएको फैसला मिलेको नै देखिँदा पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

प्रतिवादी प्रेमबहादुर घर्तीले अधिकारप्राप्त अधिकारी र अदालतमा समेत वारदात सम्बन्धमा घटनापछि मात्र थाहा पाएको, वारदात हुँदाको अवस्थामा आफू धनीराम पुनको घरमा भएको, उक्त बन्दुक ढोकाको चाबी तोडेर अनुमतिबिना लगिएको भनी यी प्रतिवादीले अधिकारप्राप्त अधिकारी तथा अदालतमा समेत आरोपित कसुरमा इन्कारी रही बयान गरेको पाइन्छ। यी प्रतिवादीले अभियोगअनुसार कसुर गरेको भन्ने तथ्ययुक्त प्रमाण वादी पक्षले सबुद प्रमाणबाट समेत पुष्टि गर्नसकेको अवस्था एवम् निजउपरको पोलसमेत मिसिल संलग्न प्रमाणबाट नदेखिँदा सुरू अदालतबाट निजको हकमा भएको फैसला मिलेकै देखिँदा यी प्रतिवादीलाई अभियोग दाबीअनुसार मुलुकी ऐन ज्यानसम्बन्धी महलको ६(२) बमोजिमको सजाय हुनुपर्दछ भन्ने पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ माथि विवेचित तथ्य प्रमाण कानून एवम् मिसिल संलग्न कागजातहरूबाट प्रतिवादीहरू विश्व पुन, भिमबहादुर घर्ती, लालमान घर्ती, बलमान घर्ती, तमबहादुर रोका, जीवन घर्ती मगर र तिर्थेन्द्र घर्ती मगरलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जन्मकैदको सजाय हुने र प्रतिवादी दलप्रसाद पुन, दुर्गाबहादुर घर्ती नाबालक देखिँदा निजहरूलाई बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) अनुसार मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) को आधा १० वर्ष कैद हुने र प्रतिवादी प्रेमबहादुर घर्तीलाई सफाई दिने गरी भएको पुनरावेदन अदालत बागलुङको मिति २०६९।३।१२ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक वादी नेपाल सरकार र पुनरावेदक प्रतिवादीहरू विश्व पुन, भिमबहादुर घर्ती, लालमान घर्तीको पुनरावेदन जिकिर पुग्न सक्दैन। साधकका लागि

पेस भएका प्रतिवादीहरू बलमान घर्ती, तमबहादुर रोका, जीवन घर्तीमगर, तिर्थेन्द्र घर्तीमगर, दलप्रसाद पुन, दुर्गाबहादुर घर्तीका हकमा साधक सदर हुने ।

इजलास अधिकृत (शा.अ): बिमला पौडेल

कप्युटरः मन्जिता ढुङ्गाना

इति संवत् २०७४ साल कात्तिक ५ गते रोज १ शुभम् ।

१०

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७२-CR-०२४८ र ०७२-CR-०६२७, कर्तव्य ज्यान, रामबाबु महरा वि. नेपाल सरकार, नेपाल सरकार वि. रामबाबु महरासमेत

प्रतिवादी रामबाबु महराले प्रहरीमा भएको बयान आफ्नो स्वेच्छापूर्वकको बयान होइन भन्ने जिकिर लिई अदालतमा बयान गर्दैमा निजको त्यस्तो इन्कारी बयान मात्रका आधारमा निजलाई निर्दोष मान्न नमिल्ने । प्रहरीमा जबरजस्ती बयान गराएको भए म्यादथपको क्रममा अदालत ल्याएको बखत सो कुराको जिकिर लिई निवेदन गर्नुपर्नेमा त्यस्तो जिकिर लिएको वा पछि पनि सोबारेमा निवेदन दिनसकेको देखिँदैन । प्रहरीले आफूलाई डर, त्रास देखाई वा धम्की दिई बयान गराएको कारणले प्रहरीमा कसुर स्वीकार गर्नुपरेको उचित कारण खुलाउन सकेको देखिँदैन । प्रतिवादीलाई अनुसन्धान अधिकारीसमक्ष इच्छाविपरीत बयान गराई सही गराएको भनी विश्वास गर्न सकिने अवस्था नभएको र निजको सो साबिती बयान मिसिल संलग्न अन्य स्वतन्त्र प्रमाण कागजातबाट समर्थित हुन आएको देखिएकोले उक्त साबिती बयान प्रमाण ऐन, २०३१ को दफा ९(१) बमोजिम निजका विरूद्ध प्रमाणमा लाग्ने नै देखिन आउने ।

प्रतिवादी अनुसन्धानको क्रममा आरोपित कसुरमा साबित रही गरेको साबिती बयानलाई लास प्रकृति मुचुल्का र टाउकोलगायत शरीरका विभिन्न भागमा चोटपटक लागेको भन्ने लासजाँच प्रतिवेदन एवम् मृतक भोला सदा मुसहरको “Cause of death is due to head injury by blunt weapons” भन्नेसमेत बेहोराको शव परीक्षण प्रतिवेदनमा उल्लेख भएका प्रमाणहरूले समर्थन गरेको अवस्था हुँदा प्रतिवादी रामबाबु महराले रक्सी खाई रिसको आवेगमा आई काठको डण्डीले टाउकोमा हिर्काई धकेली दिएको कारणबाट भोला सदाको कर्तव्यबाट मृत्यु भएको पुष्टि हुन आउने ।

प्रतिवादी र मृतकबीच मार्नैपर्ने पूर्वरिसइवी भएको कुरा मिसिल संलग्न प्रमाणबाट देखिएको छैन । मृतकलाई मार्नुपर्ने सम्मको मनसाय रहेको देखिँदैन । ज्यान लिनुपर्ने सम्मको इवी प्रतिवादीमा रहे भएको पनि पाइँदैन । मृतक र यी प्रतिवादी दुवै वारदातस्थलमा रहेको पोखरीको डिलमा बसी सामान्य विवादमा तत्काल उठेको रिसमा जोखिमी हतियारको प्रयोग नगरी सामान्य काठको डण्डीले हिर्काई धकेली दिएको कारणबाट लडी टाउकोलगायतमा गहिरो चोटपटक लागी सोही कारण मृतक भोला सदाको मृत्यु हुन गएको कुरा मिसिल संलग्न प्रमाण कागजात एवम् तथ्यबाट प्रमाणित भएको पाइन्छ । प्रतिवादीले मृतकलाई मार्ने नै मनसायले जोखिमी हतियार प्रयोग नगरी सामान्य विवादमा तत्काल उठेको रिसले मृतकलाई कुटपिट गरी धकेली दिएको कारणबाट मृतकको मृत्यु हुन गएबाट यस्तो किसिमको कसुरमा मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. आकर्षित हुने नभई सोही महलको १४ नं. को कसुर हुने हुँदा प्रतिवादीलाई ज्यानसम्बन्धीको महलको १४ नं.को कसुरमा १० (दस) वर्ष कैद हुने ठहर्‍याएको पुनरावेदन अदालत, जनकपुरबाट भएको फैसला मिलेकै देखिने ।

प्रतिवादी प्रमोद चौधरी अनुसन्धानको क्रममा र अदालतमा बयान गर्दासमेत आफूले कर्तव्य गरी भोला सदालाई मारेको होइन भनी आरोपित कसुरमा इन्कार रहेको, ठहर भएका प्रतिवादी रामबाबु महराले गरेको बयानबाट समेत यी प्रतिवादीले भोला सदालाई कुटपिट गरेको भन्ने नदेखिएको हुँदा मृतक भोला सदालाई कर्तव्य गरी मार्नमा प्रतिवादी प्रमोद चौधरीको समेत संलग्नता थियो भन्ने मिसिल संलग्न रहेका सबुत प्रमाणबाट पुष्टि हुनसकेको अवस्था नदेखिँदा निज प्रतिवादी प्रमोद चौधरीलाई सफाई दिने गरी पुनरावेदन अदालत जनकपुरबाट भएको फैसला मिलेकै देखिँदा अन्यथा भन्न नमिल्ने ।

अतः माथि विवेचित आधार, कारण र प्रमाणसमेतबाट सुरू धनुषा जिल्ला अदालतको मिति

२०७०।१०।२८ को फैसला केही उल्टी भई प्रतिवादी रामबाबु महरालाई ज्यानसम्बन्धी महलको १४ नं. बमोजिम १० वर्ष कैद हुने र प्रतिवादी प्रमोद चौधरीको हकमा सुरूको फैसला मिलेकै देखिँदा सदर हुने ठहराई पुनरावेदन अदालत जनकपुरबाट मिति २०७१।१२।०४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः कोशलेश्वर ज्ञवाली

कम्प्युटरः अभिषेककुमार राय

इति संवत् २०७४ साल कात्तिक १६ गते रोज ५ शुभम्।

११

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७२-CR-०९०८ र ०७२-CR-०९५७, कर्तव्य ज्यान, सन्जु थारू वि. नेपाल सरकार, नेपाल सरकार वि. सन्तोष थारू

मृतक सावित्री थारू र प्रतिवादी सन्जु थारूका बीच करणी लेनदेनका सम्बन्धमा विवाद भएको कारणबाट निज प्रतिवादी सन्जु थारूले मृतक सावित्री थारूलाई कर्तव्य गरी मारी आफ्नो घरदेखि १०० मिटरको दूरीमा लास फालेको भन्ने निजले अदालत तथा अनुसन्धान अधिकारीसमक्ष गरेको बयान, लाँसजाँच प्रकृति मुचुल्का एवम् मृतक सावित्री थारूको मृत्युको कारणमा "Asphyxia due to strangulation" भन्ने सव परीक्षण प्रतिवेदनसमेतका भौतिक एवम् परिस्थितिजन्य प्रमाणहरूले समर्थित भएको देखिँदा निजले उक्त वारदातको दिन मृतकलाई घाँटी थिची कर्तव्य गरी मारी नजिकैको खेतमा लगी छाडेको तथ्य पुष्टि हुन आएकोले निज प्रतिवादी सन्जु थारूलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहराएको सुरू बाँके जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत नेपालगञ्जको फैसला मिलेकै देखिने।

मृतक यी प्रतिवादी सन्तोष थारूको पत्नी भएकी र निजले वारदात हुनुभन्दा अघि मृतकलाई काठमाडौं लगी औषधी उपचार गराएर घर ल्याएको तथा निज सन्तोष थारू र मृतकको बीचमा झैझगडा भई मृतकलाई मार्नुपर्नेसम्मको कुनै कारणसमेत मिसिल संलग्न प्रमाणबाट पुष्टि हुनसकेको देखिँदैन। यी प्रतिवादी कसुरमा इन्कार भई अधिकार प्राप्त अधिकारी एवम् अदालतमा समेत बयान गरेको देखिएको र सहप्रतिवादी सन्जु थारू एवम् मौकामा बुझिएका मानिसहरूले समेत पोल गरेको देखिँदैन । प्रमाणको अभावमा प्रतिवादी सन्तोष थारूले मृतक सावित्री थारूलाई कर्तव्य गरी मारेको भन्ने पुष्टि हुनसकेको नदेखिएको अवस्थामा निज प्रतिवादी सन्तोष थारूलाई अभियोग दाबीबाट सफाई दिने ठहऱ्याई भएको सुरू बाँके जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत नेपालगञ्जको फैसला मिलेकै देखिने।

अतः उल्लिखित विवेचित आधार प्रमाणबाट प्रतिवादीमध्येका सन्तोष थारूले अभियोग दाबीबाट सफाई पाउने र प्रतिवादी सन्जु थारूलाई अभियोग दाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ र १३(३) नं.को कसुरमा सोही महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहराई सुरू बाँके जिल्ला अदालतबाट मिति २०६९।१२।१९ मा भएको फैसला सदर गरेको पुनरावेदन अदालत नेपालगञ्जको मिति २०७१।०७।२३ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः कोशलेश्वर ज्ञवाली

कम्प्युटरः अभिषेककुमार राय

इति संवत् २०७४ साल कात्तिक १६ गते रोज ५ शुभम्।

१२

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०७०-WO-०३९९, उत्प्रेषण / परमादेश, भोजमान लाम्गादेसमेत वि. नेपाल विद्युत् प्राधिकरण, प्रधान कार्यालय रत्नपार्कसमेत

दलित समूह हो, होइन भन्ने कुराको निर्क्यौल आत्मनिष्ठ भरमा नभई राज्यले तोकेको निश्चित प्रक्रिया र मापदण्ड वा राज्यले निर्धारण गरेको निश्चित मापदण्डको आधारमा मात्र अमुक जातजाति वर्ग समुदायमा रहेका दलित हुन् होइनन् भन्ने कुराको पहिचान गर्नुपर्ने।

राष्ट्रिय दलित आयोगले दलित कोटामा सिफारिस गरिएका विपक्षी अनिलकुमार ठाकुर मधेसी मूलका लोहार ठाकुर भएको र यस आयोगको दलित जातीय अनुसूचीमा समावेश नगरिएको भन्ने च.नं. ६८२ मिति २०६९।१०।१४ मा नेपाल विद्युत् प्राधिकरणलाई पठाएको जवाफमा उल्लेख भएको देखिन्छ । साथै

क्षेत्रीय प्रशासन कार्यालय हेटौंडाले सबै जिल्ला प्रशासन कार्यालयलाई लोहार ठाकुर (मधेसी मूल) दलितमा नपर्ने भनी जानकारीसमेत गराएको देखिने।

नेपाल विद्युत् प्राधिकरणको विज्ञापन नं.२०६८/०६९ प्रा.३/१६ को खुला प्रतियोगिताको प्राविधिक सेवाको तह ३ इलेक्ट्रिसियन पदमा प्राधिकरणको सिफारिस समितिको निर्णयानुसार अनिलकुमार ठाकुरलाई नियुक्ति गरेकोमा निज विपक्षी अनिलकुमार ठाकुर दलित समुदायभित्र नपर्ने भनी दलित आयोगबाट लेखी आएको समेतका आधारमा निजको नियुक्ति रद्द / बदर गर्न सिफारिस गरी प्राधिकरणको मिति २०७०।१०।५ को निर्णयले सिफारिस एवम् नियुक्ति बदर गरेको देखिने।

विपक्षीमध्येका अनिलकुमार ठाकुर दलितभित्रको नदेखिई निजको सिफारिस नियुक्ति रद्द / बदर गरी सो पदमा यी निवेदक पूर्णबहादुर कामीलाई नियुक्ति दिई पदस्थापन गरेको कानूनसम्मत नै देखिने।

अतः माथि उल्लिखित विवेचित आधार र प्रमाणसमेतबाट विपक्षी अनिलकुमार ठाकुरको सिफारिस एवम् नियुक्ति रद्द / बदर गरी उल्लिखित विज्ञापन नं. र पदमा निवेदक पूर्णबहादुर कामीलाई नियुक्ति गरी निज सो पदमा कामकाजसमेत गरेको र प्रस्तुत रिटको औचित्यसमेत समाप्त भएको देखिँदा निवेदन मागबमोजिमको उत्प्रेषण एवम् परमादेशको आदेश जारी गरिरहनु परेन। निवेदन मागबमोजिमको आदेश जारी गर्न पर्ने नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: कोशलेश्वर ज्ञवाली

इति संवत् २०७४ साल कात्तिक१५ गते रोज ४ शुभम्।

- यसै लगाउको ०७०-WO-०५५६, उत्प्रेषण / परमादेश, अनिलकुमार ठाकुर वि. नेपाल विद्युत् प्राधिकरण, प्रधान कार्यालय रत्नपार्कसमेत भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

१३

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०७०-CR-१२८९, मानव अपहरण तथा शरीरबन्धक, नेपाल सरकार वि. आशिष पाण्डेसमेत

प्रतिवादीहरूउपर जाहेरवालालाई अपहरण तथा शरीरबन्धक कसुरको उद्योग गरेको भनी अभियोजन गरिएको प्रस्तुत मुद्दामा प्रतिवादीहरूको उक्त कसुर शङ्कारहित तवरले अभियोजन पक्षले पुष्टि प्रमाणित गराउन सक्नु पर्नेमा यी प्रतिवादीहरूबाट उक्त कसुर भएको हो भनी मिसिल संलग्न ठोस प्रमाणले पुष्टि हुनसकेको नदेखिएकोले यी प्रतिवादीहरूलाई अभियोग दाबीबाट सफाई दिने गरी पुनरावेदन अदालत, पाटनबाट भएको फैसला मनासिब देखिएको हुँदा पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ, प्रतिवादीहरूले फोनकै माध्यमबाट जाहेरवालालाई अपहरण तथा शरीरबन्धकको उद्योग हुने कसुर गरेको नदेखिएकोले प्रतिवादीहरूलाई अपहरण गर्ने तथा शरीरबन्धक लिनेको १ र ३ नं.अनुसार जाहेरवालाबाट धन प्राप्तिको उद्देश्यले ऐ.को ५ र ६ नं. बमोजिम अपहरण उद्योग ठहऱ्याई ऐ.को ३ नं. बमोजिम हुने सजायमा ऐ.को ६ नं. बमोजिम जनही ३/६ (तीन वर्ष ६ महिना) कैद र रू.२५,०००।- (पच्चीस हजार) जरिवाना हुने ठहऱ्याएको सुरू काठमाडौं जिल्ला अदालतको मिति २०६९।९।२ को फैसला उल्टी गरी यी प्रतिवादीहरूले अभियोग दाबीबाट सफाई पाउने ठहराएको पुनरावेदन अदालत, पाटनको मिति २०७०।०५।१८ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: सुरथप्रसाद तिमल्सेना

इति संवत् २०७४ साल कात्तिक २७ गते रोज २ शुभम्।

## इजलास नं. ८

१

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री सारदाप्रसाद घिमिरे,** ०७२-CR-१६९८, भ्रष्टाचार (नक्कली प्रमाणपत्र), रामप्रसाद ढुङ्गाना वि. नेपाल सरकार।

प्रतिवादीले सुरू अदालतमा बयान गर्दा प्रमाणपत्रहरू मैले पेस गरेको छैन किनकी मलाई टेष्ट पास र इलेक्ट्रिसियनको ६ महिने तालिमको प्रमाणपत्रले काम गरिहाल्ने भएकोले उक्त प्रमाणपत्रको जरूरी नहुने

हुँदा मैले पेस गरेको थिइनँ भनी आरोपित कसुरमा इन्कार रही बयान गरे तापनि सो विवादित प्रमाणपत्र आफ्नो भएको भन्ने कुरामा यी प्रतिवादीले स्वीकार गरी बयान गरेका, सो विवादित प्रमाणपत्रको प्रतिलिपिमा भएको सहिछाप आफ्नो भएको स्वीकार गरेको निजको व्यक्तिगत फाइलमा रहेको अवस्थामा विवादित प्रमाणपत्र मैले पेस गरेको होइन भन्ने प्रतिवादीको भनाई पत्यारलायक देखिन नआउने।

प्रतिवादीले सुरू अदालतमा बयान गर्दा मेरो प्रमाणपत्र सक्कली हुन् पुनः प्रमाणीकरण गराइपाउँ भनी आफ्ना प्रमाणपत्रका प्रतिलिपिहरू साथै राखी निवेदन दिएका र निजको निवेदन मागबमोजिम पुनः प्रमाणीकरणका लागि उच्च माध्यमिक शिक्षा परिषद् सानोठिमीमार्फत भारतको सम्बन्धित शिक्षा परिषद्मा पठाउँदा प्रतिवादीको प्रमाणपत्रमा उल्लेख भएको “अनुक्रमाङ्क अनुदानित नही है अपुष्टित” भन्ने बेहोराको प्रमाणीकरण हुन आएको देखिन्छ। प्रतिवादीले आफ्न शैक्षिक योग्यताको प्रमाणपत्र भनी स्वीकार गरेको विवादित प्रमाणपत्र सद्दे हो भन्ने कुराको प्रमाण निजले नै पुर्‍याउनु पर्ने हुन्छ। अनुसन्धानको क्रममा र विशेष अदालतको आदेश बमोजिम सम्बन्धित परीक्षा बोर्डमा प्रतिवादीको प्रमाणपत्रबारे बुझिएकोमा दुवै पटक सो प्रमाणपत्र अनुदानित नही है भन्ने उल्लेख भई आएबाट प्रतिवादीले पेस गरेको विवादित एस.एल.सी. पास गरेको भन्ने प्रमाणपत्र नक्कली भन्ने देखिन आउने।

पुनरावेदक प्रतिवादीले अनुसन्धानको क्रममा बयान गर्दा आफूले सो प्रमाणपत्र २०५२ सालमा प्राप्त गरी २०५४ सालमा सेवा प्रवेश गरेको र २०५६।०५७ सालतिर पेस गरेको भनी बयान गरेको र सो कुरा आरोपपत्रमा समेत उल्लेख भएको हुँदा पुनरावेदक प्रतिवादीले विवादित प्रमाणपत्र भ्रष्टाचार निवारण ऐन २०१७ बहाल रहेको अवस्थामा नै पेस गरेको हुँदा भ्रष्टाचार निवारण ऐन, २०१७ नै आकर्षित हुने भई यी पुनरावेदक प्रतिवादी रामप्रसाद ढुङ्गानाले साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ बमोजिमको कसुर गरेको देखिने।

तसर्थ माथि विवेचित आधार, कारण एवम् यसै अदालतबाट प्रतिपादित सिद्धान्तसमेतका आधारमा पुनरावेदक प्रतिवादी रामप्रसाद ढुङ्गानाले नक्कली शैक्षिक योग्यताको प्रमाणपत्र पेस गरी साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ को कसुर गरेको ठहर्‍याई निज प्रतिवादी रामप्रसाद ढुङ्गानालाई ऐनको दफा १२ र २९(२) नं. बमोजिम रू.५००।- (पाँच सय) जरिवाना हुने ठहर्‍याएको विशेष अदालत काठमाडौंको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृतः विदुरकुमार उपाध्याय

इति संवत् २०७४ साल असार १३ गते रोज ३ शुभम्।

२

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री हरिकृष्ण कार्की,** ०६९-CR-०६६८, जालसाजी, होमबहादुर रानासमेत वि. छेताकुमारी लम्तरी

जालसाजी क्रिया हरअवस्था र हररूपमा जालसाजी नै हुने।

पुनरावेदक प्रतिवादीहरू भोजबहादुर खड्का, हरिराम कसौधन र होमबहादुर रानाले कि.नं. ४९ र ३३९४ को जग्गाको मोही लगत कट्टाको लागि लालमटिया गाउँ विकास समितिको कार्यालयबाट मिति २०६०।४।१८ च.नं. ३४ को सिफारिस र सरजमिनमा प्रत्यर्थी वादी छेताकुमारी लम्तरी मोही गगनसिँह लम्तरीको हकवाला श्रीमती हुँदाहुँदै हकवाला कोही नभएको भनी गाउँ विकास समितिको कार्यालयबाट गराएको सिफारिस तथा सर्जमिनसमेतको कार्य किर्ते कागजको ३ नं. बमोजिम जालसाजपूर्ण देखिन आउने।

तसर्थ सुरूले वादी दाबी नपुग्ने गरी गरेको फैसला र पुनरावेदन अदालत, तुलसीपुरबाट प्रतिवादीहरू भोजबहादुर खड्का, हरिराम कसौधन र होमबहादुर रानालाई मुलुकी ऐन, किर्ते कागजको ३ नं. बमोजिम रू.२००।– जरिवाना हुने ठहराई मिति २०६९।६।१५ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: जगतबहादुर पौडेल

इति संवत् २०७४ साल मङ्सिर १० गते रोज १ शुभम्।

३

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.डा. श्री आनन्दमोहन भट्टराई,** ०७३-WO-०४७९, उत्प्रेषण /

परमादेश, सौरा खातुनसमेत वि. मोरङ जिल्ला अदालत, विराटनगरसमेत

घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६ को दफा ६ बमोजिमको अन्तरिम संरक्षणात्मक आदेश पीडितलाई तत्काल संरक्षण दिने उद्देश्यले जारी गरिने आदेश हो । त्यसैले सो आदेश तत्काल कार्यान्वयन गर्न निवेदकहरूको पनि तदारूकता देखाई न्यायिक प्रक्रियामा सहयोग पुऱ्याउनु निवेदकको कर्तव्य हुन्छ । अदालतमा मुद्दा पुर्पक्षको लागि तारिखमा राख्नुको उद्देश्य प्रमाण संकलन, परीक्षण र अदालतको आदेशअनुसारको कार्य सम्पन्न गर्न गराउन सघाउ पुगोस् भन्ने हो । त्यसकारण तोकिएको तारेखमा तोकिएको कार्य सम्पन्न गर्नु गराउनु पक्षको कर्तव्य र अदालतको जिम्मेवारी हुने ।

निवेदकहरूले अदालतको आदेशानुसारको रकम जम्मा दाखिल गर्न धिङ्याई गरी न्याय सम्पादनको कार्यमा सहयोगी भूमिका निर्वाह नगरेको देखियो । निवेदकहरूले आदेशबमोजिमको रकम दाखिला नहुँदा एकातर्फ विपक्षी साजदा खातुनको तत्काल संरक्षण पाउने अधिकारमा आघात पुग्न जाने र अर्कोतर्फ अदालतको आदेश प्रयोजनहीन हुन जाने हुन्छ । तसर्थ विपक्षी अदालतले निवेदकहरूबाट रकम दाखिला गराउने गरी भए गरेका काम कारवाहीमा कुनै संवैधानिक र कानूनी त्रुटि नदेखिने ।

तसर्थ निवेदकहरूले जिल्ला अदालतमा दायर भएको घरेलु हिंसा मुद्दामा प्रतिउत्तर फिराउने, निवेदन गर्ने, जिल्ला अदालतको काम कारवाहीउपर पुनरावेदन अदालतमा उजुरी गरी जिल्ला अदालतका काम कारवाहीको परीक्षण गराई न्यायिक काम कारवाहीमा सहभागी भएको देखिएको, अदालतको आदेशले तोकिएको रकम दाखिल नगरेको कारण अदालतको तर्फबाट निवेदकहरूको तारेख गुज्रन गएको नभई निजहरूकै कारणबाट गुज्रन गएको देखिएको र जिल्ला अदालतको फैसलाउपर निवेदकहरूले पुनरावेदन गर्न पाउने हक सुरक्षित नै रहेको देखिएको यस अवस्थामा निवेदकहरू नेपालको संविधानको धारा २०(९) द्वारा प्रत्याभूत गरिएको स्वच्छ सुनुवाइको हकबाट वञ्चित भए गरेको देखिन आएन । रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः आनन्दराज पन्त

कम्प्युटरः देबिना खतिवडा

इति संवत् २०७४ साल असोज २९ गते रोज १ शुभम् ।

४

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०६९-CI-०७००, ०६९-CI-०७८७, उत्प्रेषण, बुद्धिबहादुर गुरूङ वि. महेश कुमार बर्मा, महेशकुमार बर्मा वि. मालपोत कार्यालय कञ्चनपुरसमेत

निवेदकले आफ्नो हक स्वामित्वको जग्गाको सडकले लिने गरी कित्ताकाट गर्दा यसमा मेरो मन्जुरी छैन । मेरो जग्गामा सडकको सीमाङ्कन हुनु हुँदैन भनी तथा मेरो नाउँको जग्गामा कित्ताकाट गर्ने कार्य बदर गरिपाउँ भनी कुनै किसिमको निवेदकको उजुरी रहे भएको पनि देखिँदैन । आफ्नो निर्विवाद हकभोगको जग्गा नेपाल सरकारले अधिग्रहण गरी लगत कट्टा गर्दा सोउपर समयमै सम्बन्धित निकायमा उपस्थित भई कुनै लिखित कारबाही चलाएको भन्ने मिसिलबाट देखिँदैन । यस अवस्थामा निवेदकको मागबमोजिमको उत्प्रेषणको आदेश जारी गर्न मिलेन भनी पुनरावेदन अदालत महेन्द्रनगरबाट भएको फैसला मिलेकै देखिने ।

सार्वजनिक सडक ऐन, २०३१ को दफा ४ बमोजिम जग्गा प्राप्तिसम्बन्धी प्रचलित कानूनबमोजिम जग्गा प्राप्त नगरी जग्गाधनीको हक स्वामित्व समाप्त हुनसक्ने कानूनी व्यवस्था रहे भएको नदेखिएको र प्रचलित कानूनबमोजिम जग्गा प्राप्त गरिसकेपछि मात्र जग्गाको स्वामित्व समाप्त हुने हुँदा विपक्षी सडक कार्यालयले जग्गा प्राप्ति ऐन, २०३४ अनुसार निवेदकको जग्गालाई सडक सीमाको लागि क्षतिपूर्ति दिई अधिग्रहण गरिने गरी कुनै क्षतिपूर्ति दिने निर्णय गरेको वा सो सम्बन्धमा कुनै कारबाही चलाइएको सम्बन्धमा कुनै बेहोरा विपक्षी डिभिजन सडक कार्यालय नं.१ महेन्द्रनगरले आफ्नो लिखित जवाफमा उल्लेख गरेको नदेखिँदा निवेदनमा उल्लिखित निवेदकको स्वामित्वको जग्गाको क्षतिपूर्तिबेगर कसैको सम्पत्तिबाट निजको स्वामित्व मेटाउन नमिल्ने ।

निवेदकको हक पुग्ने जग्गाको सडक सीमा २०३४।३।२० को राजपत्रमा प्रकाशित सूचनाद्वारा तोकिए पनि निवेदकको जग्गाको दर्ता स्रेस्ताको लगत कट्टी गर्ने कार्य मालपोत कार्यालय कञ्चनपुरको च.नं. ५६३ मिति २०५८।६।३ को पत्रानुसार भएको भन्ने च.नं.२७४७ मिति २०६७।१२।१८ को नापी कार्यालय कञ्चनपुरले डिभिजन सडक कार्यालय नं.१ महेन्द्रनगर कञ्चनपुरलाई लेखेको पत्रबाट देखिँदा प्रस्तुत रिट निवेदन अनुचित विलम्ब गरी दर्ता भएको पनि नदेखिने।

निवेदकलाई क्षतिपूर्ति भराउने विषयमा कानूनबमोजिम कारबाही गर्न गराउन विपक्षी डिभिजन सडक कार्यालय नं.१ महेन्द्रनगर र ऐ.ऐ.का कार्यालय प्रमुखका नाउमा परमादेशको आदेशसम्म जारी हुने ठहर्‍याई भएको पुनरावेदन अदालत महेन्द्रनगको मिति २०६९।०५।१२ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। उत्प्रेषणको आदेश जारी गर्न मिलेन भनी भएको पुनरावेदन अदालत महेन्द्रनगरको फैसलासमेत मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : जगदीशप्रसाद भट्ट

कम्प्युटर : सञ्जय जैसवाल

इति संवत् २०७४ साल असार १९ गते रोज २ शुभम्।

५

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७१-WO-०३०७, उत्प्रेषण / परमादेश, मोतिबहादुर थापा वि. नेपाल नोटरी पब्लिक परिषद्को कार्यालय, कुपण्डोल, ललितपुर

आठ जनाको नोटरी पब्लिक परिषद्को व्यवस्था भएकोमा ७ जना मात्र उपस्थित भई एकातिर निर्णय गरेको अवस्था छ भने अर्कोतिर उल्लिखित अध्यक्ष र सदस्यहरूबाहेकका नोटरी पब्लिक परिषद्का सचिव मदनबहादुर धामी तथा आमन्त्रित भनी महान्यायाधिवक्ताको कार्यालयका नायब महान्यायाधिवक्ताहरू राज नारायण पाठक, ठोकप्रसाद सिवाकोटी, दुर्गाबन्धु पोखरेल र राजेन्द्र सुवेदीको पनि उक्त परिषद् बैठकमा उपस्थिति रहेको देखिन्छ। निज सचिव तथा आमन्त्रित व्यक्तिहरू नोटरी पब्लिक परिषद्का पदाधिकारी नरहेका र निजहरू सो परिषद्को बैठकमा रहन पाउने व्यवस्था कानूनमा रहेको देखिँदैन। नोटरी पब्लिक परिषद्ले दफा १४ बमोजिम नोटरी पब्लिकको काम गर्ने गरी प्रमाणपत्र पाएका कानून व्यावसायीले गरेको कानूनविपरीतको कार्यबाट निजको प्रमाणपत्र रद्द गर्दा कानूनले तोकेको अख्तियारप्राप्त व्यक्ति वा व्यक्तिहरूबाट भएको निर्णय मात्र कानूनसम्मत मानिने।

नोटरी पब्लिक परिषद्बाट मिति २०७१।५।२५मा निर्णय गर्दा नोटरी पब्लिक परिषद् ऐन, २०६३को दफा ५ ले परिकल्पना गरेको नोटरी पब्लिक परिषद्को सदस्यको संख्या नदेखिएको तथा नोटरी पब्लिक परिषद् ऐनले परिकल्पना नगरेको नोटरी पब्लिक परिषद्का सचिव र आमन्त्रित व्यक्तिहरू समेतको उपस्थिति रहेको देखियो। कानूनद्वारा तोकिएको गठित नोटरी पब्लिक परिषद्ले निर्णय गर्नुपर्नेमा सो गरेको नदेखिएको तथा परिषद्का लागि तोकिएको पदाधिकारीबाहेकका व्यक्तिहरूको उपस्थितिमा भएको निर्णयलाई कानूनसम्मत निर्णय भएको मान्न मिल्ने नदेखिने।

तसर्थ माथि विवेचित आधारमा नोटरी पब्लिक परिषद्बाट यी निवेदकको अनुवादसहितको नोटरी पब्लिकको प्र.प.नं. ७५२ रद्द गर्ने गरी मिति २०७१।५।२५ मा भएको अनधिकृत निर्णय र सो निर्णयका आधारमा भएका सम्पूर्ण काम कारबाहीहरू उत्प्रेषणको आदेशद्वारा बदर हुने ठहर्छ। सो ठहर्नाले यी निवेदकले प्राप्त गरेको प्रमाणपत्रबमोजिम नोटरी पब्लिकसम्बन्धी काम यथावतरूपमा गर्न दिनु भनी नोटरी पब्लिक परिषद्का नाममा परमादेशसमेत जारी हुने।

उपरजिस्ट्रारः शिवलाल पाण्डेय

कम्प्युटरः सिजन रेग्मी

इति संवत् २०७३ साल चैत ७ गते रोज २ शुभम्।

६

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०६८-CR-०६५७, लुटपिट, मंगलीदेवी तेलिन वि. जगदीश साहसमेत

प्रतिवादी जगदीश साहले वादीको बिगो रू.१६,७५०।– बराबरको रूखहरू लुटी लगेको ठहर्‍याई निज प्रतिवादी जगदीश साहलाई लुटपिटको

६ नं. बमोजिम बिगो रू.१६,७५०।– को सयकडा पच्चीसले रू.४,१८७।५० जरिवाना हुने र अन्य मद्दतगार प्रतिवादीहरू रामअशिष साह, झौली मण्डल खत्वे र मुक्ति मण्डल खत्वेलाई लुटपिटको ६ नं.ले जगदीशलाई हुने सजायको आधा जनही रू.२,०९३।७५ जरिवाना हुने ठहऱ्याई सुरू सप्तरी जिल्ला अदालतले प्रतिवादीहरूलाई जम्मा रू.१०,४६८।७५ जरिवाना गरेको देखिन्छ । सो फैसलालाई पुनरावेदन अदालत राजविराजले उल्टी गरी वादी दाबी पुग्न नसक्ने ठहऱ्याई फैसला भएको देखिन्छ । प्रस्तुत मुद्दाको विगो रू.३३,५००।– रहेको छ भने जरिवानाको जम्मा रकम रू.१०,४६८।७५ रहेको देखिन्छ । न्याय प्रशासन ऐन, २०४८को मिति २०६७।१२।१५ को संशोधनसहितको दफा ९(१)(ग) बमोजिम रू पच्चीस हजार भन्दाबढि जरिवाना वा बिगो रू. पचास हजारभन्दा बढी नभएको अवस्थामा पुनरावेदन अदालत राजविराजबाट भएको फैसलाउपर यस अदालतमा पुनरावेदन लाग्न नसक्ने ।

तसर्थ न्याय प्रशासन ऐन, २०४८ को मिति २०६७।१२।१५ को संशोधनसहितको दफा ९(१)(ग) बमोजिम यस अदालतमा पुनरावेदन नै नलाग्ने अवस्थामा प्रस्तुत पुनरावेदन दर्ता हुन आएको देखिँदा क्षेत्राधिकारको अभावमा प्रस्तुत पुनरावेदनबमोजिम तथ्यमा प्रवेश गरी निर्णय गर्न नमिल्ने हुँदा मुलुकी ऐन, अ.बं.१८० नं. बमोजिम प्रस्तुत पुनरावेदनपत्र खारेज हुने ।

उपरजिस्ट्रार:- शिवलाल पाण्डेय

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७४ साल वैशाख १० गते रोज १ शुभम् ।

७

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०६९-WO-१३३०, उत्प्रेषण, नारायण दास श्रेष्ठसमेत वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोगसमेत

विवादित जग्गा नेपाल सरकारको नाउँमा आउनको लागि मुलुकी ऐन अपुताली महलको उल्लिखित १७ नं. ले तोकेको उल्लिखित प्रक्रिया पूरा गर्नुपर्ने स्पष्ट कानूनी व्यवस्था रहेको र सो कार्य गर्ने अधिकार अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई कुनै ऐनले नदिएको अवस्थामा प्रचलित कानूनविपरीत नेपाल सरकारको नाउँमा कायम गर्नु गराउनु भनी आदेश दिने कानूनी अख्तियारी अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई रहेको नदेखिने ।

अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ख. मा सार्वजनिक पदधारण गरेको व्यक्तिले अनुचित कार्य गरेको ठहर भएपछि सो अनुचित कार्यबाट उत्पन्न दुष्परिणाम प्रचलित कानूनबमोजिम सच्याउनका लागि विपक्षी आयोगले दफा १२ख. बमोजिम लेखी पठाउन सक्ने देखिन्छ । विवादित जग्गाको विषयमा पक्षहरूका बिच खिचोला हक कायम मुद्दा चली सो मुद्दामा भएको अन्तिम फैसलाको आधारमा मालपोत कार्यालयले एकपटक व्यक्तिको नाममा दर्ता गरेको निर्णयलाई अदालतको अन्तिम भई बसेको फैसलासमेतको विपरीत हुने गरी उत्प्रेषण प्रकृतिको आदेश जारी गर्ने अधिकार प्रत्यर्थी आयोगलाई विद्यमान कानूनले प्रदान गरेको नदेखिने ।

कुनै अदालत वा न्यायिक निकाय वा अधिकारीले कुनै निर्णय गर्दा जबसम्म सम्बन्धित पक्षलाई उसको विरूद्धमा निर्णय गर्नुपूर्व प्रतिरक्षा गर्ने वा सफाई पेस गर्ने पूर्ण अवसर प्रदान गरेको हुँदैन । यस्तो निर्णय प्राकृतिक न्यायको सिद्धान्त प्रतिकूल तथा बदरयोग्य हुन्छ । अर्धन्यायिक निकायले निर्णय गर्दा पनि सो निर्णयबाट असर पर्ने व्यक्तिलाई आफ्नो कुरा भन्ने उचित मौका दिनु पर्ने र प्राकृतिक न्यायको सिद्धान्तको पालना गर्नैपर्ने ।

कि.नं. २०२ र २६१ को जग्गा निवेदकहरूको नाममा दर्ता गर्दा मालपोत कार्यालयले कुनै प्रशासकीय निर्णयबाट वा आफूमा निहित रहेको कानूनी अधिकारअन्तर्गत रही निर्णय गरेको नभई पुनरावेदन अदालतको मिति २०५९।१०।०९ को अन्तिम फैसलाअनुसार दर्ता गरेको देखिन्छ । उक्त दर्तालाई कानूनीरूपमा चुनौती दिई बदर नगराएसम्म सो फैसलाहरू प्रतिकूल हुने गरी तथा उक्त जग्गामा हाल स्वामित्वग्रहण गर्ने यी रिट निवेदकहरूलाई सुनुवाइको मौकासमेत नदिई प्राकृतिक न्यायको सिद्धान्तविपरीत निर्णय गरेको देखिएकोले अख्तियार दुरूपयोग अनुसन्धानको सो निर्णय संविधान र प्रचलित कानूनले

प्रदान गरेको क्षेत्राधिकारभित्र रहेर गरेको नदेखिने।

तसर्थ, विवेचित आधार कारणबाट विपक्षी अख्तियार दुरूपयोग अनुसन्धान आयोगले आफ्नो अधिकारक्षेत्र नाघी निवेदकहरूलाई सुनुवाइ मौकासमेत नदिई पुनरावेदन अदालत पाटनको मिति २०५९।१०।०९ को फैसलाको समेत प्रतिकूल हुने गरी मिति २०७०।०१।०९ र मिति २०७०।०१।१३ मा निर्णय गरेको र सोही निर्णयको आधारमा विपक्षी भूमि सुधार तथा व्यवस्थापन विभागले मिति २०७०।०१।२४ मा निर्णय गरेको र मालपोत कार्यालय ललितपुरले मिति २०७०।०१।२६ मा गरेको दर्ता दा.खा. निर्णय र सोसम्बन्धी सम्पूर्ण काम कारवाहीसमेत उत्प्रेषणको आदेशले बदर गरिदिएको छ । अब साबिकबमोजिम निवेदकका नाउँमा कि.नं. २०२ र २६१ को जग्गाको दर्ता स्रेस्ता र जग्गाधनी दर्ता प्रमाण पुर्जा यथावत् कायम राख्नु भनी विपक्षी मालपोत कार्यालयको नाममा परमादेशसमेत जारी हुने।

इजलास अधिकृत: विष्णुप्रसाद आचार्य

इति संवत् २०७४ साल वैशाख १९ गते रोज ३ शुभम्।

८

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७१-WO-०८१४, उत्प्रेषण / परमादेश, धनबहादुर विष्ट वि. विद्यालय शिक्षक किताबखाना, छाउनीमार्गसमेत

आफूले पूरा गर्नुपर्ने दायित्व पूरा नगरेको अवस्थामा मिति २०७१।१०।१५ गतेसम्म विद्यालयमा रूजु हाजिर भई सेवा गरी आएका यी निवेदकले २०७०।१०।१८ देखि २०७१।१०।१५ सम्म काम गरेको तलब वा पारिश्रमिक पाउनु पर्ने नै हुन्छ। आधिकारिक निकायबाट अवकाश पत्र नदिई साबिकबमोजिम नै नियमितरूपमा काम गरेको अवधिको तलब, भत्ता नपाउने भन्न मिल्ने हुँदैन । यस्तो अवस्थामा बढी अवधि कार्य गरी निजले बुझेको तलब, भत्ता निजले कानूनबमोजिम प्राप्त गर्ने औषधी उपचार रकमबाट कट्टा गरी हिसाब मिलान गर्ने गरी विद्यालय शिक्षक किताबखानाको मिति २०७१।१२।१६ को पत्र प्राकृतिक न्याय र श्रमसम्बन्धी विधिशास्त्रीय मान्यताविपरीत रहेको देखिने।

निवेदकले सेवा प्रवेश गर्दा पेस गरेको शिक्षण संस्थाको प्रमाणपत्रमा उल्लिखित जन्म मितिअनुसार निजको अवकाश मिति २०७०।१०।१८ भए तापनि निवेदक मिति २०७१।१०।१५ सम्म अविछिन्नरूपमा रूजु हाजिर भई कार्यरत रही आएकोले निजले सो अवधिको नियमानुसार पाउने तलब, भत्तालगायतको अन्य सुविधासमेत पाउने नै हुन्छ। यसरी विद्यालयमा कार्यरत शिक्षकले काम गरेको अवधिको खाई पाइसकेको तलब, भत्ताको रकम (सञ्चय कोषबापत कट्टी रकमबाहेक) निवेदकलाई प्राप्त हुने औषधी उपचारको रकमबाट कट्टा गरी असुल गर्ने कार्य कानूनसम्मत र न्यायपूर्ण देखिन नआउने।

तसर्थ, रिट निवेदकले मिति २०७०।१०।१८ देखि २०७१।१०।१५ सम्म काम गरेको अवधिको खाई पाइसकेको तलब, भत्ता र अन्य सुविधा (सञ्चय कोषबापत कट्टी रकमबाहेक) निवेदकले नियमानुसार पाउने औषधोपचार रकमबाट कट्टा गर्ने गरी विद्यालय शिक्षक किताबखानाको मिति २०७१।१२।१६ को पत्र एवम् सोसम्बन्धी अन्य काम कारवाहीसमेत उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ। मिति २०७१।१०।१५ सम्म रूजु हाजिर भई काम गरेको अवधिको निजले खाई पाई आएको तलब, भत्ता (सञ्चय कोषबापत कट्टी रकमबाहेक) को सुविधाको रकम कट्टा नगरी निवेदकले पाउने औषधोपचारसमेतका कानूनबमोजिम पाउनु पर्ने तलब भत्ताको रकम भुक्तानी दिनु भनी विपक्षी विद्यालय शिक्षक किताबखानासमेतको नाउँमा परमादेशको आदेशसमेत जारी हुने।

इजलास अधिकृतः जगतबहादुर पौडेल

इति संवत् २०७४ साल पुस ११ गते रोज ३ शुभम्।

९

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०७१-CR-११२६, अपहरण गरी कर्तव्य ज्यान, प्रशन्न मल्ल वि. नेपाल सरकार

मिति २०६७।१०।३ गते मोटरसाइकल लिएर घरबाट निस्केका मृतक सोही दिनदेखी बेपत्ता भई परिवारको सम्पर्कमा नरहेको अवस्थामा मिति २०६७।१०।३ गतेकै दिन मृतक र यी प्रतिवादीसमेत दैलेख मिलन होटलमा लागु औषध सेवन गरेको र

प्रतिवादीले मृतककी आमा नन्दादेवी बुढासँग यी प्रतिवादीले मृतक भोलि आउँछु भनेका छन् भन्ने जस्ता कुरा व्यक्त गर्नुका साथै मृतकको मोटरसाइकल यिनै प्रतिवादीले लिई राखेको र मृतकको लास भेटिएको स्थानमा प्रतिवादीले लगाउने गरेको गञ्जी भेटिएको समेतका परिस्थितिजन्य र वस्तुगत एवम् भौतिक प्रमाणबीचको सामञ्जस्यताको आधारमा मृतकलाई कर्तव्य गरी मार्ने कार्यमा यी पुनरावेदक प्रतिवादी प्रशन्न मल्लको संलग्नता रहेको पुष्टि हुन आएकोले निजले अदालतमा कसुरमा इन्कार गरी परीक्षा दिन दैलेख गएको र ऐ. को १०/११ गते परीक्षा दिएको भनी बयानमा उल्लेख गरेको देखिएकोमा मृतक ३ गतेदेखि कसैको सम्पर्कमा नआई एकैचोटी मृतकको लास १४ गते मात्र फेला परेकोले ३ गतेदेखि १४ गतेसम्मको अवधिसम्म प्रतिवादी अन्यत्र रहेको भन्ने आधारमा मात्र निज निर्दोष हुन् भन्न सकिने अवस्था देखिन नआउने।

तसर्थ यी प्रतिवादी प्रशन्न मल्लले मृतक हिमाल बुढालाई अपहरण गरी शरीरबन्धक लिई मृतकको परिवारलाई पटकपटक फोन गरी फिरौती रकम माग गरेकोमा फिरौती रकम प्राप्त नभएपछि निजलाई केबुलको तारले घाँटी कसी कर्तव्य गरी मारेको देखिएको र सो कर्तव्यमा यी पुनरावेदक प्रतिवादीको समेत संलग्नता रहेको तथ्य उल्लिखित प्रमाण आधारबाट पुष्टि हुन आएकोले निजलाई मुलुकी ऐन, अपहरण तथा शरीर बन्धक लिनेको महलको १ नं. विपरीतको कसुरमा सोही महलको ३ नं. बमोजिम ९ वर्ष कैद र रू. ५०,०००।– जरिवाना तथा सोही महलको १२ नं. बमोजिम वारदात मिति २०६७।१०।३ देखि लास बरामद भएको मिति २०६७।१०।१४ सम्म दिन १२को रू. ५००।– दरले हुने रू. ६,०००।– समेत यी प्रतिवादीबाट मृतकका नजिकको हकवालालाई क्षतिपूर्ति दिलाई दिने र मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ नं. विपरीतको कसुरमा सोही महलको १३(३) नं. बमोजिम जन्मकैदको सजाय हुने ठहऱ्याएको तत्कालीन पुनरावेदन अदालत नेपालगञ्जबाट मिति २०७१।८।९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: जगतबहादुर पौडेल

इति संवत् २०७४ साल कात्तिक १५ गते रोज ४ शुभम्।

१०

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०६८-CR-००७२, करकाप, सियारामप्रसाद तुरहा वि. श्यामदेव यादवसमेत

वादीले प्रतिवादीहरूको जोरजुलुमबाट साक्षीहरूको रोहबरमा तमसुक बनाएका हुन् भन्ने भनाई रहेकोमा यी वादीलाई समाती घटनास्थलमा लैजाने भनिएका रामआशिष यादव र चन्नर यादवलाई प्रतिवादी बनाई मुद्दा पुर्पक्षमा सहभागी बनाएको समेत देखिँदैन। उक्त लिखत करकापसँग बनाउँदा आफ्ना साक्षीहरू सँगसाथै थिए भनी फिरादपत्रमा उल्लेख गर्न नसकेकोमा यी वादीका साक्षीहरूले बकपत्र गर्दा वादी दाबीभन्दा बाहिर गई आफूहरू समेत उक्त लिखत हुँदाको बखतसँग साथै रहेको भनी तथ्यमा भ्रम पारि बकपत्र लेखाई दिएकोलाई वादी दाबीमा नै नपरेको विषयलाई पछि बकपत्र गर्दा भनेको कुरालाई प्रमाणमा लिन मिल्ने नदेखिने।

तसर्थः प्रतिवादीहरूको जोरजुलम करकापबाट मिति २०६३।५।३० मा भएको तमसुकलाई करकाप घोषित गरिपाउँ भन्ने वादी दाबी पुग्न नसक्ने ठहऱ्याएको सुरू सिराहा जिल्ला अदालतको फैसला सदर गरी पुनरावेदन अदालत राजविराजबाट मिति २०६६।८।२३मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: जगतबहादुर पौडेल

इति संवत् २०७४ साल मङ्सिर १२ गते रोज ३ शुभम्।

११

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०६६-CI-०२१२, ०६६-CI-०२१३, डाँक लिलाम बदर, तामेली पर्चा बदर, कमरे आलम वि. शेख स्वयव र मोजामिर वि. शेख स्वयव

वादी र प्रतिवादी कमरे आलम सौतासौताको हाँगाको अंशियार देखिएको, निजहरूबीचमा अंश मुद्दा परी अंशबन्डा हुने गरी फैसलासमेत भई अन्तिम भइरहेको अंश मुद्दामा तायदाती माग भएपश्चात् मात्र लेनदेन मुद्दा (सम्धीसम्धीको नाताभित्रका) दायर भएको देखिएको अवस्था परिस्थितिबाट पनि प्रत्यर्थी कमरे आलमलाई निजहरूको घरको मुख्य हो भनी मान्न

मिल्ने अवस्था छैन भने निजले गरेको व्यवहारमा मन्जुरी नदिएको र साक्षीसमेत नबसेको यी पुनरावेदकसमेतले कमरे आलमले गरिदिएको लिखतको ऋणको दायित्व व्यहोर्नु पर्छ भन्न र निज कमरे आलमले लिएको ऋणको हकमा यी वादीको हकको जेथासमेत जायजात गर्न मिल्छ भन्न न्यायोचित नदेखिने।

पुनरावेदकको नामको मिति ०६१।३।६ को तामेली म्यादमा म्यादवाला एवम् एकासगोलका जहानसमेत फेला नपरेकोले घर दैलामा टाँस गरेको भनी तामेल भए पनि अ.बं.११० नं.मा भएको कानूनी प्रावधानअनुसार घरदैलामा टाँस भएका म्यादमा गाउँ विकास समितिको सदस्य वा सचिव रोहबरमा बसेको हुन पर्नेमा सोसमेत नदेखिँदा वादीले सो लिलामसम्बन्धी कार्यको नक्कल सारी थाहा पाएको मितिले हदम्याद कायम गरी लिलाम मुचुल्का बदरसमेतमा प्रस्तुत नालेस गर्न नपाउने भन्न मिल्ने अवस्था नदेखिने।

प्रत्यर्थीहरूबीचको लेनदेन कारोबारको सम्बन्धमा प्रत्यर्थी कमरे आलम स्वयम्ले दायित्व व्यहोर्नु पर्ने अवस्थाको भई यी वादीको नाम दर्ताको सम्पत्ति जायजात गरी लिलाम बिक्री गर्न मिल्ने अवस्था नदेखिएकाले लिलाम हुँदाका अवस्था फिरादीहरूका नाउँमा कायम रहेको कि.नं.५३७, ५४९, ७५३ का जग्गाहरूका हकमा सम्म २०६१।३।२४ को डाँक लिलाम मुचुल्का र २०६१।३।३ को तामेली पर्चा तथा त्यसबाट शेष मोजामिरको नाउँमा गएको दर्ता बदर गर्नुपर्नेमा पुरै वादी दाबी नपुग्ने गरी गरेको मिति २०६४।२।३ को सुरू फैसला सो हदसम्म नमिलेकोले केही उल्टी गरी उक्त जग्गाहरूसम्म वादी दाबीबमोजिम बदर भई वादीहरूका नाममा दर्तासमेत हुने ठहर्‍याई मिति २०६५।९।१७ मा पुनरावेदन अदालत हेटौंडाबाट भएको फैसलालाई अन्यथा गर्नुपर्ने अवस्था नदेखिने।

इजलास अधिकृत: जयराम श्रेष्ठ

इति संवत् २०७४ साल कात्तिक २८ गते रोज ३ शुभम्।

## इजलास नं. ९

१

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०६६-CI-०१०१ र ०६६-CI-०१०२, अंश चलन, बिनोद शाहीसमेत वि. उत्तम शाही र रामबहादुर शाही वि. उत्तम शाही

मिति २०३३।९।२७ सम्ममा बन्डापत्र खडा गरी वा नगरी घरसारमा नरम करम मिलाई अचल अंशबन्डा गरी छुट्टिई आफ्नो आफ्नो हिसाब भाग शान्तिबमोजिम लिई पाई दाखेल खारेजसमेत गराइसकेको वा बन्डाबमोजिम आफ्नोआफ्नो भागको अचल छुट्टाछुट्टै भोग बिक्री व्यवहार गरेको अवस्था स्थापित भएमा मात्र अंशियारहरूका बीचमा व्यवहार प्रमाणबाट अंशबन्डा भएको मानिन्छ। ऐनको उक्त व्यवस्थाले निर्धारण गरेको पूर्वशर्त पूरा नभएको अवस्थामा कुनै अंशियारको मौखिक जिकिर वा भनाइको आधारमा मात्र त्यस्तो अंशबन्डा भएको नमानिने ।

प्रस्तुत मुद्दामा यी वादी प्रतिवादीको बीचमा पैतृक सम्पत्ति नरम करम मिल्ने गरी स्वीकार्य रूपमा समानुपातिक भएको भनी प्रतिवादीले अचल सम्पत्तिको वस्तुनिष्ठ वितरण भएको पुष्टि गर्ने प्रमाण गुजार्न सकेको पाइएन। यसमा मूल अंशियार तीन जनाबीचमा रीतपूर्वक अंशबन्डा भएको भन्ने भरपर्दो सबुद प्रमाण यी प्रतिवादीले पेस गरी आफ्नो जिकिरलाई पुष्टि गरेको अवस्था मिसिल संलग्न प्रमाणबाट देखिँदैन । वादीले २०२० सालमा नै अंश पाएको भनी जिकिर लिई यी प्रतिवादीले प्रमाण ऐन, २०३१ को दफा २७ बमोजिम वादीको विरूद्धमा लिएको जिकिरलाई पर्याप्त र ग्राह्य प्रमाणद्वारा स्थापित गर्न नसकेको अवस्थामा अंशियार नातामा विवाद नदेखिइसकेपछि निजहरूको अंश हक प्रभावित हुने अवस्था नदेखिने।

प्रमाण ऐन, २०३१ को दफा ६(क) अनुसार अन्यथा प्रमाणित नभएसम्म एकाघरसँगका अंशियारहरू मध्ये जुनसुकै अंशियारका नाममा रहेको सम्पत्ति सगोलको सम्पत्ति हुने व्यवस्था गरेको छ। कुनै सम्पत्ति आफ्नो मात्र एकलौटी हो भन्ने कुराको प्रमाण त्यस्तो व्यक्तिले नै पुर्‍याउनु पर्छ। त्यस्तो प्रमाण पुर्‍याउन नसकेको अवस्थामा त्यस्तो सम्पत्ति सबै अंशियारको हक लाग्ने सगोलको सम्पत्ति मानिन्छ । वादीले अंश लिए पाएको तथ्य ठोस आधार प्रमाणबाट देखिनु पर्दछ। वादीले अंश लिए पाएको तथा अलग भिन्न भइसकेको भन्ने कुनै ठोस आधार प्रमाण प्रतिवादीबाट पेस हुनसकेको नदेखिँदा

अंश हकजस्तो नैसर्गिक कानूनी हकबाट यी वादीलाई वञ्चित गर्न मिल्ने नदेखिने ।

अतः पेस भएको तायदातीबाट सम्पूर्ण सम्पत्तिलाई ३ भाग लगाई सोको १ भाग वादीका पिता कृष्णबहादुर शाहीको भागबाट १३ भाग लगाई १३ भागमध्ये वादीले १ भाग अंश पाउने ठहर्‍याएको सुरू ललितपुर जिल्ला अदालतले मिति २०६०।३।२६ मा गरेको फैसलालाई सदर गरेको पुनरावेदन अदालत पाटनको मिति २०६३।१२।२६ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः विद्याराज पौडेल

कम्प्युटरः उत्तरमान राई

इति संवत् २०७३ साल माघ २४ गते रोज २ शुभम् ।

यसै लगाउको निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन:

- ०६६-CI-०१०३, अंशचलन, सीतादेवी शाही वि. श्याम शाहीसमेत
- ०६६-CI-०१०४, अंशचलन, सीतादेवी शाही वि. लछुमन शाही
- ०६६-CI-०१०५, दा.खा. निर्णय बदरसमेत, सीतादेवी शाही वि. हरिबहादुर शाहीसमेत
- ०६६-CI-०१०६, अंश चलन, सीतादेवी शाही वि. रविन शाही
- ०६६-CI-०१०७, दा.खा. निर्णय बदर, सीतादेवी शाही वि. रविन शाही
- ०६६-CI-०१०८, दा.खा. निर्णय बदर, सीतादेवी शाही वि. रोशन शाही
- ०६६-CI-०१०९, शेषपछिको बकसपत्र बदर, सीतादेवी शाही वि. हरिबहादुर शाहीसमेत
- ०६६-CI-०११०, शेषपछिको बकसपत्र बदर, सीतादेवी शाही वि. रविन शाही
- ०६६-CI-०१११, शेषपछिको बकसपत्र बदर, सीतादेवी शाही वि. रोशन शाही
- ०६६-CI-०११२, लिखत बदर, शमशेरबहादुर शाह (शाही) वि. हरिबहादुर शाहीसमेत
- ०६६-CI-०११३, लिखत बदर, सीतावेदी शाही वि. रविन शाहीसमेत

२

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०७१-CR-१२१७ र ०७२-CR-०५९१, लागु औषध खैरो हेरोइन, शोभित गौतम वि. नेपाल सरकार र रंजित के.सी. वि. नेपाल सरकार

प्रतिवादी अभियोगमा इन्कार रहेको र निजबाट लागु औषध बरामद भएको पुष्टि हुन नसकेको अवस्थामा अर्का प्रतिवादीबाट लागु औषध बरामद हुँदा निजसँग यी प्रतिवादी साथमा रहेको भन्ने मात्र आधारमा निजको मौकाको साबिती बयान स्वतः स्थापित हुन नसक्ने ।

कुनै आपराधिक कार्य गर्ने व्यक्तिले त्यस्तो कार्य गरेको वा गरिरहेको अवस्थामा अन्य सो अपराधमा संलग्नता नै नभएका व्यक्ति विभिन्न कारण, प्रयोजन वा संयोगको कारणबाट त्यस्तो आपराधिक कार्य गर्ने व्यक्तिसमक्ष पुग्नसक्ने वा रहनसक्ने सम्भावना रहन्छ । यसबाट कुनै आपराधिक क्रिया भएको समयमा त्यस्तो कार्य गर्ने व्यक्तिसमक्ष पुगेकै वा रहेकै आधारमा निजको समेत त्यस्तो अपराधमा निरपेक्षरूपमा सो आपराधिक कार्य गर्ने व्यक्तिसरह आपराधिक दायित्व हुन्छ भन्नु फौजदारी अपराधमा व्यक्तिगत दायित्व हुन्छ भन्ने फौजदारी न्यायको मान्य सिद्धान्तसमेतको विपरीत हुन जाने ।

प्रतिवादीले आफू सेवनकर्ता भनी जिकिर लिए पनि निज सेवनकर्ता भए आफूलाई चाहिने मात्राको लागु औषध अर्का प्रतिवादी रञ्जित के.सी.सँग लिई जानुपर्नेमा नगई निजले लागु औषधको कारोबार गर्न बसेको ठाउँमा निजसँग बसी निजले अर्का प्रतिवादी रञ्जित के.सी. लाई आरोपित कसुर गर्न दुरूत्साहन दिई आफूसमेत सो आपराधिक कार्यको मतमा पसेको देखिन आयो । लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १७ मा यस ऐनअन्तर्गत सजाय हुने, अपराध गर्ने, षड्यन्त्र वा उद्योग गर्ने, त्यस्तो अपराध गर्न अरूलाई दुरूत्साहन गर्ने वा त्यस्तो अपराध गर्नमा मतियार हुने व्यक्तिलाई सोही अपराध गरेबापत हुने सजायको आधा सजाय हुनेछ भन्ने कानूनी व्यवस्था रहेको छ । प्रस्तुत कानूनी व्यवस्थाबमोजिम यी प्रतिवादीलाई अर्का प्रतिवादी रञ्जित के.सी.लाई भएको सजायको आधा सजाय हुने

देखिन आउने।

लागु औषध बरामद गर्ने कार्यमा संलग्न रहेका प्र.ना.नि. कृष्णकुमार यादव, प्र.ना.नि. पदमकान्त न्यौपाने, प्र.ह. अमृत राई, प्र.ज.राजराम कार्कीले अदालतमा आई बकपत्र गर्दा उक्त बरामदी मुचुल्का र प्रतिवेदनलाई समर्थन गरी बेहोरा लेखाएको पाइन्छ। यसबाट यी प्रतिवादीको साथबाट उल्लिखित लागु औषध बरामद भएको पुष्टि हुन आउँछ । यी प्रतिवादीबाट दाबीको लागु औषध बरामद भएको पुष्टि हुँदा यी प्रतिवादीलाई अभियोग माग दाबीबमोजिम कसुर ठहर गरेको सुरू फैसलालाई सदर गर्ने पुनरावेदन अदालतको फैसलालाई अन्यथा गर्नुपर्ने देखिन नआउने।

तसर्थ, उल्लिखित विवेचित आधार र कारणबाट पुनरावेदक प्रतिवादी रन्जित के सी ले आरोपित कसुर गरेको पुष्टि हुन आएकोले निजलाई अभियोग माग दाबीबमोजिम १० वर्ष कैद र रू.७५०००।- जरिवाना हुने ठहर गरेको सुरू काठमाडौं जिल्ला अदालतको मिति २०७०।०९।२२ को फैसलालाई सदर हुने ठहराएको पुनरावेदन अदालत पाटनको मिति २०७१।०९।०८ को फैसला सो हदसम्म मिलेको देखिँदा सदर हुने र प्रतिवादी शोभित गौतमलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १७ बमोजिम अर्का प्रतिवादी रञ्जित के.सी.लाई भएको सजायको आधा सजाय गर्नुपर्नेमा निजलाई समेत अर्का प्रतिवादी रञ्जित के.सी.सरह कैद वर्ष १०(दश) र रू.७५,०००।- (पचहत्तर हजार रूपैयाँ) जरिवानासमेत हुने ठहऱ्याएको सुरू काठमाडौं जिल्ला अदालतको मिति २०७०।०९।२२ को फैसलालाई सदर हुने ठहऱ्याएको पुनरावेदन अदालत पाटनको मिति २०७१।०९।०८ को फैसला सो हदसम्म केही उल्टी भई यी पुनरावेदक प्रतिवादी शोभित गौतमलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १७ बमोजिम कैद वर्ष ५ (पाँच) र रू.३७,५००।- (सैंतीस हजार पाँच सय रूपैयाँ) जरिवाना हुने।

इजलास अधिकृत(शा.अ.): बिमला पौडेल

कम्प्युटरः सिजन रेग्मी

इति संवत् २०७४ साल असार ०१ गते रोज ५ शुभम्।

३

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई,** ०६९-CI-०७२१, ०६९-CI-०६२२, अंश चलन, जयबहादुर श्रेष्ठसमेत वि. सुभाष श्रेष्ठसमेत, सुभाष श्रेष्ठसमेत वि. जयबहादुर श्रेष्ठसमेत

प्रतिवादीमध्येको कृष्णकुमार श्रेष्ठले मिति २०६४।१।३० मा अंश लिएको भरपाई गरिदिँदा आफ्ना सहअंशियारहरूलाई जानकारी दिएको समेत देखिँदैन । यस्तो अवस्थामा सम्पत्तिको हक जस्तो महत्त्वपूर्ण नैसर्गिक हकमा आघात पुग्ने अवस्था रहेको अवस्थामा वादीका पिता / पतिले अंश लिई गरिदिएको अंश बुझेको भरपाईकै आधारमा वादीहरूलाई अंशबाट वञ्चित गर्न मिल्ने देखिँदैन। यी वादी र प्रतिवादीबीच अंशबन्डा भएको नदेखिएको अवस्थामा आफूभन्दा तल्लो पुस्ताको अंश हकमा असर पार्ने उद्देश्यले तयार पारिएको बन्डापत्रलाई कानूनतः उपयुक्त मान्न मिल्दैन। यसै लगाउको लिखत बदर र अंश दपोट मुद्दामा वादीदाबी पुग्ने हदसम्म सोही मुद्दाहरूबाट ठहरेबमोजिम हुने नै भएकोले पुनरावेदन अदालत पाटनबाट भएको फैसला प्रमाण मूल्याङ्कनको रोहमा मिलेकै देखिन आउने।

तसर्थ, माथि विवेचित आधार, कारण, प्रमाण र सिद्धान्तहरू समेतबाट पुनरावेदन अदालत पाटनबाट मिति २०६९।२।२५ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः मनिराम ज्ञवाली

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७५ साल वैशाख १० गते रोज २ शुभम्।

- यसै लगाउको ०७३-CR-०६०५, जालसाजी, *जयबहादुर श्रेष्ठसमेत वि. बुद्धिसागर श्रेष्ठसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

४

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०६९-CI-००४३, निषेधाज्ञा, ईन्द्रबहादुर तामाङ वि. राजकुमार तामाङसमेत

निवेदकले अबन्डाको सम्पत्तिमा आई घर भत्काई रूप फेर्ने कार्य गर्ने आशङ्का दर्शाई निवेदन

दिएको देखिन्छ । विवादित कि.नं. ३९४को जग्गा तार लामा र इन्द्रबहादुर तामाङको नाममा रहने गरी र.नं. ८८ क मिति २०६३/४/११ मा पारित भएको सगोलनामाबाट देखिन्छ । उक्त कि.नं.को जग्गा निवेदकको दिदी जेप्सानीले विदेशबाट पठाएको रकमबाट किनेकोले विदेशबाट फर्किआएपछि दिदीको नाममा जाने गरी अंश मुद्दामा निवेदकसमेतबाट मिति २०६३/३/७ मा मिलापत्र भएको देखिन्छ । निवेदकले उल्लेख गरेको कि.नं.को जग्गा तार लामा र इन्द्रबहादुर तामाङको नाममा रही संयुक्त हकअधिकार कायमै रहेको अवस्था अद्यापी देखिन्छ । मूलतः अदालतले निषेधाज्ञाको आदेश जारी गर्दा हुन गइरहेको वा भइरहेको काम कारोबारबाट कुनै पनि व्यक्तिको कानूनीहकमा आघात पर्न जाने स्थितिको आशङ्काको विद्यमानतालाई नै हेर्ने गरिन्छ र त्यस्तो आशङ्का तथ्यपरक एवम् प्रमाण परक ढंगले पुष्टि भएको पनि हुनुपर्ने ।

निवेदकलगायतका अंशियारहरू बीच उक्त कि.नं.को जग्गा दिदीको नाउँमा गरिदिने गरी भएको मिलापत्रबाट निवेदकले निवेदनमा उल्लिखित कि.नं. का जग्गामा एक्लैको हकभोग स्थापित हुन नसकेको अवस्थामा घर भत्काउने आशङ्कासमेत रहे भएको दर्शाई दिएको निवेदनमा निषेधाज्ञाको आदेश जारी हुने गरी भएको पुनरावेदन अदालत पाटनको फैसला मिलेको देखिन नआउने ।

तसर्थ माथि विवेचित आधार कारण र सिद्धान्तसमेतबाट निषेधाज्ञाको आदेश जारी गर्ने गरी भएको पुनरावेदन अदालत पाटनको मिति २०६७/०८/०७ को फैसला मिलेको नदेखिँदा उल्टी भई निवेदकको निवेदन खारेज हुने ।

इजलास अधिकृत: मनिराम ज्ञवाली

कम्प्युटर: सञ्जय जैसवाल

इति संवत् २०७५ साल वैशाख १२ गते रोज ४ शुभम ।

५

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०७०-CI-११७७, परमादेश, नारायणबहादुर लामिछाने वि. पश्चिम क्षेत्रीय प्रहरी कार्यालय, पार्दी पोखरा

कुनै पनि सरकारी सेवामा रहेको सरकारी कर्मचारीले प्रचलित कानूनको पालना गर्नैपर्ने हुन्छ । ड्युटी नगरी बिदा बस्दा सम्बन्धित निकायमा पूर्वजानकारी गराई स्वीकृति लिनुपर्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रचलनसमेत रहेको पाइन्छ । कुनैपनि राष्ट्रसेवक लामो समयसम्म बिना कुनै जानकारी र स्वीकृतिबिनै गैरहाजिरी हुनसक्ने अवस्थाको विद्यमानतासमेत देखिँदैन । अझ यी निवेदक सुरक्षा निकाय जस्तो महत्त्वपूर्ण संवेदनशील निकायमा कार्यरत रहेको अवस्थामा कुनै सूचना वा जानकारीबिना आफूलाई खटाएको ठाउँबाट छाड्न मिल्ने अवस्थासमेत नदेखिने ।

देशमा भएको शान्ति सुरक्षाको बिग्रँदो अवस्थामा जागिर छाडि शान्तिकालमा १० वर्षपछि आई जागिरमा पुर्नस्थापना हुने ध्येयले बर्खास्त भएको जानकारी नपाएकोले जानकारी पाउन परमादेशको निवेदन माग गरेको देखिँदा जागिर छाडेको १० वर्षपछि सूचना माग्न आउनु न्यायोचितसमेत देखिन आउँदैन । लामो समयदेखि जागिरमा नरहेको अवस्थाको स्वयम् जानकारी हुँदाहुँदै पनि करीब १० वर्ष पछी मात्र जागिरबाट बर्खास्त भएको सूचना पाउँ भनी धेरै विलम्ब गरी निवेदन आएको देखिन्छ । यसरी धेरै विलम्ब गरी निवेदन दिनुको मनासिब कारणसमेत मिसिल संलग्न कागजातबाट नदेखिएको अवस्थामा निवेदन खारेज हुने ठहरी पुनरावेदन अदालतबाट मिति २०७०।१०।२२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः मनिराम ज्ञवाली

कम्प्युटरः चन्द्रा तिमल्सेना

संवत् २०७५ साल वैशाख १२ गते रोज ४ शुभम् ।

## इजलास नं. १०

**मा.न्या.श्री मीरा खड्का र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई,** ०७०-CI-०७८१, निषेधाज्ञा, ताराकान्त पाठकसमेत वि. मानेश्वर चौधरी

पुनरावेदकहरूले जुन स्थानलाई रिट निवेदकले बाटो भनी जिकिर लिई आएका छन् त्यसलाई बाटो नै हो र निकास बाटो अवरोध गरी निवेदकको ढोका झ्याल बन्द हुने गरी कुनै प्रकारको घर पर्खाल निर्माण कार्यसमेत नगरेको भनी लिखित जवाफमा बेहोरा उल्लेख गरेको

देखिन्छ। यसरी दे.नं. २१०५ को लिखत बदर खिचोला मुद्दाको फैसलामा विवादको न.नं.३को ९ फिटको बाटो रिट निवेदक मानेश्वर चौधरी र विपक्षी हेमचन्द्र चौधरीले साझा रूपमा प्रयोग गर्दै आएको भन्ने उल्लेख भई सो फैसला अन्तिम भएबाट ९ फिटको बाटो दुवै पक्षले प्रयोग गर्न पाउने नै देखिन आउने।

उक्त बाटो सार्वजनिक नभई निजी बाटो हो भन्ने पुनरावेदन जिकिर लिए पनि सो बाटो निजी हो भन्ने कुनै प्रमाण पुनरावेदकले पेस गरेको देखिएन। एक पटक मुद्दाबाट दुवै पक्षले प्रयोग गर्न पाउने गरी सार्वजनिक कायम भइसकेको बाटोलाई निजी मान्न मिलेन। अत: निवेदन मागबमोजिम निषेधाज्ञाको आदेश जारी गर्ने गरी पुनरावेदन अदालत जनकपुरबाट मिति २०७०।३।१६ मा भएको आदेश मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत : सुदिपकुमार भट्टराई

कम्प्युटर : उत्तरमान राई

इति संवत् २०७४ साल भदौ २६ गते रोज २ शुभम्।

## इजलास नं. ११

१

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०६७-CI-०३१८, जग्गा खिचोला चलन, देवनारायण यादव वि. गंगाप्रसाद यादव

विवाद देखाएको न.नं.११ मा रहेको ०-०-२-३ १/२ जग्गा वादीको जग्गामा जोड्दा ०-१-५-४ १/२ भई ०-०-४ १/२ जग्गा मात्र बढी हुने देखियो। यसरी हेर्दा प्रतिवादीको नक्सामा विवाद नदेखाएको जग्गा नै न.नं. १२ मा कि.नं. २६८ को स्रेस्ता र टायल चेकभन्दा बढि जग्गाको देखिँदा विवाद देखाएको न.नं.११को जग्गासमेत जोड्दा वादीको स्रेस्ता र टायल चेकको क्षेत्रफलभन्दा केही बढी देखिए तापनि दुवैको क्षेत्रफल नरबढी भएकै देखिएको स्थितिमा न.नं. ११को जग्गा वादीकै भन्नु न्यायोचित हुने।

अतः माथि विवेचित आधारमा विवादित न.नं. ११ को जग्गा वादीको कि.नं. २० भित्रको देखिएकोमा नक्सामा प्रतिवादीले भोग गरेको भनी उल्लेख भएको हुँदा उक्त न. नं. ११ को जग्गामा प्रतिवादीले खिचोला गरेको देखिन आयो। तसर्थ सो जग्गामा वादी दाबी पुग्न नसक्ने गरी धनुषा जिल्ला अदालतबाट मिति २०६२।४।२० मा भएको फैसला नमिली उल्टी भई दाबीबमोजिम खिचोला मेटाई चलन चलाई दिनेसमेत ठहर्छ भनी पुनरावेदन अदालत जनकपुरबाट मिति २०६६।५।७ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: मुकुन्द आचार्य

कम्प्युटरः देवीमाया खतिवडा

इति संवत् २०७४ साल असार ११ गते रोज १ शुभम्।

२

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०६७-CI-०८८२, निर्णय दर्ता बदर, भगवती थापा वि. पुरूषत्तोमनारायण मानन्धर

विभिन्न व्यक्तिहरूले आ-आफ्नो स्रोत देखाई जग्गा दर्ताको माग गरेको अवस्थामा प्रमाणको मूल्याङ्कन गरी निर्णय गर्ने अधिकार मालपोत ऐनले मालपोत कार्यालयलाई प्रदान नगरेको अवस्थामा आ-आफ्नो हक कायम गराई ल्याउनु भनी जिल्ला अदालत पठाउनु पर्नेमा आफैँले अधिकारक्षेत्र ग्रहण गरी मोहीका नाउँमा एकलौटी दर्ता हुने भनी गरेको मिति २०६२।३।३१को निर्णयमा अधिकार क्षेत्रात्मक त्रुटि भएको देखिने।

मालपोत ऐन, २०३४ को दफा ३१ मा पुनरावेदनसम्बन्धी व्यवस्थाअन्तर्गत दफा ७ अन्तर्गत मालपोत कार्यालयले गरेको निर्णयउपर उक्त दफा ३१ अनुसार पुनरावेदन अदालतमा पुनरावेदन लाग्ने व्यवस्था भएको पाइन्छ। यस्तो अवस्थामा पुनरावेदन अदालत पाटनले क्षेत्राधिकारविहीन पुनरावेदन लिई निर्णय गरेको हुँदा उक्त निर्णय बदर गरिपाउँ भन्ने पुनरावेदकको पुनरावेदन जिकिर पुग्नसक्ने नदेखिने।

अतः उल्लिखित आधार कारणबाट मालपोत कार्यालयले हकवेहकमा अधिकारक्षेत्र ग्रहण गरी गरेको निर्णय मिलेको नदेखिँदा बदर गरिदिएको छ। अब जो जे बुझ्नु पर्दछ बुझी हक बेहकको प्रश्न समावेश भएकोमा अदालतबाट हक कायम गराई ल्याउनु भनी उपस्थित पक्षलाई तारेख तोकी अनुपस्थित पक्षलाई झिकाई सुनाइदिनु, प्रस्तुत मुद्दाको मिसिल मालपोत कार्यालय काठमाडौंमा पठाइदिने ठहर्छ भनी पुनरावेदन अदालत पाटनबाट मिति २०६६।३।८ मा भएको फैसला मिलेको

देखिँदा सदर हुने।
इजलास अधिकृत: मुकुन्द आचार्य
कम्प्युटर : प्रेमबहादुर थापा
इति संवत् २०७४ साल असार ११ गते रोज १ शुभम् ।

## इजलास नं. १२

१

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०७०-CI-०२२५, मोही निष्काशन, भागरतीदेवी खुलवटिन वि. देवकुमारी थापा

प्रत्यर्थी वादी देवकुमारी थापाको सासु नेत्रकुमारी थापाको नाउँ दर्ताको जिल्ला पर्सा गा.वि.स. प्रसौनी बिर्ता वडा नं. ५ कि.नं. १७९ को ज.वि. ०-१-० ऐ. वडा नं. ५ कि.नं. १८३ कित्ताकाट भई कायम कि.नं. २७७ को ज.वि. ०-२-१९ जग्गाको दर्तावाला मोही यी पुनरावेदकको ससुरा छतर खुलवट भएको र निजको मृत्युपश्चात् सो जग्गा निजको छोरा तथा पुनरावेदकको श्रीमान् विजन महतो खुलवटका नाउँमा मोही नामसारी भई आएको तथ्यमा विपक्षी वादीले स्वीकार गरेको पाइन्छ । पुनरावेदक प्रतिवादीका पति विजन महतो खुलवट उक्त जग्गाको विधिवत् मोही भएको भन्ने देखिन्छ । निज विजन महतोको मोहियानी हक कहिँकतैबाट समाप्त भएको भन्ने देखिँदैन । भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६(१) को कानूनी व्यवस्था हेर्दा पतिको मोहियानी हक निजपछि पत्नीलाई प्राप्त हुने भन्ने रहेको पाइने ।

भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६ख, २६ग र २६घ को चौथो संशोधनद्वारा मिति २०५३।९।२४ मा थप गरिएको देखिन्छ। सो दफाहरूमा जग्गावाला र मोहीलाई आधाआधा हुने गरी मोहियानी रहेको जग्गा बाँडफाँड गरी मोही लगत कट्टा गरिदिन पर्ने भन्ने प्रावधानहरू रहेको पाइन्छ। मोही लागेको जग्गामा मोहीको आधा हक सुनिश्चित गरी मोहीले आफ्नो हक बाँडफाँड गरी जोतेको भूमिको आधा हिस्सामा मोहीलाई जग्गाको मालिक बनाउने उद्देश्य लिई उक्त ऐनको प्रादुर्भाव भएको पाइन्छ। जोतेको जग्गामा मोहीको आधी हिस्सा जग्गाधनीसरह बराबर रूपमा स्वामित्व प्राप्त गर्ने ऐनले स्पष्ट कानूनी व्यवस्था गरेको देखिन्छ । जग्गामा मोहीको आधा हक जग्गाधनीसरह रहने गरी भएको सो कानूनी व्यवस्था र विधायिकी मनसायबाट सो संशोधन भएपश्चात् मोहियानी हकबाट निष्काशन गर्न मिल्ने नदेखिने ।

पुनरावेदक प्रतिवादी भागरथीदेवीको निवेदनबाट मिति २०५७।९।२६ मा मोही नामसारी हुने र मिति २०५७।११।१ मा मोही बाँडफाँड हुने गरी भूमिसुधार कार्यालय पर्साबाट भएको निर्णयउपर विपक्षी वादीले यस अदालतमा रिट नं.४०१५ को उत्प्रेषणको रिट निवेदन दिई सो निर्णयहरू बदर हुने ठहरी यस अदालतबाट मिति २०६१।२।१९ मा आदेश भएको देखिन्छ । जग्गाधनीलाई सुनुवाइको मौका नै नदिई भएको निर्णय बदर गरिएको भन्नेसम्म सो फैसलाबाट देखिन आएको छ। पुनरावेदकका पतिको नाउँमा रहेको उक्त जग्गाहरूको मोहियानी हक समाप्त गर्ने गरी आदेश भएको छैन । जग्गाधनीलाई सुनुवाइको मौका नदिई प्राकृतिक न्यायको सिद्धान्तविपरीत एकतर्फी रूपमा मोही नामसारी र जग्गा बाँडफाँड गर्ने गरेको भूमिसुधार कार्यालयको निर्णय उत्प्रेषणको आदेशद्वारा बदर भएको आधारले मोही हक नै समाप्त हुने होइन । रीतपूर्वक नभएमा निर्णयहरू बदर भएको र मोही नामसारीसमेतको मुद्दा भूमिसुधार कार्यालयमा विचाराधीन रहेको भन्ने देखिने ।

भूमिसुधार कार्यालय पर्सामा विचाराधीन रहेको मोही नामसारी गरिपाउँ भन्ने निवेदनबाट मोही नामसारी सम्बन्धमा आवश्यक कानूनबमोजिम निर्णय हुने अवस्थामा रहेको छ। यसर्थ, यस अदालतबाट रिट नं. ४०१५ बेग्लै प्रसङ्गमा भएको आदेशको आधार लिई पुनरावेदन प्रतिवादीलाई मोहियानी हकबाट निस्काशन गर्ने गरी पुनरावेदन अदालत हेटौंडाबाट भएको फैसला मिलेको नदेखिने।

अतः उल्लिखित तथ्य एवम् प्रमाणहरूको आधारबाट दाबीको साबिक कि.नं. १७९ हाल कि.नं. ४१८, ४१९ साबिक कि.नं. २७७ हाल कि.नं. ४२०, ४२१ को जग्गामा रहेको यी पुनरावेदक भागरतीदेवी

खुलवटिनको मोही हक निष्काशन गर्ने गरी भएको सुरू पर्सा जिल्ला अदालतको फैसला सदर हुने ठहराई पुनरावेदन अदालत हेटौंडाबाट मिति २०६८।११।२१ मा भएको फैसला मिलेको नदेखिँदा उल्टी हुने।

इजलास अधिकृत: यमप्रसाद बास्कोटा

कम्प्युटर: मन्जिता ढुङ्गाना

इति संवत् २०७३ साल कात्तिक २३ गते रोज ३ शुभम्।

- यसै लगाउको ०७०-CI-०२२३, घर भत्काई जग्गा खिचोला छोडाई चलन, भागरतीदेवी खुलवटिनसमेत वि. देवकुमारी थापा
- ०७०-CI-०२२४, घर भत्काई जग्गा खिचोला छोडाई चलन, भागरतीदेवी खुलवटिनसमेत वि. देवकुमारी थापा

२

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०७३-CR-१६३१, ०७३-RC-००९६, कर्तव्य ज्यान, यावेश राईसमेत वि. नेपाल सरकार र नेपाल सरकार वि. यावेश राईसमेत

मृतक र प्रतिवादीहरूबीच वारदात हुनुअगाडि नै आपसी मनमुटाव भएको भन्ने देखिन्छ । पूर्वरिसइवीको कारण वारदातको अघि मिति २०७०।३।४ गते अन्दाजी १०/११ बजेदेखि नेले बजारबाट नै मृतकलाई पिछा गरेर हिडेको कुरा प्रतिवादीहरूको बयानबाट देखिन्छ । सोही रिसइवी साध्नको लागि बासको लाठीसहित विभिन्न वस्तुको प्रयोग गरी प्रतिवादीहरूले पटकपटक लात्ती मुड्कीले प्रहार गरी मृत्यु भएपश्चात् पनि मृतकलाई घिसार्दै लतार्दै बाँसघारीमा लगी छोडेको पाइन्छ । मारिसकेपश्चात् पनि खुकुरीले मृतकको कपालको रौ काटी दिएको तथ्य स्थापित भएको छ। उक्त प्रमाणहरूबाट पुनरावेदकहरूले ज्यानसम्बन्धी महलको १ र १३(३) नं. बमोजिमको कसुर गरेको पुष्टि हुन आएको देखिने।

वारदात हेर्दा प्रतिवादीहरूले अघिल्लो दिनको घटनाको कारण पूर्वरिसइवी लिई योजना बनाई समूहगत रूपमा हातमा लाठा, खुकुरीसमेत लिई मृतकलाई खोज्दै पिछा गर्दै गएको भन्ने तथ्य रहेको देखिन्छ। मृतकको लासजाँच मुचुल्का शव परीक्षण प्रतिवेदनमा शरीरको छाति, अनुहार, शरीरको पछाडिको भागलगायत विभिन्न भागमा चोटपटक लागेको कारण Death due to polytrauma बाट रोनियर राईको मृत्यु भएको भन्ने पोष्टमार्टम रिपोर्ट रहेको छ । मृतकको शरीरमा परेको घा खत हेर्दा सामूहिक रूपमा कुटपिटको कारणबाट पर्न गएको देखिन्छ। यसप्रकारको सामूहिक कुटपिटको घटनाबाट मार्ने मनसाय रहेको पुष्टि भएकोले उक्त ज्यानसम्बन्धी महलको १४ नं. आकर्षित हुने नदेखी सोतर्फको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

पूर्वरिसइवीका कारण योजना बनाई समूहगत रूपमा लाठा, खुकुरीसमेत लिएर शरीरको विभिन्न भागमा कुटपिट गरेका कारण मृत्यु भएको पाइएको छ। प्रतिवादीहरूले पूर्वरिसइवी साँध्न कुटपिट मात्र गरेका छैनन् भाग्न उम्कन नपायोस् भनी सबैजनाले समातेर पालैपालो आक्रमण गरी मरिसकेपछि पनि घिसार्दै लतार्दै बासघारीमा लगी फाली फरार भएको पाइएको छ । वारदातको प्रकृति र घटनालाई विचार गर्दा अ.बं. १८८ नं. बमोजिम कम सजाय गरिपाउँ भन्ने पुनरावेदकको जिकिरसँग पनि सहमत हुन नसकिने।

तसर्थ, पुनरावेदक / प्रतिवादीहरू यावेश राई, पासाङनुरू शेर्पा, माधव कुलुङ्ग, भिमनारायण श्रेष्ठ, तिखु भन्ने गंगाबहादुर राईलाई ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जन्मकैदको सजाय ठहर गरेको पुनरावेदन अदालत, राजविराजबाट भएको मिति २०७२।३।७ गतेको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: दुर्गाप्रसाद भट्टराई

कम्प्युटरः विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७४ साल भदौ १९ गते रोज २ शुभम्।

३

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०७१-CR-०३९३, ०७१-CR-०५०८ र ०७१-CR-०७२१, कर्तव्य ज्यान, रेशबहादुर बरैसमेत वि. नेपाल सरकार, महेन्द्र थापासमेत वि. नेपाल सरकार र नेपाल सरकार वि. हेमलाल डाँगीसमेत

मृतकलाई तीन चार पटक हानेको भनी प्रतिवादीमध्येका हेमलाल डाँगीले अधिकारप्राप्त अधिकारीसमक्ष साबिती भई बयान गरेको र उक्त कार्यमा प्रतिवादीहरू नन्दलाल बरै, भुपेन्द्र पुन, महेन्द्र थापासमेतको संलग्नता रहेको भनी उल्लेख गरेको

देखिन्छ । यसैगरी प्रतिवादीमध्येका नन्दलाल बरैले मृतकलाई आफूले मुखमा र कुममा एक एक चोटी कुटपिट गरेकोमा साबिती भई सो कुटपिट गर्ने कार्यमा हेमलाल डाँगी, भुपेन्द्र पुन र महेन्द्र थापासमेतको सहभागिता रहेको भनी लेखाइदिएको देखिन्छ । यस्तै प्रतिवादीमध्येकै महेन्द्र थापाले मौकामा बयान गर्दा मृतकलाई ढाडमा एकचोटी कुटपिट गरेको स्वीकारेको र अन्य प्रतिवादीहरू हेमलाल डाँगी, नन्दलाल बरै र भुपेन्द्र पुनको समेतको संलग्नता रहेको भनी बयान गरेको देखिएको छ । प्रतिवादीमध्येका रेशमबहादुर बरैले मादक पदार्थ सेवन गरेको सुरमा २/४ पटक कुटपिट गरेको स्वीकार गरेको अवस्था छ । यसबाट प्रतिवादीहरूले मृतकलाई कुटपिट गरेकोमा साबित भई बयान गरेको र कुटपिट गर्ने कार्यमा सबैको संलग्नता रहेको भनी एक आपसमा पोल गरेको अवस्थासमेत देखिएको पाइने ।

प्रतिवादीहरूले मृतकलाई रेशमबहादुर बरैको घरमा ल्याई खम्बामा बाँधी लात्ता, मुक्काले हानेको, हेमलाल डाँगीले तीन चोटी छातीमा हानी खम्बाबाट खोली जमिनमा पछारिदिएको बेहोरा उल्लेख गरी घटना विवरणमा कागज गर्ने कले दमाईसमेतले लेखाइदिएको र उक्त कुरा अदालतमा उपस्थित भई बकपत्रसमेत गरेको देखिन्छ । मृतकलाई बाँध्न प्रयोग गरिएको डोरी घटनास्थलबाट बरामद भएको र सो डोरीसमेत सनाखत भएको देखिएको छ । यसबाट प्रतिवादीहरूले मृतकलाई बाँधछाँद गरी लात, मुक्काले हानेको र सोही चोटको कारण मृत्यु भएको भन्नेसमेत तथ्य शङ्कारहित तवरबाट प्रमाणित भएको देखिन आउने ।

प्रतिवादीहरूले मृतकलाई सामूहिकरूपमा नियन्त्रणमा लिई कुटपिट गरेको, बाँधछाँद गरेको, र पटकपटक लात मुक्काले प्रहार गरेको कुरा पुष्टि भएको छ । झगडा भएको ठाउँबाट अन्यत्र ठाउँमा लानु, खम्बामा बाँध्नु र कुटपिट गर्नु, धेरै जना भई पालैपालो पटकपटक चोट छाडेको जस्ता घटनाक्रम देखिन आएको छ । यस अवस्थाको वारदातलाई उसै मौकामा उठेको रिस थाम्न नसकी आवेशमा आएको कारणबाट ज्यान मर्न गएको भनी ठहर गर्नु मनासिब हुँदैन । मादक पदार्थ सेवन गरेको अवस्थाका एक्ला व्यक्तिलाई हेमलाल डाँगीसमेतका धेरै जना प्रतिवादीहरूले नियन्त्रणमा लिइसकेपछि बाँधछाँद गरेको र पटकपटक कुटपिट गरेको अवस्था देखिँदा यसलाई आवेशप्रेरित हत्या ठहर गर्नु तार्किक देखिँदैन । प्रस्तुत मुद्दासम्बन्धी वारदात ज्यानसम्बन्धीको १३(३) नं. बमोजिमको कसुर ठहर हुने प्रकृतिको वारदात हो भन्ने देखिने ।

तसर्थ, प्रतिवादीहरू हेमलाल डाँगी, नन्दलाल बरै, महेन्द्र थापा, रेशमबहादुर बरै तथा भुपेन्द्र पुनलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. बमोजिम १०(दश) वर्ष कैदको सजाय गर्ने गरी भएको पुनरावेदन अदालत तुलसीपुर दाङको मिति २०७१/२/१३ को फैसला केही उल्टी हुन्छ र प्रतिवादीहरू हेमलाल डाँगी, नन्दलाल बरै, महेन्द्र थापा, भुपेन्द्र पुन र रेशमबहादुर बरैले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिमको कसुर गरेको ठहर्छ । निजहरू मध्ये कसको चोटपिरको कारणबाट ज्यान मरेको भन्ने खुल्न नआएको र सबैले कुटपिट गरेको, मर्नेको जिउमा हात हालेको देखिएको हुँदा उल्लिखित ५ जना प्रतिवादीलाई जनही जन्मकैदको सजाय हुने ।

मौकामा बुझिएका कुन्ति बरै, कले दमाईसमेतले मृतकलाई यी प्रतिवादीहरूले हानेका होइनन् भनी उल्लेख गरेका छन् । प्रतिवादीहरूले अनुसन्धान अधिकारी तथा अदालतमा समेत मृतकलाई कुटपिट गर्ने कार्यमा संलग्न नरहेको भनी कसुरमा इन्कार रहि बयानगरेको देखियो । मुद्दाका सहअभियुक्त र घटनाको प्रत्यक्षदर्शीको रूपमा रहेका कुन्ति बरैसमेतका व्यक्तिहरूको कागजबाट यी प्रतिवादीहरू ज्यान लिनेसम्मको कार्यमा प्रत्यक्ष तथा अप्रत्यक्षरूपले संलग्न रहेको देखिन आएन । उल्लिखित प्रतिवादीहरूको ज्यान लिने कार्यमा संलग्नता रहेको तथ्य प्रमाणित भएको नदेखिएको हुँदा केबल देउसी भइली खेल्ने क्रममा घटनास्थलमा पुगेको भन्ने आधारमा कसुरदार ठहर गर्नु न्यायोचित देखिँदैन । निजहरूलाई सफाई दिने गरी भएको हदसम्मको फैसला मिलेकै देखिने ।

समग्र घटनाक्रमबाट भवितव्य प्रकृतिबाट वारदात हुन पुगेको हो कि भनी शङ्का गर्नुपर्ने केही स्थिति पनि देखिन आएको छ । तसर्थ, प्रतिवादीहरू हेमलाल डाँगी, नन्दलाल बरै, महेन्द्र थापा, भुपेन्द्र पुन र रेशमबहादुर बरै ५ जनालाई ज्यानसम्बन्धी महलको

१३(३) बमोजिम जन्मकैद हुने ठहर भएबमोजिम सजाय नगरी मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम निजहरूलाई जनही १० (दश) वर्ष मात्र कैद सजाय हुने ।

इजलास अधिकृतः केदारनाथ पौडेल

कम्प्युटरः विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७४ साल कात्तिक २६ गते रोज १ शुभम् ।

४

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०७३-WO-०५१४, उत्प्रेषण / परमादेश, रामबहादुर थापासमेत वि. भक्तपुर जिल्ला अदालत, भक्तपुरसमेत

रिटसम्बन्धी मान्यता, अभ्यास वा प्रचलनका दृष्टिले हेर्दा रिट क्षेत्राधिकारबाट अपुताली हकको तथ्यगत प्रश्न निरूपण गर्नु उचित देखिँदैन । कुनै न्यायिक कारबाही वा प्रक्रियालाई मुलतबीमा राख्नका लागि पनि अ.बं. १२ नं. समेतको कानूनबमोजिमको पूर्वावस्था विद्यमान हुनु पर्दछ । कुनै पक्षको सुविधा वा चाहनाका आधारमा मुद्दा मुलतबी रहने होइन । अदालतबाट भएको फैसला कार्यान्वयन प्रक्रियालाई लामो समयसम्म रोक्नु उचित पनि देखिँदैन । यसका अतिरिक्त मुलतबी राख्न पर्ने वा नपर्ने सम्बन्धमा तह-तह अदालतबाट सुनुवाइ भएको र आदेश गरिएको देखिन्छ । यसरी नियमित अदालतको प्रक्रियामा रहेको यसप्रकारको विवादमा पुनरावेदनको रोहमा सुनुवाइ गरेको जस्तो गरी रिट क्षेत्राधिकारबाट विवादको तथ्यमा प्रवेश गरी न्याय निरूपण गर्नु उचित हुँदैन । नियमित अदालतबाट सुनुवाइ भरहेको प्रभावकारी वैकल्पिक उपचारको बाटो कायम रहेको देखिएको र सोही प्रक्रियाका सन्दर्भमा उच्च अदालत, पाटनबाट मिति २०७३।८।१६ मा आदेश भएको देखिएको हुँदा निवेदन मागबमोजिम रिट आदेश जारी गर्न नमिल्ने ।

अतः मिति २०७२।१०।१७ गतेको बन्डा मुचुल्कालाई अंश नामसारी दा.खा. मुद्दा अन्तिम नभएसम्म अ.बं.१२ नं. बमोजिम मुलतबीमा राख्ने गरी भएको भक्तपुर जिल्ला अदालतको मिति २०७२।१२।५ गतेको आदेश बदर गरेको उच्च अदालत, पाटनको मिति २०७३।८।१६ गतेको आदेश नियमित अदालतबाट तथ्यगत प्रश्नहरूको निरूपणका सन्दर्भमा भएको देखिएको, यसबाट रिट निवेदकको कुनै संवैधानिक तथा कानूनी हकमा आघात परेको नदेखिएको र अदालतको साधारण क्षेत्राधिकारबाटै निरूपण हुने गरेको यसप्रकारको विवादमा असाधारण क्षेत्राधिकारबाट सुनुवाई गर्नु मनासिबसमेत नदेखिएको हुँदा निवेदन मागबमोजिम आदेश जारी गर्न मिलेन । निवेदन खारेज हुने ।

इजलास अधिकृत: दुर्गाप्रसाद भट्टराई

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७४ साल माघ २८ गते रोज १ शुभम् ।

५

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई,** ०६८-CI-०४२९, अंशचलन, रामवतीदेवी महतोसमेत वि. रामस्वरूप महतो

प्रत्यर्थी प्रतिवादी यिनै वादी प्रतिवादीहरूका बाबु ससुरा कुसुमलाल महतो र सोनाई महतो कोइरी पुनरावेदक वादी भई चलेको २०४३ सालको दे.नं. ७२८ को अंश दपोट मुद्दामा मुखियादेवी महतोको नाउँमा रहेको कि.नं. ५६ को जग्गाबाट समेत वादी सोनाई महतोले अंश पाउने ठहरी यस अदालतबाट मिति २०५३।०२।२२ मा फैसला भएको देखिन्छ । यसरी मूल अंशियाराकै बीचमा अंश लाग्ने ठहरेको उक्त जग्गा वादी प्रतिवादीहरूको पैतृक देखिँदा उक्त कि.नं. ५६ को जग्गा पुनरावेदक प्रतिवादी मुखियादेवी महतोको निजी मान्न नमिल्ने ।

त्यसैगरी कि.नं. १६९ र २७६ को जग्गा मिति २०५९।१।२ मा राजीनामा गरी लिई पुनरावेदक प्रतिवादी रामवतीदेवी महतोको नाउँमा कायम भएको देखिन्छ । प्रमाण ऐन, २०३१ को दफा ६(१) अनुसार अन्यथा प्रमाणित भएकोमा बाहेक एकाघरसँगका अंशियारहरू मध्ये जुनसुकै अंशियारको नाममा रहेको सम्पत्ति सगोलको सम्पत्ति हो भनी अदालतले अनुमान गर्नु पर्दछ । उल्लिखित जग्गा पुनरावेदक रामवतीले राजीनामा गरी लिँदाको अवस्थामा वादी प्रतिवादीहरू सगोलको अंशियार रहेको तथ्य स्थापित छ । पुनरावेदकले उक्त सम्पत्ति यो यस्तो निजी स्रोतको कमाईको रकमबाट खरिद गरी लिएको हो भनी कुनै लिखत प्रमाण पेस गरी स्थापित गर्नसकेको देखिँदैन । यस अवस्थामा सगोलमा रहँदामा कुनै

अंशियारको नाउँमा खरिद गरिएको सम्पत्तिलाई सगोलको मान्नु पर्ने हुन्छ । तसर्थ पुनरावेदकले जिकिर लिएका उल्लिखित जग्गाहरू समेत निजी आर्जनको भन्ने अवस्था नरहने ।

अतः सुनसरी जिल्ला अदालतको फैसलालाई केही उल्टी गरी कि.नं. ५६, १६९ र २७६ का जग्गामा समेत वादीहरूको बन्डा लाग्ने ठहऱ्याएको पुनरावेदन अदालत विराटनगरको मिति २०६७।९।२८ को फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृतः बिमला पौडेल

कम्प्युटरः अभिषेककुमार राय

इति संवत् २०७३ साल फागुन १८ गते रोज ४ शुभम् ।

६

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई,** ०७२-CR-१५७९, जबरजस्ती करणी, ईश्वरबहादुर महरा वि. नेपाल सरकार

पीडितलाई जबरजस्ती करणी गरेको स्थानमा घाँसहरू मडारिएको देखिएको भन्ने बेहोराको घटनास्थल प्रकृति मुचुल्का छ । पीडिताले मौकामा अनुसन्धानको क्रममा आफूउपर प्रतिवादीले जबरजस्ती करणीको आपराधिक कार्य गरेको भनी लेखाइदिएको तथा सो बेहोरालाई अदालतमा समेत आई समर्थन गरी बकपत्रसमेत गरेकी छिन् । जबरजस्ती करणी कसुरमा पीडिताको अस्मिता लुटिन गएको मिसिल संलग्न प्रमाणबाट देखिँदा, निज पीडिताको उक्त कथन महत्त्वपूर्ण प्रमाणको रूपमा हेर्नुपर्ने हुन्छ । पीडिताको स्वास्थ्य परीक्षण प्रतिवेदन तथा निजको बकपत्र जाहेरवालाको बकपत्रसमेतका प्रमाणबाट प्रतिवादीले पीडितलाई जबरजस्ती करणी गरेको पुष्टि हुन आउने ।

वारदातको घटना लामो समयअघि भएको र प्रस्तुत मुद्दामा संकलित तथ्य, प्रमाण, अनुसन्धानको काम कारबाही तथा प्रतिवादीको कसुर गर्दाको उमेर अवस्थालाई समेत विचार गर्दा निज प्रतिवादीलाई तत्कालीन जबरजस्ती करणी महलको ३ नं. अनुसार ६ वर्ष कैदको सजाय गर्नु मनासिब देखिन आई निज प्रतिवादीलाई ९ वर्ष कैद सजाय गर्ने गरेको पुनरावेदन अदालत, तुलसीपुरको मिति २०७२।५।२ को फैसला सो हदसम्म मिलेको नदेखिँदा केही उल्टी भई प्रतिवादी ईश्वरबहादुर महरालाई ६ वर्ष कैद र तत्कालीन जबरजस्ती करणी महलको १० नं. अनुसार प्रतिवादीको आधा अंश पीडिताले भराई पाउने ।

इजलास अधिकृत: विद्याराज पौडेल

कम्प्युटरः विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७४ साल असार २२ गते रोज ५ शुभम् ।

७

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई,** ०७३-WO-००५२, उत्प्रेषण, रामदेव राउत कुर्मी वि. रामशरण राउत कुर्मीसमेत

फैसला कार्यान्वयन कार्यबाट नै पक्षले न्यायको अनुभूति प्राप्त गर्ने हुन्छ । फैसलाअनुसार कार्यान्वयन भई लामो अवधि व्यतित भइसकेपछि सो कार्यान्वयनको कार्य जहिलेसुकै पनि संशोधन हुने, बदर हुने हो भने फैसला कार्यान्वयनको अन्तिमता नहुने भई सम्पत्तिको स्वामित्व भोगाधिकारमा समेत सदैव अन्यौल सृजना हुन जाने हुन्छ । फैसला कार्यान्वयको सिलसिलामा भएका काम कारबाही चित्त नबुझ्ने पक्षलाई १५ दिनभित्र हाकिमसमक्ष उजुर गर्नुपर्ने कानूनी व्यवस्थाको उद्देश्य पनि फैसला कार्यान्वयनलाई छिटो टुङ्गोमा पुऱ्याई अदालतबाट भएको न्याय व्यावहारिकरूपमा नै पक्षले समयमा नै प्राप्त गर्न सकुन् भन्ने नै हो । फैसला कार्यान्वयनको काम कारवाहीमा सानातिना कमिकमजोरीलाई आधार मानी बदर गर्नु मनासिब नहुने ।

वस्तुतः मिति २०६५।६।४ को बन्डा मुचुल्का संशोधन गर्ने गरी सुरू पर्सा जिल्ला अदालतबाट मिति २०७१।९।२५ मा भएको आदेशलाई बदर गर्ने गरी पुनरावेदन अदालत, हेटौंडाबाट मिति २०७२।१०।२८ मा भएको आदेशमा कुनै कानूनी त्रुटि नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: विद्याराज पौडेल

इति संवत् २०७४ साल असार २२ गते रोज ५ शुभम् ।

८

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.डा. श्री आनन्दमोहन भट्टराई,** ०७१-CR-१४१९, कर्तव्य ज्यान, नेपाल सरकार वि. भागीराम थारू

तत्काल वादविवादमा आफूलाई उठेको रिस थाम्न नसकी प्रतिवादीले बाँसको लाठी लिई पीडित

रामरती ठाकुर र उनीसँगै रहेकी छोरी लक्ष्मी ठाकुरलाई हानेको र सोही चोटका कारण दुवै जना घाइते भई उपचारको लागि अस्पताल लगिएको उपचारको क्रममा मृतकको मृत्यु भएको देखिन्छ । ज्यानसम्बन्धी महलको १३(३) नं. आकर्षित हुन मनसाय, रिसइवी जस्ता अपराधका तत्त्वहरू विद्यमान हुनुपर्ने हुन्छ । प्रस्तुत मुद्दामा त्यस्तो कुनै तत्त्वको विद्यमानता देखिएको छैन । सामान्य विवादमा रिस उठी पूर्वयोजना र मनसायबिना कुटपिट गरेको जोखिम हतियार प्रयोग भएको नदेखिएको र यी मृतकलाई मार्नु पर्नेसम्मको कुनै कारण रिसइवी थियो भनी अभियोजन पक्षबाट खुलाउनसकेको अवस्था पनि मिसिल संलग्न प्रमाणबाट नदेखिने ।

वारदातमा मृतक नाबालक रहेकी र उनको अभिभावकसँग यी प्रतिवादीको सामान्य विषयमा विवाद उत्पन्न भई रिस थाम्न नसकी सोही विवादमा यी प्रतिवादीले बाँसको लाठीसमेत लिई प्रहार गरी सोही प्रहारबाट लागेको चोटका कारण मृतकको मृत्यु हुन गएको पुष्टि भएको हुँदा ज्यानसम्बन्धी महलको १३(३) नं. आकृष्ट हुने देखिएन । प्रतिवादीलाई उक्त महलको १४ नं. बमोजिम आवेशप्रेरित हत्यातर्फ १०(दश) वर्ष कैद सजाय गरेको सुरू फैसला उल्टी गरी अभियोग दाबीअनुरूप नै ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको तर्फबाट पर्न आएको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

अतः माथि विवेचित आधार कारण र प्रमाणहरूबाट प्रतिवादी भागिराम थारू र मृतक लक्ष्मी ठाकुरबीच पूर्वरिसइवी नरहेको, मृतकका अभिभावक र प्रतिवादीबीच सामान्य विषयमा विवाद उत्पन्न भई सोही विवादमा प्रतिवादीले तत्काल रिस उठी बाँसको लाठी लिई सो लाठीले हान्दा सोही चोटबाट उपचारको क्रममा मृतकको मृत्यु भएको मिसिल संलग्न प्रमाणहरूबाट पुष्टि भएको देखिँदा प्रतिवादी भागीराम थारूलाई ज्यानसम्बन्धी महलको १४ नं. बमोजिम १० वर्ष कैद हुने ठहरी भएको पुनरावेदन अदालत बुटवलको मिति २०७१।१०।११ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः केदारनाथ पौडेल

कम्प्युटरः विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७४ साल भदौ १५ गते रोज ५ शुभम् ।

९

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई,** ०७०-CR-१४०३, कर्तव्य ज्यान, रामएकवाल राय (यादव) वि. नेपाल सरकार

दाजु रामएकवाल सम्पत्तिसम्बन्धी विवादमा झैझगडा गर्न भाइ विन्देश्वरको घरमा गएको र वादविवाद झैझगडा हुँदा कुटपिट भएको तथ्य पुष्टि भएकोले प्रतिवादी रामएकवालले नै आमा मृतक सम्पतीयादेवीलाई लाठीसमेतले प्रहार गरी मारेको भनी प्रत्यक्षदर्शी चश्मदिद गवाह अच्छेलालको जाहेरी र बकपत्रले प्रमाणित भएको देखिन आउने ।

मृतकको शव परीक्षण प्रतिवेदन (Autopsy Report) मा Fracture of 1st to 4th and 6th ribs भन्नेसमेत र Cause of death: Due to haemorrhagic shock as a result of blunt trauma to the neck & upper chest region भन्ने उल्लेख भएबाट मृतकको मृत्यु प्रतिवादी रामएकवाल राय यादवको कुटपिटबाटै छातिको करङ्गसमेत भाँची चोटपटकसमेत लागी भएको देखियो । प्रतिवादी रामएकवाल राय यादवबाट भएको उक्त कार्य मुलुकी ऐन ज्यानसम्बन्धी महलको १ नं. र १३(३) नं. को कसुरजन्य कार्य भएको तथ्य स्थापित भएको देखिँदा सुरू सर्लाही जिल्ला अदालतबाट निज प्रतिवादी रामएकवाल राय यादवलाई अभियोग माग दाबीबमोजिम ऐ.महलको १३(३) बमोजिमको सर्वस्वसहित जन्मकैद सजाय हुने ठहर गरी भएको फैसला पुनरावेदन अदालत जनकपुरबाट सदर हुने ठहरी भएको फैसलालाई अन्यथा भन्न नमिल्ने ।

अतः प्रतिवादी रामएकवाल राय यादवको प्रहारबाट मृतक सम्पतीयादेवीको मृत्यु भएको देखिँदा निज प्रतिवादीलाई मुलुकी ऐन ज्यानसम्बन्धी महलको १३(३) बमोजिम सर्वस्वसहित जन्मकैद गर्ने गरी पुनरावेदन अदालत जनकपुरबाट भएको मिति

२०७०।०७।१३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

प्रतिवादी रामएकवाल राय यादव र मृतक आमा छोरा नाताका भन्ने देखिन्छ । सम्पत्तिको विवादमा विन्देश्वरको घरमा वादविवाद हुँदा मृतक छुट्याउन आएको भन्ने तथ्य पाइन्छ । जाहेरवाला बाबुसमेतको बिचमा वादविवाद भई झैझगडा, कुटपिट भइरहेको स्थितिमा वृद्ध मृतक आमा छुट्याउन सम्झाउन जाँदा संयोगवश मृतकलाई समेत चोट प्रहार लाग्न गएकोसम्मको वारदात घटना परिस्थितिबाट देखिन आएको र मृतकलाई मार्ने नियतबाट रिसइवी लिई कुटपिट गरेको भन्ने देखिन नआएको अवस्थामा प्रतिवादीलाई ठहर भएबमोजिम सजाय गर्दा चर्को पर्ने भएकाले निज पुनरावेदक प्रतिवादी रामएकवाल राय यादवलाई मुलुकी ऐन अ.बं.१८८ नं. बमोजिम १० वर्ष कैद सजाय हुने ।

इजलास अधिकृत: दुर्गाप्रसाद भट्टराई, कालिबहादुर साम्यु लिम्बू

इति संवत् २०७४ साल मङ्सिर ६ गते रोज ४ शुभम् ।

१०

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७०-CI-०१३३, अबन्डा जग्गा दर्ता चलन, पवनकुमार बस्नेत वि. अगमबहादुर बस्नेतसमेत

विवादको कि.नं. १६८ को जग्गा अबन्डा राखेको नभई सो जग्गा मिति २०५४।५।१७ मा ऋण तिर्न नसक्दा बैंकले लिलाम गरी आफ्नो नाममा सकार गरेको देखिन्छ । सो जग्गा निज वादीको अंश हक लाग्ने गरी सगोलमा नरही त्यसको स्वामित्व नै परिवर्तन भई कृषि विकास बैंकको नाममा गएको देखिन आयो । यसरी जग्गाको स्वामित्व परिवर्तन भई अर्को नाममा गइसकेपश्चात् फेरी केही समयपछि यी वादीको दाजु वचनकुमार बस्नेतको श्रीमती मन्जु बस्नेत र साली कमला बस्नेतको नाममा बैंकले थैली उल्लेख गरी राजीनामाको लिखत गरी पास भएको पाइने ।

यसरी वादी एकासगोलमा नै रहेको बेला सो जग्गा लिलाम भई स्वामित्व परिवर्तन भएपश्चात् यी वादी पवनकुमार बस्नेत आफ्नो अंश लिई छुट्टिभिन्न भएको र निज छुट्टिभिन्न भईसकेपश्चात् उक्त जग्गा निजको दाजुको श्रीमतीको नाममा बैंकले राजीनामा पास गरिदिएको देखिएकोले सो जग्गालाई अंशबन्डाको ३५ नं. अनुसारको एकासगोलको मान्न मिलेन । उक्त जग्गा छुट्टिभिन्न भएपश्चात् आर्जन गरेको मान्नुपर्ने ।

वादीले बैंकको ऋण तिरेर आफ्नो नाममा जग्गा सकार गर्न जाँदा बैंकले मानेन् भनी उल्लेख गरे पनि सो तथ्यलाई कुनै सबुद प्रमाणबाट पुष्टि गर्नसकेका छैनन् । यसका अतिरिक्त बैंकले प्रतिवादीहरू मन्जु बस्नेत र कमला बस्नेत कार्कीको नाममा पास गरेको राजीनामाउपर वादीको कुनै चुनौती रहेको छैन । निजले दाबी गरेको जग्गा बैंकले राजीनामा गरेर पास गरेको देखिएको त्यसबाट निज वादीको हकमा असर परेको भनी दाबी गरेको भए पनि प्रस्तुत मुद्दामा बैंकलाई प्रतिवादीसमेत बनाएको देखिँदैन । कानूनबमोजिम कि.नं.१६८ को घर जग्गाको स्वामित्व दाबीअनुसार सगोलमा रहेको नदेखिने ।

तसर्थ वादी दाबी पुग्न नसक्ने ठहऱ्याएको मोरङ जिल्ला अदालतको फैसलालाई सदर गरेको पुनरावेदन अदालत विराटनगरको मिति २०६७।९।२७ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः रामु शर्मा

कम्प्युटरः रमेश आचार्य

इति संवत् २०७४ जेठ १७ गते रोज ४ शुभम् ।

- यसै लगाउको ०७०-CR-००९८, जालसाज, पवनकुमार बस्नेत वि. अगमबहादुर बस्नेतसमेत भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

११

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०६९-CR-००१३, कर्तव्य ज्यान, दुर्गाबहादुर कार्कीसमेत वि. नेपाल सरकार

मृतकको मृत्युको कारणमा Asphyxia due to hanging भन्ने उल्लेख भएको र मृतकको Hyold bone fracture भएको भन्ने पोष्टमार्टम रिपोर्टबाट देखिन आएको छ । उमेर पुगेकी ३१ वर्षकी बुहारीलाई प्रतिवादी उमादेवीको कार्यबाट मात्र यसप्रकार घाँटीको हड्डीसमेत भाँचिने गरी डोरी घाँटीमा कस्न सक्ने अवस्था स्वभाविक रूपमा नदेखिने ।

मृतकलाई झुण्ड्याउँदा मृत्यु भइसकेको भन्नेसमेतको विश्वसनीय प्रमाण मिसिलमा देखिएको छैन । पति दुर्गाबहादुरसमेत वारदातको राति घरमा नै रहेका छन् र घरमा अरू कोही नभएको अवस्थासमेत छ । प्रतिवादीहरू लोग्ने स्वास्नी सँगै सुतेको अवस्था छ । श्रीमती राति कहाँ गइन् भन्ने निज पतिलाई थाहा नहुने भन्ने अवस्था पत्यारलायक छैन । घरमा बुहारीलाई मार्ने कार्य भएको र मर्ने अवस्थामा बुहारी १०/१५ मिनेटसम्म छटपटाएको भन्ने कुरा प्रतिवादी हुमादेवीले बयानमा उल्लेख गरेकी छिन् । १०/१५ मिनेटको ज्यान मार्ने बेलाको छटपटाहट प्रतिवादी दुर्गाबहादुरले थाहा पाएनन् भनी अनुमान गर्नसमेत नसकिने ।

प्रतिवादी स्वयम् आफू घटनालाई झुण्डिएर मरेको भन्ने देखाउने कार्यमा प्रत्यक्ष संलग्न छन् । प्रतिवादी दुर्गाबहादुरले घटनाको जानकारी तत्काल प्रहरीमा गराउनसकेका छैनन् । बरू कर्तव्यको घटनालाई झुण्डिएर मरेको भन्ने देखाउनको लागि लासलाई सिसौको खाँबामा बाँधेर झुण्ड्याएको तथ्य स्वीकार गरी बयान गरेको देखिएको छ । प्रमाणहरूले प्रतिवादी दुर्गाबहादुरको प्रत्यक्ष संलग्नतालाई पुष्टि गरिरहेको देखिने ।

तसर्थ, उल्लिखित आधार कारणबाट झैझगडा गर्ने बुहारीलाई मार्ने नियतबाट घरमा कोही नभएको मौका पारि दुवै प्रतिवादीले मृतकलाई घाँटीमा डोरीले कसी मारेको तथ्य प्रतिवादीहरूको साबिती बयान तथा परिस्थितिजन्य प्रमाणबाट पुष्टि हुन आएको देखिँदा प्रतिवादीहरू उमादेवी भन्ने हुमादेवी कार्की र दुर्गाबहादुर कार्कीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर्‍याई भएको पुनरावेदन अदालत, विराटनगरको मिति २०६८।८।११ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः केदारनाथ पौडेल

कम्प्युटरः विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७४ साल साउन ३२ गते रोज ४ शुभम् ।

१२

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७२-CR-१३८३, ०७२-CR-१४७८ कर्तव्य ज्यान, छविलाल वि.क. कामी वि. नेपाल सरकार र नेपाल सरकार वि. छविलाल वि.क. कामी

वारदातको दिन दुवै पक्षले रक्सी सेवन गरेका, सँगसाथै घरनजिकै भएको रमाइलो हेर्न गएका, फर्कने क्रममा भनाभन भएको, जुनकुमारसमेतका व्यक्तिले छुट्टाई प्रतिवादीलाई हात खुट्टा बाँधी घरभित्र सुताई बाहिरबाट चुकुल लगाई मृतकलाई बाहिर पिंढीमा सुताई दिएका, आफूलाई हात खुट्टा बाँधी घरभित्र सुताई श्रीमती एक्लै बाहिर सुतेको विषयमा प्रतिवादी आवेगमा आई राति बाँधेको हात खुट्टा खोली बाहिर निस्की श्रीमतीलाई लात्ता र ढुङ्गाले प्रहार गरी मारी घरभित्र लगी सुताएको भन्ने कुरा निजको अनुसन्धान अधिकारीसमक्षको साबिती बयानबाट देखिएको र उक्त बयानलाई जाहेरी दरखास्त, घटनास्थल मुचुल्का र शव परीक्षण प्रतिवेदनबाट समर्थित भएको देखिएबाट प्रतिवादीले तत्काल उठेको रिस थाम्न नसकी मृतकलाई कर्तव्य गरी मारेको भन्ने नै देखिन आउने ।

प्रतिवादीले पूर्वयोजना बनाई धारिलो हतियारसमेत प्रहार गरी कर्तव्य गरी मारेको र मृतकलाई मार्नु पर्नेसम्मको पूर्वरिसईवी थियो भनी वादी पक्षले कुनै प्रमाण पेस गर्नसकेको देखिएन । यसबाट प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. बमोजिम सजाय गर्ने गरेको फैसला अन्यथा हो भन्न मिल्ने नदेखिने ।

अत: उल्लिखित आधार प्रमाणबाट प्रतिवादी छविलाल वि.क.ले आफूलाई हात खुट्टा बाँधी घरभित्र सुताएको र श्रीमती घरबाहिर सुतेको भन्ने सम्बन्धमा तत्काल उठेको रिसका कारण मृतकलाई ढुङ्गासमेतले प्रहार गरी मृतक जुनु वि.क.लाई मारेको पुष्टि भएकाले निज प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. बमोजिम १० वर्ष कैदको सजाय गर्ने गरी पुनरावेदन अदालत वागलुङबाट भएको मिति २०७२/०८/०७ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: विष्णुप्रसाद आचार्य

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७४ साल असार १९ गते रोज २ शुभम् ।

१३

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७०-CR-१३०० र ०७०-RC-००१५, कर्तव्य ज्यान, नेपाल सरकार वि. राजकुमार राईसमेत र नेपाल सरकार वि. जोगधन राईसमेत

सानातिना मुद्दा तथा कम सजाय हुने मुद्दाहरूमा कसुर तथा सजायको मात्रालाई विचार गरी त्यस प्रकृतिको मुद्दाहरूलाई पुनरावेदन तहबाटै अन्तिम टुङ्गो लगाउने विधायिकी मनसाय रहेको देखिन आउँछ । यसबाट साना प्रकृतिका मुद्दाहरू तल्लो निकायबाटै अन्तिम हुन गई सर्वसाधारणको साधन स्रोत बचत हुने भई न्याय छिटो छरितो हुन गई न्यायिक सुशासन स्थापित हुन जाने देखिन्छ । पुनरावेदन अदालतको फैसलाउपर सर्वोच्च अदालतमा पुनरावेदन लाग्नको लागि तीन वर्ष वा सोभन्दा बढी कैदको सजाय गरेको देखिनु पर्ने हुन्छ, तर प्रस्तुत मुद्दामा आरोपित प्रतिवादीहरूलाई दुई वर्ष मात्र कैद सजाय गरेको पुनरावेदन अदालतको फैसलाउपर नेपाल सरकारले गरेको पुनरावेदन न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१) (ग) को विपरीत भई कानूनप्रतिकूल देखिँदा खारेज हुने ।

फौजदारी मुद्दामा प्रत्यक्षदर्शी प्रमाण महत्त्वपूर्ण प्रमाणका रूपमा रहने गर्छ । वारदातस्थलमा रहेकी घटनाको प्रत्यक्षदर्शी सुकुमाया राईको घटना विवरण कागजमा जोगधनले पहिले मलाई बाँसले हिर्काएर लडाई फेरी सुरेन्द्रलाई बाँसले हानेका थिए भनी लेखाइदिएकी छन् । सोही बेहोरालाई पुष्टि हुने गरी अदालतमा समेत बकपत्र गरेबाट प्रतिवादी जोगधन राईको घटनास्थलमा उपस्थिति रही बाँसले मृतक सुरेन्द्रलाई कुटपिट गरेको भन्ने देखिन आउने ।

अनुसन्धानको क्रममा बुझिएकी मृतककी श्रीमती सोममाया राईले सिद्धिकर्ण राईसमेतले मारेका हुन् भनी अदालतमा बकपत्र गरेकी र सो बकपत्रलाई पुष्टि हुने गरी अनुसन्धानको क्रममा बुझिएका केदारनाथ मेयोङवाले घटनास्थलमा सुरेन्द्र लडिरहेका थिए सो लासको वरिपरि बाँस, ढुङ्गा र हल्लुड भएको र सोही ढुङ्गा र हल्लुडको कुटपिटले मृतकको मृत्यु भएको हो भनी बकपत्र गरिदिएको पाइन्छ । प्रस्तुत वारदातमा प्रत्यक्षदर्शी रहेकी प्रतिवादी सिद्धिकर्ण राईकी श्रीमती सुकमाया राईले सुरेन्द्र राईलाई कुटपिट गर्दा आफू घटनास्थलमा रहेकी र सिद्धिकर्णले गोरू जोत्ने हल्लुडले कुटपिट गरे भनी बकपत्र गरेकी छन् । वारदातमा यी प्रतिवादी सिद्धिकर्णको मुख्य संलग्नता रही छालाको हल्लुडले कुटपिट गर्दा सुरेन्द्र राईको मृत्यु भएको देखिन आउने ।

तसर्थ, उल्लिखित तथ्य, प्रतिवादीहरूको अनुसन्धान अधिकारीसमक्षको साबिती बयानलाई अदालतसमक्ष भएको बयानले समर्थन गर्नु, आरोपित प्रतिवादीहरूको किटानी जाहेरीलाई शव परीक्षण प्रतिवेदन, लासजाँच मुचुल्का, बरामदी कागज र सो कागजलाई अदालतमा भएको बकपत्रले पुष्टि गरेको आधारमा साधक जाँचको लागि पेस भएको प्रस्तुत मुद्दामा प्रतिवादीहरूको कार्य मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ र १३(३) नं.को कसुर पुष्टि भएकाले ऐ. ऐ. महलको १३(३) नं. बमोजिम प्रतिवादीहरू सिद्धिकर्ण राई र जोगधन राईलाई जनही जन्मकैद हुने ठहऱ्याई सुरू पाँचथर जिल्ला अदालतले गरेको फैसला सदर गरेको पुनरावेदन अदालत, इलामको मिति २०७०।४।२७ गतेको फैसला मनासिब हुँदा सदर हुने ।

उल्लिखित तथ्य, अपराध हुँदाको अवस्था, मृतकले प्रतिवादी सिद्धिकर्ण राईको श्रीमतीसँग शारीरिक सम्पर्क गरेको छ भनी सहप्रतिवादी जोगधन राईले भनेको आधारमा सो घटना समाजमा फैलनु, सो घटनाबाट परेको प्रभावबाट उठेको रिस थाम्न नसकी कुनै जोखिमी हतियार प्रयोग नगरी छालाको हल्लुड र बाँसको प्रयोग गरी मृतकको मृत्यु हुनु, बाँस र हल्लुडले प्रहार गरेको कुरा अनुसन्धान अधिकारी र अदालतमा समेत स्वीकार गरी अनुसन्धान तथा न्यायिक प्रक्रियालाई सहयोग गर्नु, प्रतिवादीमध्ये जोगधन राईको १५ वर्षको कलिलो उमेरसमेतलाई विचार गर्दा पुनरावेदन अदालत इलामले प्रतिवादीहरू मध्ये सिद्धिकर्ण राईलाई कैद वर्ष १४ र प्रतिवादी जोगधन राईलाई कैद वर्ष १० हुने राय पनि बढी हुने देखिएको र सोभन्दा कम सजाय गर्दा पनि ऐनको मकसद पूर्ण हुने देखिएकाले प्रतिवादी सिद्धिकर्ण राईलाई कैद वर्ष १० र प्रतिवादी जोगधन राईलाई ७ वर्ष सजाय

हुने।

इजलास अधिकृतः दुर्गाप्रसाद भट्टराई

कम्प्युटरः विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७४ साल असोज २७ गते रोज ६ शुभम्।

१४

**मा.न्या.श्री विश्वम्भर प्रसाद श्रेष्ठ र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०६८-CR-१२८०, लागु औषध (गाँजा), नेपाल सरकार वि. प्रेमबहादुर मोक्तानसमेत

प्रतिवादीहरू प्रेमबहादुर मोक्तान, विक्रम लामा, फुलबहादुर गोलेले चढेको साइकलमा तीनवटा पोकामा जम्मा ३० के.जी. गाँजा बरामद भएको छ। बेलुकाको समय एक जना महिलाले मेरो तामागढी जाने बस छुट्यो । बेलुका भएकाले एक्लै जान डर लाग्छ र सामानसमेत धेरै छ । मलाई तामागढीसम्म पुर्‍याइदेउ भनी मद्दत मागी लगी दिन अनुरोध गरेको आधारमा सो सामान लगी दिएको देखिन्छ । सो सामान लागु औषध गाँजा थियो भन्ने कुरा थाहा थिएन भनी अन्य प्रतिवादीहरूले अधिकारप्राप्त अधिकारी र अदालतमा समेत इन्कारी बयान गरेको अवस्था छ । प्रतिवादी प्रेमबहादुरले चलाएको साइकलमा प्रतिवादी फूलमती चढी आएको अवस्था र निजले अधिकारप्राप्त अधिकारी र अदालतमा साबिती बयान गरी बरामदी लागु औषध आफ्नो भएको र अन्य प्रतिवादीलाई थाहा नभएको भनेको अवस्थामा निजको बयान विश्वासप्रद नै देखिने।

तसर्थ खानतलासी तथा बरामदी मुचुल्का, प्रतिवादीहरू प्रेमबहादुर मोक्तान, विक्रम लामा, फुलबहादुर गोलेको अनुसन्धान अधिकारीसमक्ष र अदालतको इन्कारी बयान र प्रतिवादी फुलमती चौधरीको साबिती बयानबाट यी प्रतिवादीहरूको साथबाट लागु औषध बरामद भए पनि यी प्रतिवादीहरूको उक्त वारदातमा संलग्नता रहेको पुष्टि हुन नसकेकोले निजहरूलाई सफाई दिने गरी सुरू अदालतबाट भएको फैसलालाई सदर गर्ने गरी पुनरावेदन अदालत हेटौंडाबाट भएको फैसलालाई अन्यथा भन्न मिल्ने नदेखिने।

प्रतिवादी फूलमती चौधरीले वारदातमा संलग्न भएकोमा साबिती रही मौकामा र अदालतमा बयान गरेको देखिन्छ । निजको मौकाको बयानबाट निजको श्रीमान् चोरी मुद्दामा भारतमा थुनामा रहेका र निज प्रतिवादीको २ वटा सन्तान रहेको देखिन्छ । सन्तानको पालनपोषणको जिम्मा लिएकी निज प्रतिवादीको कुनै जग्गा जमिन नरही चिया पसल मात्र रहेको भन्ने निजको बयान बेहोराबाट देखिएबाट निजको आर्थिक अवस्था दयनीय नै रहेको अनुमान गर्न सकिन्छ । प्रतिवादीलाई अभियोग दाबीबमोजिम नै सजाय भइरहेको समेत देखिन्छ। ऐनले नै २ देखि १० वर्षसम्म कैद सजाय हुने उल्लेख गरेको अवस्थामा न्यायिक मन प्रयोग गरी प्रतिवादीको कसुरको पटक, आर्थिक र पारिवारिक अवस्थासमेतलाई विचार गरी गरिएको सजायलाई अन्यथा भयो भन्नु न्यायोचित हुँदैन। तसर्थ प्रतिवादी फूलमती चौधरीलाई पुनरावेदन अदालत हेटौंडाबाट ४ वर्ष कैद र रू.२५,०००।- सजाय हुने गरी भएको फैसला अन्यथा नभई मिलेकै देखिने।

तसर्थ, माथि उल्लिखित खानतलासी तथा बरामदी मुचुल्का, प्रतिवादीहरूको अनुसन्धान अधिकारीसमक्ष र अदालतको बयानसमेतका आधार प्रमाणबाट पुनरावेदन अदालत हेटौंडाको मिति २०६८।१०।२४ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: विष्णुप्रसाद आचार्य

कम्प्युटरः सिजन रेग्मी

इति संवत् २०७४ साल जेठ २३ गते रोज ३ शुभम्।

१५

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०६९-CR-०५८५ र ०६९-CR-०७६१, मानव बेचबिखन तथा ओसारपसार, सुब्बा लामा वि. नेपाल सरकार र गोपाल भण्डारी वि. नेपाल सरकार।

पीडित बालाजु ङ ले अदालतमा जिल्ला न्यायाधीशसमक्ष उपस्थित भई मौकाको बयानलाई सनाखत गरिदिएकोमा अन्य मिसिल संलग्न प्रमाणहरू समेतले सो बयानको बेहोरालाई समर्थन गरिरहेको अवस्थामा निजको बयान बेहोरालाई प्रमाणमा लिनुपर्ने नै देखिने।

वस्तुत: पीडितले दिएको जाहेरी दर्खास्त तथा अदालतबाट प्रमाणित भएको निजको बयानमा उल्लिखित तथ्य र बेहोरा मिसिल संलग्न प्रमाणहरूबाट तथ्यगत रूपमा नै समर्थित भइरहेको देखिन्छ ।

यी पीडिता सँगसँगै नेपालबाट यी प्रतिवादीहरूले लगी बेचिन पुगेकी अर्की व्यक्तिले लगाउको मुद्दामा गरिदिएको बकपत्रसमेत यो मुद्दामा प्रासङ्गिक नै हुन्छ। सो लगाउको मुद्दा र प्रस्तुत मुद्दाको वारदात घटना एक अर्कामा अन्तरप्रभावी हुने देखिन्छ । यो मुद्दामा पीडिताले प्रतिवादीहरूलाई सफाई दिने गरी गरेको बकपत्र उपरोक्त नजिरहरू समेतबाट प्रमाणयोग्य मान्न नसकिने।

प्रतिवादी सुब्बा वाईवा भन्ने सुब्बा लामाले मौकामा बयान गर्दा म र गोपाल भण्डारीसमेतका प्रतिवादीहरूले पैसाको कमी भयो केटीहरूलाई भारतको कोठीमा लगि बिक्री गर्नुपर्छ भनी सरसल्लाह गरी पीडित बालाजु (ङ) र स्मृति लामासमेतलाई भेटी आकर्षक कमाई हुने प्रलोभनमा पारी ३ जना केटीलाई भारतको पुनामा लगी बिक्री गरी टेकबहादुर वलले मलाई रू.७०,०००।- दिएका हुन् भनी वारदातमा संलग्न भएकोमा साबित भई बयान गरेको देखिन्छ । निजले अदालतमा बयान गर्दा पीडितलाई बेचबिखन गरेको होइन भने पनि निज पीडितहरूसँग हेटौंडा, भारतको रक्सौल, दिल्ली र पुनासमेतमा कपडाको ब्यापार गर्न सँगसाथै गएको भनी उल्लेख गरेको देखिन्छ । प्रतिवादीले ब्यापार गर्न गएको भने तापनि सो पुष्टि हुने गरी कुनै तथ्य र प्रमाण पेस गर्नसकेको देखिँदैन । निज प्रतिवादीसँग भारतको दिल्ली गएका पीडित कोठीबाट उम्की भागी माइती नेपालको सहयोगमा नेपाल आएको भन्ने कुरा मिसिल सामेल रहेको माइती नेपालको मिति २०६६।०३।२१ को पत्रसमेतबाट पुष्टि भइरहेको हुँदा त्यसरी ब्यापार गर्न गएको भन्ने निज प्रतिवादीको भनाई विश्वासलायक मान्न नसकिने।

लामो समयको अन्तरालमा पीडिताले अदालतमा आई प्रतिवादीहरू गोपाल भण्डारी र सुब्बा वाईवा भन्ने सुब्बा लामा वारदातमा संलग्न थिएनन् भनी प्रतिवादीहरूले सफाई पाओस् भन्ने उद्देश्यले बकपत्र गरेको देखिन्छ। मिसिल संलग्न प्रमाणबाट दोषी देखिने नदेखिने भन्ने सम्बन्धमा निर्णय हुने हो। मौकामा जाहेरी तथा जिल्ला न्यायाधीशसमक्ष प्रमाणित भएको बयानबाट तथा लगाउको मु.नं.०६९-CR-०५८६ को मानव बेचबिखन तथा ओसारपसार मुद्दामा पीडिता जाहेरवालीले गरेको बकपत्रसमेतबाट एकै साथमा ३ जना केटीहरूलाई बेच्न लगेको भन्ने पुष्टि भएको छ। त्यसैले प्रतिवादीहरूको कसुरमा संलग्नता रहेको नै देखिने।

तसर्थ, प्रतिवादी सुब्बा वाइवा भन्ने सुब्बा लामाले पीडिताहरूलाई प्रलोभनमा पारी झुक्याई भारतमा लगी वेश्यालयमा काममा लगाउने उद्देश्यले बेचबिखन गरेको पुष्टि भएको हुँदा निजलाई अभियोग दाबीबमोजिम मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१) (क) बमोजिम २० वर्ष कैद र रू.२,००,०००।- जरिवाना गरी प्रतिवादीबाट पीडितालाई रू.१,००,०००।- क्षतिपूर्ति भराइदिने ठहरी र प्रतिवादी गोपाल भण्डारीलाई पीडितालाई बेचबिखन गर्ने कार्यमा दुरूत्साहसम्म गरेको देखिँदा अभियोग दाबीबमोजिम ऐ. ऐनको दफा १५(१) (छ) अनुसार ८ वर्ष कैद सजाय हुने ठहरी पुनरावेदन अदालत पाटनबाट मिति २०६९।०४।१६मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: विष्णुप्रसाद आचार्य

कम्प्युटरः सिजन रेग्मी

इति संवत् २०७४ साल जेठ २३ गते रोज ३ शुभम्।

- यसै लगाउको ०६९-CR-०५८६, ०६९-CR-०६२३ र ०६९-CR-०७६०,मानव बेचबिखन तथा ओसारपसार, सुब्बा लामा वि. नेपाल सरकार, नेपाल सरकार वि. सुब्बा लामासमेत र गोपाल भण्डारी वि. नेपाल सरकार भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

१६

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७२-CR-१७८१, कर्तव्य ज्यान, रामु राना वि. नेपाल सरकार

प्रतिवादी रामु राना विदेश मलेसियामा रहँदादेखि नै श्रीमती र भाइबीच अनैतिक सम्बन्ध रहेको भनी शङ्का गरी श्रीमतीलाई पटकपटक फोन गर्ने गरेको भन्ने निजकी श्रीमतीको बयानबाट खुल्न आउँछ भने निज विदेशबाट सोही कारणले चाँडै घर फर्की भाइसँग पटकपटक विवाद भई गाउँसमाज बसी झगडा मिलाएको

र दाजुले भाइलाई मार्न सक्छ भन्ने शङ्का लागी कान्छी आमाले बुटवलतिर पठाएको भन्ने देखिन्छ । दसैंको समयमा घर आउँदा सुतिरहेको अवस्थामा कोदालोको पासोले पटकपटक टाउकोमा प्रहार गर्दा मानिस मर्नसक्छ भन्ने सामान्य चेतना पनि यी प्रतिवादीलाई नभई तत्काल उठेको रिसले मात्र प्रहार गरेको हो भनी मान्न सकिने अवस्था नदेखिने ।

तसर्थ, प्रतिवादी रामु रानाले आफ्नै भाइ खिमबहादुर रानालाई निदाइरहेको अवस्थामा कोदालोको पासोले टाउकोमा प्रहार गरी मारेकोले ज्यानसम्बन्धी महलको १ र १३(१) नं. बमोजिमको कसुर गरेको हुँदा सोही महलको १३(१) नं. बमोजिम प्रतिवादी रामु रानालाई सर्वस्वसहित जन्मकैद गरेको सुरू अर्घाखाँची जिल्ला अदालतको मिति २०७२।१।७ गतेको फैसला सदर गरेको पुनरावेदन अदालत, बुटवलको मिति २०७२।६।७ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः जीवनकुमार भण्डारी

कम्प्युटरः विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७४ साउन १९ गते रोज ५ मा शुभम् ।

१७

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०६८-CR-०५८८, कर्तव्य ज्यान, नेपाल सरकार वि. गुरूप्रसाद चौधरीसमेत

ज्यानसम्बन्धी महलको १४ नं. "ज्यान मार्नाको मनसाय रहेनछ, ज्यान लिनुपर्ने सम्मको इवी पनि रहनेछ, लुकी चोरीकन हानेको पनि रहेनछ, उसै मौकामा उठेको कुनै कुरामा रिस थाम्न नसकी जोखिमी हतियारले हानेको वा विष खुलाएकोमा बाहेक साधारण लाठा, ढुङ्गा, लात, मुक्का इत्यादी हान्दा सोही चोट पिरले ऐनका म्यादभित्र ज्यान मरेमा दश वर्ष कैद गर्नुपर्छ" भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ । उक्त १४ नं. को कानूनी व्यवस्था हेर्दा उसै मौकामा उठेको कुनै कुराको रिस थाम्न नसक्ने भन्ने वाक्यांशले पूर्व रिसइवी तयारी रहेको भन्ने तत्वको अभाव हुनुपर्दछ । अकस्मात उसै बखत रिस आवेगमा आएको क्रियाबाट आत्म संयम गुम्न पुगेको अवस्था देखिनु उक्त १४ नं. को कानूनी व्यवस्थाको मुख्य तत्व हो । अघिल्लो दिन कुखुरा चोरेको भन्ने निहुले मृतकको घरमा दुई जना प्रतिवादीहरू गई उठाई ल्याई झगडा गरी निर्मतापूर्वक कुटपीट गरी रूखमा बाँधि राख्ने कार्य गरेको भन्ने देखिँदा उसै मौकामा उठेको रिसको कारणबाट प्रस्तुत वारदात घटेको भन्ने देखिन आएन। अर्थात्, प्रस्तुत वारदातको घटनामा उक्त १४ नं. ले गरेको कानूनी व्यवस्था अनुसारको तत्वहरू विद्यमान रहेको नपाइने ।

तसर्थ, ज्यानसम्बन्धी महलको १४ नं. "ज्यान मार्नाको मनसाय रहेनछ, ज्यान लिनुपर्ने सम्मको इवी पनि रहनेछ, लुकी चोरीकन हानेको पनि रहेनछ, उसै मौकामा उठेको कुनै कुरामा रिस थाम्न नसकी जोखिमी हतियारले हानेको वा विष खुलाएकोमा बाहेक साधारण लाठा, ढुङ्गा, लात, मुक्का इत्यादी हान्दा सोही चोट पिरले ऐनका म्यादभित्र ज्यान मरेमा दश वर्ष कैद गर्नुपर्छ" भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ । उक्त १४ नं. को कानूनी व्यवस्था हेर्दा उसै मौकामा उठेको कुनै कुराको रिस थाम्न नसक्ने भन्ने वाक्यांशले पूर्व रिसइवी तयारी रहेको भन्ने तत्वको अभाव हुनुपर्दछ। अकस्मात उसै बखत रिस आवेगमा आएको क्रियाबाट आत्म संयम गुम्न पुगेको अवस्था देखिनु उक्त १४ नं. को कानूनी व्यवस्थाको मुख्य तत्व हो । अघिल्लो दिन कुखुरा चोरेको भन्ने निहुले मृतकको घरमा दुई जना प्रतिवादीहरू गई उठाई ल्याई झगडा गरी निर्मतापूर्वक कुटपीट गरी रूखमा बाँधी राख्ने कार्य गरेको भन्ने देखिँदा उसै मौकामा उठेको रिसको कारणबाट प्रस्तुत वारदात घटेको भन्ने देखिन आएन। अर्थात्, प्रस्तुत वारदातको घटनामा उक्त १४ नं. ले गरेको कानूनी व्यवस्था अनुसारको तत्त्वहरू विद्यमान रहेको नपाइने ।

तसर्थ, अघिल्लो दिन कुखुरा चोरेको भन्ने निहुँले आफ्नो घरमा सुतेको मृतकलाई उठाई लगी झैझगडा कुटपिट गर्दै घटनास्थलमा ल्याई बाँधछाँद गरी लाठी, मुक्कासमेतले शरीरका यत्रतत्र ठाउँमा कुटपिट गरी मारेको प्रमाणहरूबाट देखिन आएकाले प्रस्तुत वारदातमा ज्यानसम्बन्धी महलको १४ नं. आकर्षित हुने अवस्था देखिन आएन । अतः मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. बमोजिम सजाय गर्ने गरेको पुनरावेदन अदालत, दिपायलको मिति २०६८।३।१४ को फैसला केही उल्टी भई प्रतिवादीहरू गुरूप्रसाद चौधरी र रामचरण चौधरीलाई ज्यानसम्बन्धी महलको १३(३) नं.

अनुसार सर्वस्वसहित जन्मकैद सजाय हुने ।

मृतकलाई मार्नुपर्ने कारण कुखुरा चोरेको भन्ने देखिन्छ । मार्नुपर्ने अन्य रिसइवी देखिएको छैन । प्रतिवादीहरूले अनुसन्धान तथा अदालतमा बयान गर्दासमेत साबित भई न्यायिक प्रक्रियालाई सहयोग पुर्‍याएको देखिन्छ । यी प्रतिवादीहरू यसभन्दा अघि आपराधिक क्रियाकलापमा रहेको भन्ने पनि देखिँदैन । यस्तो अवस्थामा ठहर भएबमोजिमको सजाय गर्दा चर्को पर्ने चित्तमा लागेकोले मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम निजहरूलाई जनही १० (दश) मात्र कैदको सजाय हुने ।

इजलास अधिकृतः केदारनाथ पौडेल

कम्प्युटरः विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७४ साल असोज ३१ गते रोज ३ शुभम् ।

१८

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७३-CR-०४८०, भ्रष्टाचार (नक्कली प्रमाणपत्र), प्रदिप घिमिरे वि. नेपाल सरकार

प्रतिवादी पुनरावेदक प्रदिपराज घिमिरेले बढुवा प्रयोजनको लागि पेस गरेको Bihar intermediate education council को वर्ष १९९७, रोल कोड ११२०, नं.३०३१८ सूचीकरण नं. DP-४५२१-९५ योग ५७७ श्रेणी I College S.G.D.M. को मार्कसिट प्रमाणीकरणको लागि उच्च माध्यमिक परिषद्मार्फत् विहार विद्यालय परीक्षा समितिमा पठाएकोमा सो प्रमाणपत्र Not found भन्ने बेहोरा उल्लेख भइ आएको देखियो । तत्पश्चात् विशेष अदालतबाट समेत पुनः प्रमाणीकरणका लागि पठाइएकोमा समेत रेकर्ड नभएको भनी लेखी आएको अवस्थासमेत देखियो । प्रतिवादीले पेस गरेको प्रमाणपत्र दुईदुई पटक प्रमाणीकरणको लागि पठाउँदासमेत रेकर्डमा नदेखिएको भन्ने बेहोरा उल्लेख भइ आएबाट विवादित प्रमाणपत्र नक्कली रहेको भन्ने पुष्टि हुन आउने ।

प्रतिवादीले ओहोदासम्बन्धी लाभ प्राप्त गर्ने अभिप्राय वा उद्देश्यले नक्कली प्रमाणपत्र पेस गरेको देखिन आएकोले पुनरावेदक प्रतिवादीलाई साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९(२) नं. बमोजिम रू.५००।- जरिवाना गर्ने गरी विशेष अदालतबाट मिति २०७२।११।२७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः केदारनाथ पौडेल

कम्प्युटरः विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७४ साल कात्तिक २८ गते रोज ३ शुभम् ।

१९

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७०-CR-०६६६, गोवध, नेपाल सरकार वि. चित्रबहादुर वली

चामल खान लागेको देखी तत्काल रिसले गाईलाई भगाउने नियतबाट नै प्रहार गरेको भन्ने देखिन्छ । प्रतिवादीले जानीजानी गाईलाई मारेको देख्ने प्रत्यक्षदर्शी कोही पनि छैनन । जानीजानी गाई मार्ने नियतबाट नै गाईलाई नियन्त्रणमा लिएको वा अन्य कुनै घेरा षड्यन्त्र गरेको अवस्थासमेत मिसिलबाट देखिएको छैन । जानीजानी गाई मारेको हुँ भनी प्रतिवादी साबित भएको अवस्थासमेत छैन । यस्तो अवस्थामा जानीजानी गाई मारेको भन्ने तथ्य पुष्टि हुन आउँदैन । चामल खाइदिएको कारणले नै सो वारदात घट्न गएको देखिँदा जानीजानी प्रतिवादीले मुलुकी ऐन, चौपायाको ११ नं.को कसुर गरेको पुष्टि हुन नआउने ।

अतः प्रतिवादीलाई चौपायको महलको १५ नं. अनुसार सजाय गर्ने गरी दाङ्ग देउखुरी जिल्ला अदालतबाट मिति २०६७।६।५ मा भएको फैसला सदर हुने ठहर्‍याई भएको पुनरावेदन अदालत तुलसीपुर दाङको मिति २०६८।१०।२५ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः केदारनाथ पौडेल

इति संवत् २०७४ साल कात्तिक १६ गते रोज ५ शुभम ।

## इजलास नं. १३

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई,** ०६९-RB-०००६, तेस्रो पक्ष मोटर बिमा दाबी, सिद्धार्थ इन्स्योरेन्स कम्पनी लिमिटेड वि. अर्जुन लम्साल

प्रस्तुत मुद्दामा मकवानपुर जिल्ला स्थित ज्यामिरेमा सवारी दुर्घटना भई ना.९ प. २२१७ नं.

को मोटरसाइकल ना.३ ख. ४०७९ को ट्रक चालकले एक्कासी ब्रेक लगाएका कारण मोटरसाइकल चालकले बच्ने मौका नपाई ट्रकपछाडि ठोक्किन गएको कारण मोटरसाइकल चालक राजन पुरीको मृत्यु भएको सम्बन्धमा अनुसन्धान भई ट्रकको चालक प्रकाश कोइरालाउपर सवारी ज्यान मुद्दा दायर भई ९ दिन कैद र रू.२,०००।– जरिवाना हुने ठहरी मिति २०६७।४।१६ मा मकवानपुर जिल्ला अदालतबाट फैसला भएको पाइयो । मृतक राजन पुरीको मृत्यु भएको विवादरहित तवरबाट स्थापित भइरहेको र सो कार्य ट्रक चालक प्रकाश कोइरालाको गल्तीबाट भएको भन्ने फैसला भइरहेको अवस्थामा पुनरावेदक प्रतिवादी सिद्धार्थ इन्स्योरेन्स कम्पनी लिमिटेडले ट्रक चालकको गल्तीले दुर्घटना भएको नभई मोटरसाइकल चालककै गल्तीले दुर्घटना भएको भनी लिएको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

अतः माथि उल्लिखित आधार र कारणसमेतबाट दुर्घटना भएको ट्रकको चालकलाई दुर्घटनाबाट मानिस (मोटरसाइकल चालक) को मृत्यु भएकोमा दोषी ठहऱ्याई प्रचलित कानूनबमोजिम सजाय भइसकेको अवस्थामा ट्रक चालकको गल्तीले दुर्घटना भएको नभई मोटरसाइकल चालककै गल्तीले दुर्घटना भएको भनी तेस्रो पक्ष बिमा रकम भुक्तानी गर्नु नपर्ने भनी निवेदन दाबी पुग्न नसक्ने ठहऱ्याइएको सुरू बिमा समितिको मिति २०६७।११।१९ को निर्णय उल्टी गरी वादी दाबीबमोजिम तेस्रो पक्ष बिमा रकम भराई पाउने ठहऱ्याएको मिति २०६८।१०।२९ को पुनरावेदन अदालत, पाटनको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: गीता श्रेष्ठ

इति संवत् २०७४ साल माघ २४ गते रोज ४ शुभम् ।

## इजलास नं. १४

१

**मा.न्या.डा. श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०६८-CR-०२०१, ०६८-CR-०२७८, ०६८-CR-०३८३, ०६८-CR-०४५०, ०६८-CR-०४५१, ०६८-CR-०४५२, ०६८-CR-०६१८ र ०६८-RC-००९० कर्तव्य ज्यान, नेपाल सरकार वि.नागेन्द्रप्रसाद कुशवाहसमेत, दिनानाथप्रसाद कोइरी वि. नेपाल सरकार, राजेश दास तत्मा वि. नेपाल सरकार, नागेन्द्रप्रसाद कुशवाह वि. नेपाल सरकार, रामअयोध्या महतो कोइरी वि. नेपाल सरकार, गोपालजीप्रसाद कोइरी वि. नेपाल सरकार, बैजनाथ महतो कोइरी वि. नेपाल सरकार र नेपाल सरकार वि. मुखलाल महतो कोइरी

प्रतिवादी मुखा महतोले अदालतमा गरेको बयानमा उल्लेख गरेजस्तो निज बालकले लिची खाने क्रममा घाँटीमा अड्किएर श्वास अवरूद्ध हुन पुगेको भए तत्कालीन अवस्थामा मौजुद रहेका प्रतिवादीले निज बालकलाई बचाउन हार गुहार गर्नुपर्ने तथा उपचारको लागि लैजानुपर्नेमा सो गरेको देखिन आएन । साथै निज बालकको मृत्युपछि पनि निजको लास बोरामा हाली घरभित्र पुरेर राख्नुपर्ने कारण केही देखिँदैन । मिति २०६४।२।१२ मा नै उक्त वारदात घटेकोमा मिति २०६४।२।१६ मा मात्र मृतकको लास सो अवस्थामा फेला परेको हुँदा सो अवधिसम्म उक्त लास दबाउने प्रयास भएको भन्ने देखिन आउँछ । यी यावत् कारणहरू तथा तत्कालीन परिवेशको यथार्थ स्थितिबाट निज बालकको मृत्यु स्वभाविक वा आकस्मिकरूपमा भएको नभई सुनियोजित रूपमा कर्तव्यबाट नै भएको देखिने ।

प्रतिवादी नागेन्द्रप्रसाद कुशवाहाकै घरबाट मृतक बालकको गाडिएको लास बरामद भएको र उक्त वारदातमा निजको समेत उपस्थिति रहेको भन्नेसम्म देखिन आएको अवस्थामा निजलाई पूर्णरूपमा निर्दोष रहेको मान्न मिलेन । निजको बाबु प्रतिवादी मुखा महतोको अनुसन्धानको क्रममा भएको बयानसमेतबाट निज प्रतिवादी नागेन्द्रप्रसाद कुशवाह मृतक नाबालकलाई मार्ने मतसल्लाहमा पसेको सम्म देखिन आएको हुँदा निजको हकमा मुलुकी ऐन ज्यानसम्बन्धीको १७(३) नं. बमोजिम ३ वर्ष कैद सजाय हुने ठहऱ्याएको पुनरावेदन अदालत हेटौंडाको फैसला मिलेकै देखिन आउने ।

प्रतिवादी राजेशदास तत्मा मृतक नाबालकलाई मार्ने कार्यमा संलग्न भएको भनी कुनै पनि सहप्रतिवादीहरूले पोल गरेको देखिँदैन । निजको उपस्थिति वारदातस्थलमा भएको भन्ने देखिन आएको

छैन । गाडेको लास निकाल्ने सल्लाहमा पसेको अवस्थालाई मार्ने मतसल्लाहमा पसेको भनी अर्थ गर्न मिल्ने देखिएन । यस अवस्थामा निजलाई आरोपित कसुरबाट सफाई दिनुपर्नेमा ज्यानसम्बन्धीको १७(३) नं. बमोजिम ३(तीन) वर्ष कैद सजाय हुने ठहर्‍याएको पुनरावेदन अदालत हेटौंडाको फैसला निजको हकमा मिलेको नदेखिने ।

प्रतिवादी बैजनाथ महतो कोइरीको मृतकका परिवारसँग कुनै किसिमको रिसइवी वा मार्नुपर्नेसम्मको कारण देखिँदैन । यी प्रतिवादी मृतक नाबालकलाई मार्ने कार्यमा संलग्न रहेको वा मार्ने मत सल्लाहमा पसेको भन्ने तथ्ययुक्त आधार प्रमाण वादीबाट पेस भएको देखिन आएको छैन । यस अवस्थामा निजलाई समेत आरोपित कसुरबाट सफाई दिनु पर्नेमा ज्यानसम्बन्धीको १७(३) नं. बमोजिम ३(तीन) वर्ष कैद सजाय हुने ठहर्‍याएको पुनरावेदन अदालत हेटौंडाको फैसला निजको हकमा मिलेको नदेखिने ।

मृतकलाई मार्ने कार्यमा यी प्रतिवादीहरू गोपालजी प्रसाद कोइरी र रामअयोध्या महतो कोइरीको कस्तो संलग्नता रहेको थियो भन्ने सम्बन्धमा अनुसन्धानबाट प्रस्टरूपमा खुल्न सकेको देखिँदैन । ३/४ वर्षको नाबालकलाई कर्तव्य गरी मार्ने कार्यमा झण्डै एक दर्जन संख्याका प्रतिवादीहरूको संलग्नता रहेको भन्ने दाबी केही अस्वभाविक जस्तो देखिन्छ । तथ्ययुक्त प्रमाणबिना अनुमानको भरमा यी प्रतिवादीहरू मृतकलाई मार्ने मत सल्लाहमा पसेको भनी यकिन गर्न मिल्नेसमेत देखिएन । फौजदारी विधिशास्त्रमा शङ्काको सुविधा अभियुक्तले पाउने सिद्धान्त प्रचलित रहेको छ । प्रस्तुत मुद्दामा संकलित प्रमाणबाट यी प्रतिवादीहरू कसुरदार नै हुन् भनी किटानी साथ भन्न सकिने अवस्था नदेखिँदा शङ्का र अनुमानको भरमा निजहरूलाई कसुरदार कायम गरी सजाय गर्नु न्यायसम्मत हुँदैन । यस स्थितिमा निज प्रतिवादीहरूलाई अभियोग दाबीबाट सफाई दिनु पर्नेमा मुलुकी ऐन, ज्यानसम्बन्धीको १७(३) नं. बमोजिम ३(तीन) वर्ष कैद सजाय हुने ठहर्‍याएको पुनरावेदन अदालत हेटौंडाको फैसला निजहरूको हकमा मिलेको नदेखिने ।

सहप्रतिवादीहरूले मौकामा बयान कागज गर्दा निज दिनानाथप्रसाद कोइरीको नामसमेत लिएको देखिए तापनि निजले मृतकलाई मार्ने कार्यमा के कस्तो भूमिका निर्वाह गरे भन्ने केही खुलाउन सकेको देखिएन । सहप्रतिवादी मुखा महतोले मृतकको लास आफू एक्लैले घरभित्र लगी गाडेको भनी अदालतसमक्षको बयानमा उल्लेख गरेको देखिन्छ । विश्वसनीय सबुद प्रमाण नभई सम्पत्ति खाने उद्देश्यले मृतक नाबालकलाई मार्ने मतसल्लाहमा पसेको भनी यी प्रतिवादीलाई कसुरदार ठहर्‍याउनु न्यायोचित हुने देखिएन । शङ्काको सुविधा अभियुक्तले पाउने भन्ने फौजदारी कानूनको सिद्धान्त निजको हकमा पनि लागू हुने देखिन आयो । यस अवस्थामा निज प्रतिवादीलाई पनि अभियोग मागदाबीबाट सफाई दिनुपर्नेमा ज्यानसम्बन्धीको १७(३) नं. बमोजिम ३(तीन) वर्ष कैद सजाय हुने ठहर्‍याएको पुनरावेदन अदालत हेटौंडाको फैसला निजको हकमा समेत मिलेको नदेखिने ।

मृतक नाबालकको मृत्यु Respiratory Arrestको कारणबाट भएको भन्ने शव परीक्षण प्रतिवेदनबाट देखिइरहेको छ । मृत लासको घाँटीमा कालो रङको रूमालले घाँटी कसिएको अवस्थामा रहेको भन्ने घटनास्थल तथा लास जाँच मुचुल्काबाट देखिन्छ । उक्त रूमाल पहिलेदेखि नै बाँधिएको थियो भनी प्रतिवादी मुखा महतोले गरेको बयान पनि प्रतितलायक देखिएन । मृतकको बाबुआमाले समेत नाबालक छोरा बेपत्ता भएको भनी खोजी गरिरहँदासमेत कुनै थाहा जानकारी नदिई मृतक नाबालकको लास घरभित्र लगी गाडी दबाउने प्रयास गरेको देखिएबाट नै निज प्रतिवादी मुखा भन्ने मुखलाल महतोले कर्तव्य गरी मारेको भन्ने आरोपित कसुर गरेको पुष्टि हुन्छ । यस अवस्थामा निजको हकमा मुलुकी ऐन, ज्यानसम्बन्धीको १३(३) नं. बमोजिम जन्मकैदको सजाय हुने ठहर्‍याएको पुनरावेदन अदालत हेटौंडाको फैसला परिवर्तन गरिरहनु पर्ने नदेखिने ।

अतः उपर्युक्तबमोजिम विवेचित आधार कारणबाट पुनरावेदक / प्रतिवादीहरू रामअयोध्या महतो, गोपालजी प्रसाद कोइरी, दिनानाथप्रसाद कोइरी, राजेशदास तत्मा र बैजनाथ महतो कोइरीको हकमा सुरू फैसला केही उल्टी गरी निजहरूलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १७(३) नं. बमोजिम

३(तीन) वर्ष कैद सजाय हुने ठहऱ्याएको तत्कालीन पुनरावेदन अदालत हेटौंडाको मिति २०६७।१२।०१ को फैसला मिलेको नदेखिँदा निजहरूको हकमा केही उल्टी भई निज प्रतिवादीहरूले अभियोग दाबीबाट सफाई पाउने ठहर्छ। पुनरावेदक / प्रतिवादी नागेन्द्रप्रसाद कुशवाहाको हकमा सुरू फैसला केही उल्टी गरी मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १७(३) नं. बमोजिम ३(तीन) वर्ष कैद सजाय हुने ठहऱ्याएको फैसला मिलेकै देखिँदा निजको हकमा सदर हुने। प्रतिवादी मुखा भन्ने मुखलाल महतो कोइरीको हकमा निजलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम जन्मकैदको सजाय हुने ठहऱ्याएको फैसला मिलेकै देखिँदा साधक सदर हुने।

इजलास अधिकृतः महेश खनाल

इति संवत् २०७४ साल साउन १९ गते रोज २ शुभम्।

२

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७१-CI-१०४२, निषेधाज्ञा, सुन्दरलाल भुजवा वि. जिल्ला प्रशासन कार्यालय, बाँके नेपालगञ्जसमेत

प्रत्यर्थीहरूले पुनरावेदकको बाजेले दानपत्र पारित गरी मन्दिरलाई दिएको जग्गामा विपक्षीहरूले अवरोध पुऱ्याएको अवस्था पनि कतैबाट खुल्नसकेको पाइँदैन। प्रत्यर्थीहरूले दानपत्रको उद्देश्यबमोजिम संस्था दर्ता गरी मन्दिर व्यवस्थापन समितिको कार्य सञ्चालन गर्न खोजेकोमा दानपत्रविपरीत व्यवस्थापन समितिले काम गर्दछ भनी अनुमान गर्न मिल्ने देखिएन। समुदायभित्र सार्वजनिकरूपमा स्थापित मठ मन्दिरको संरक्षण निम्ति कुनै संस्था दर्ता गर्दा दाताको मूल भावना विपरीत नहुने गरी गर्नुपर्ने हुन्छ। त्यसरी संस्था दर्ता भएमा त्यस अन्तरगत संस्थापित समितिले पनि पारदर्शीरूपले कार्य गर्न पर्ने हुन्छ। भगवान्को नाममा अर्पण भएको सम्पत्ति खानु वा मास्नु नहुने।

व्यवस्थापन समितिले दानपत्रको उद्देश्यअनुरूप पारदर्शी र उत्तरदायित्व रूपमा मन्दिरको संरक्षण र सञ्चालन गर्नुपर्ने र निवेदकलाई संरक्षकको नियुक्ति नगरेको अवस्थामा र निजको हकसमेत नरहेकोले रिट जारी हुनु पर्ने अवस्था देखिँदैन। अत: दानपत्र विपरीत काम गरेको भन्ने अवस्था नरहेको र निवेदकलाई मन्दिर संरक्षक नियुक्तिनगरेबाट संस्था दर्ता रोकी पाउँ भन्ने निवेदकको निवेदन खारेज गर्ने गरी पुनरावेदन अदालत नेपालगञ्जबाट मिति २०७१।४।२१ मा भएको आदेश मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत : सुदिपकुमार भट्टराई

इति संवत् २०७४ साल कात्तिक २१ गते रोज ३ शुभम्।

३

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७२-CI-०७६२, निषेधाज्ञा, तारादेवी मौर्य वि. नेपालगञ्ज उपमहानगरपालिका कार्यालय, बाँके नेपालगञ्जसमेत

सुरू मिसिल संलग्न मिति २०७१।१०।२८ को नक्सा मुचुल्काको न.नं.५, ५क, ५ख, ५ग हेर्दा विवादित कि.नं.८ मा पक्की घर, पसल, ट्वाइलेट, मोटरसाइकल स्टेण्डसमेत रहेको भनी उल्लेख भई यी पुनरावेदिका तारादेवी मौर्यसमेत रोहबरमा बसेको पाइयो। उक्त मोही जग्गा २०३५ सालमा नगरपालिकाले खरिद गरेपश्चात् निर्माण कार्य भई नगरपालिकाको कार्यालय रहेको भन्ने लिखित जवाफसमेतबाट देखिन्छ। यसरी विवादित जग्गामा भौतिक निर्माण भइसकेको देखिन आउने।

निवेदकले जुन विषय उठाइएको छ त्यस बारेमा हेर्दा निर्माण कार्य सम्पन्न भइसकेको भन्ने भई कार्य नै सम्पन्न भइसकेको देखिएको अवस्थामा आशङ्काको स्थिति विद्यमान रहेको भन्न मिलेन। केवल निवेदिकाको मौखिक भनाइलाई आधार मानी निवेदिकाले देखाएको जस्तो आशङ्काको स्थितिको विद्यमानता नरहेकोले निवेदिकाको मागबमोजिमको आदेश जारी गर्न मिल्ने नदेखिँदा निवेदन खारेज हुने ठहऱ्याई पुनरावेदन अदालत नेपालगञ्जबाट भएको आदेशलाई अन्यथा रहेछ भनी भन्न नमिल्ने।

अतः निवेदन खारेज गर्ने गरेको पुनरावेदन अदालत नेपालगञ्जको मिति २०७१।१२।२५ को आदेश मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः सुदिपकुमार भट्टराई

कम्प्युटरः उत्तरमान राई

इति संवत् २०७४ साल कात्तिक २१ गते रोज ३ शुभम्।

४

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या. श्री सपना प्रधान मल्ल,** ०७२-CI-१०४५, उत्प्रेषण / परमादेश, दिपेन्द्रप्रसाद श्रेष्ठ वि. हिराकुमार सापकोटासमेत

पुनरावेदकले सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ मा उल्लेख भएको जाहेरी दर्तादेखि अभियोगपत्र दायरसम्मका चरणहरू अन्तर्गत एक पटक सबै विवरण खोली घटना वारदातका सम्बन्धमा किटानी जाहेरी दरखास्त दिइसकेपछि सोको आधारमा अनुसन्धान अधिकृत (प्रहरी) द्वारा अनुसन्धान भई अभियोजनकर्ता (सरकारी वकिल) बाट प्रतिवादी किटानी गरी अदालतमा अभियोग दायर देखिन्छ । अभियोग दायर भएपश्चात न्यायकर्ता (जिल्ला अदालत) बाट सबुद प्रमाण बुझी फैसलासमेत भइसकेको अवस्थामा पुनः सोही वारदात, कसुरका सम्बन्धमा प्रत्यर्थी हिराकुमार सापकोटाउपरको जाहेरी लिई सोबाट अनुसन्धान प्रक्रिया अगाडि बढाई मुद्दा दायर गर्न कानूनत: मिल्ने नदेखिने ।

कुनै व्यक्तिले एक पटक किटानी जाहेरी दर्ता गराई अनुसन्धानको प्रक्रिया पूरा भई एउटा निश्चित विन्दुमा मुद्दाको कारबाही अगाडि बढी कसुर र कसुरदार स्थापित भइ फैसलासमेत भइसकेको अवस्थामा पुनः सोही कसुर वारदातमा थप कसुरदार छन भनी जाहेरवालाले जाहेरी लिँदै दर्ता गर्न जाने र प्रहरीद्वारासमेत जाहेरी दर्ता गरी सरकारी वकिलद्वारा अदालतमा मुद्दा दर्ता गर्दै जाने हो भने एउटै मुद्दाको अन्त कहिले पनि नहुने अवस्था रहन जान्छ । उक्त कुरा मुद्दा अन्तिमताको सिद्धान्त एवम् कानूनको रोहमा समेत मान्य हुने नदेखिने ।

अतः पुनरावेदन अदालत राजविराजबाट निवेदन खारेज गर्ने गरी मिति २०७२।१।२७ भएको आदेश मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः सुदिपकुमार भट्टराई

कम्प्युटरः उत्तरमान राई

इति संवत् २०७४ साल कात्तिक २१ गते रोज ३ शुभम् ।

५

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७२-CI-१९२६, निषेधाज्ञा परमादेश, सिताराम गोडिया वि. कोष तथा लेखा नियन्त्रक कार्यालय, गुलरिया बर्दियासमेत

रिट निवेदक आफूले दाखिल गरेको जमानी पत्र (विडवण्ड) जफत हुने आशङ्काले अदालत प्रवेश गर्नु अगाडि प्रत्यर्थी विपक्षीबाट रिट निवेदकले दाखिल गरेको विडवण्ड जफत गर्ने आदेश भई आदेश कार्यान्वयनका लागि कोष तथा लेखा नियन्त्रण कार्यालय, बर्दियाबाट N B Bank (नेपाल बङ्गलादेश बैक लि.), नेपालगञ्जलाई च.नं.२१७८ मिति २०७२।३।२९ मा यी पुनरावेदक रोयल / यादव / सिताराम जे.भी. चिसापानी ३ बाँकेलाई समेत बोधार्थ दिई पत्राचार भएको देखिन्छ । विपक्षी कोष तथा लेखा नियन्त्रण कार्यालय, बर्दियाले मिति २०७२।३।२९ मा रिट निवेदकको फर्मले पेस गरेको जमानीपत्र (विडवण्ड) जफत गर्ने निर्णय भइसकेको अवस्थामा सो निर्णय बदरका लागी कुनै दाबी गर्नसकेको पनि पाइँदैन । निषेधाज्ञाको आदेश आशङ्काको स्थितिमा मात्र जारी हुने हो यहाँ कार्य नै सम्पन्न भइसकेबाट आशङ्काको स्थिति गुन्जायस नरहने ।

कार्य नै सम्पन्न भइसकेको अवस्थामा सम्पन्न भएको कार्य बदरका लागि रिट निवेदकले उत्प्रेषणको माग गर्नुपर्नेमा सो नगरेबाट परमादेशको आदेश जारी गर्नुपर्ने अवस्था पनि विद्यमान देखिएन । अतः पुनरावेदन अदालत नेपालगञ्जबाट निवेदन खारेज हुने ठहरी मिति २०७२।९।२९ मा भएको आदेश मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः सुदिपकुमार भट्टराई

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७४ साल कात्तिक २१ गते रोज ३ शुभम् ।

- यसै लगाउको ०७२-CI-१९२७, निषेधाज्ञा परमादेश, अशोककुमार यादव वि. डिभिजन सहकारी कार्यालय गुलरिया, बर्दियासमेतभएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

## इजलास नं. १५

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७२-WO-०४४८, उत्प्रेषण / परमादेश, लक्ष्मीदत्त पाण्डेय वि. प्रहरी प्रधान कार्यालय,

नक्सालसमेत

प्रहरी सेवा देशको आन्तरिक शान्ति सुव्यवस्था कायम गर्न एवम् आम नागरिकको सुरक्षा गर्ने सेवाको रूपमा रहेकोले यसमा कार्यरत कर्मचारी उच्च अनुशासनको पालना गर्नुपर्ने कुरामा विवाद हुन सक्दैन। उक्त सेवामा कार्यरत जुनसुकै तहको कर्मचारीले जुनसुकै बेला शान्ति सुव्यवस्था कायम गर्न र नागरिकको सुरक्षा गर्न तयार भएर बस्नु पर्ने भएकाले अनुशासन यस सेवाको मुख्य विशेषताको रूपमा रहेको हुन्छ। यस सेवाका हरेक सदस्यले आफू स्वयम् कडा अनुशासनको पालना गरी अरूलाई पनि कानूनले निर्धारण गरेको अनुशासनमा बस्न प्रेरित गर्नुका साथै कानूनको उल्लङ्घन भएको खण्डमा कानून कार्यान्वयन गराउन महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुपर्दछ। कुनै व्यक्तिबाट एक पटक गल्ती भएमा सुध्रिने मौका दिन घटना स्थिति एवम् सम्बन्धित पक्षको आचरणलाई विचार गरी सोच्न सकिन्छ, तर पटकपटक यस्तो स्थिति दोहरिनु क्षम्य हुन नसक्ने।

प्रहरी सेवामा कार्यरत व्यक्तिले पटकपटक अनुशासन पालना नगरी गैर जिम्मेवारपूर्ण कार्य गरेमा प्रहरी प्रशासन भित्रै दण्डहीनता मौलाउने हुँदा आम जनतालेसमेत आफ्नो सुरक्षाको अनुभूति गर्न सक्दैनन्। परिणामतः प्रहरी उपरको आम धारणा नकारात्मक हुनुका साथै त्यस्तो दण्डहीनताले प्रश्रय पाउने।

निवेदकले पटकपटक अनुशासनहीन कार्य गरेको तथ्य स्थापित भएको र निजउपर कारबाही हुँदा निजलाई सुनुवाइको मौका दिई निजको कुरा सुनी कानूनको रीत पुऱ्याई निजलाई प्रहरी सेवाबाट हटाउने निर्णय भएको देखिन्छ। सो निर्णयउपर निजको पुनरावेदन परेको र पुनरावेदन तहबाट समेत निजको हकमा निर्णय नभई सुरू निर्णय नै सदर भएको देखिन्छ। यसरी पटकपटक अनुशासनहीन काम गरेको र सोबापत नसिहतसमेत पाइसकेपछि पनि निजको आचरणमा कुनै सुधार भएको नदेखिएको अवस्थामा कानूनविपरीत यी निवेदकले गरेको कार्यबाट कानूनको रीत पुऱ्याई निजलाई प्रहरी सेवाबाट हटाउने गरी भएको निर्णयबाट निवेदकको संविधान एवम् कानूनप्रदत्त हक अधिकार हनन् भएको मान्न नमिल्ने।

तसर्थ माथि विवेचित आधार कारणबाट प्र.ज. लक्ष्मीदत्त पाण्डेयलाई भविष्यमा सरकारी सेवाका लागि अयोग्य नठहरिने गरी सेवाबाट हटाउने भनी सुदूरपश्चिम क्षेत्रीय सशस्त्र प्रहरी गण मुख्यालय धनगढीको मिति २०७२।२।२५ मा भएको निर्णयलाई सदर गरेको क्षेत्रीय प्रहरी कार्यालय दिपायलको मिति २०७२।६।१३ को निर्णय कानूनसंगत नै भएकोले निवेदन मागबमोजिम उत्प्रेषणको आदेशले बदर गरिरहनु परेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः रामु शर्मा

कम्प्युटरः रमेश आचार्य

इति संवत् २०७३ भदौ २३ गते रोज ५ शुभम्।

- यसै लगाउको ०७२-WO-०५७१, उत्प्रेषण / परमादेश, अमर सेञ्चुरी वि. गृह मन्त्रालय, सिंहदरबारसमेत भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

## इजलास नं. १६

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या. श्री बमकुमार श्रेष्ठ,** ०६९-WO-०७६५, उत्प्रेषण / परमादेश, सुरेशकुमार दनुवार वि. सशस्त्र प्रहरी बल प्रधान कार्यालय, हलचोकसमेत

विपक्षीतर्फबाट सशस्त्र प्रहरी नियमावली, २०६० को नियम १२९ मा "भगौडा वा गैरहाजिर भई सेवाबाट हटाइएको वा बरखास्त गरिएको सशस्त्र प्रहरी पुनः सेवामा बहाली भएमा निजले भगौडा वा गैर हाजिर भएको अवधिको कुनै पनि सुविधा पाउने छैन" भनी जिकिर लिएपनि उक्त फैसलाले रिट निवेदक भगौडा रहेको भन्ने आधारलाई स्वीकार नगरी भगौडा भनी गरेको निर्णयलाई प्राकृतिक न्यायको सिद्धान्तविपरीत रहेको भनी उक्त निर्णय नै बदर गरिसकेको अवस्थामा निवेदक भगौडा रहेको भन्ने विपक्षीको जिकिरसँग सहमत हुनसक्ने अवस्था नदेखिने।

कुनै पनि कर्मचारी विरूद्ध उसले पाउने सेवा सुविधा सम्बन्धमा निर्णय गर्दा बडो सतर्कताका साथ कानून र नियमको पालना गरी गर्नुपर्ने हुन्छ। सशस्त्र प्रहरीबल जस्तो राज्यको संयन्त्रबाट निर्णय हुँदा प्रचलित

कानून तथा न्यायका मान्य सिद्धान्तहरूको अनुशरण गरी ठोस तथा वस्तुगत आधारमा निर्णय गर्नुपर्ने ।

सम्मानित सर्वोच्च अदालतबाट मिति २०६८।७।१४ मा रिट निवेदकलाई नोकरीबाट हटाउने गरी भएको निर्णय बदर भई निजलाई पुन: वहाली गर्नु भनी आदेश भई राखेको र कुनै सशस्त्र प्रहरीलाई सेवाबाट हटाउने वा बर्खास्त गर्ने निर्णय वा आदेश रद्द भई निज सेवामा पुनः कायम भएबाट सेवाबाट हटाइएको वा बर्खास्त गरिएको मितिदेखि पुनः कायम भएको मितिसम्मको पूरा तलब भत्ता, रासन, तलब वृद्धि पाउने भए तलब वृद्धिसमेत निजले पाउनेछ भनी सशस्त्र प्रहरी नियमावली, २०६० को नियम १२९ ले स्पष्ट व्यवस्था गरेको अवस्थामा सोको विपरीत रिट निवेदक लामो समयसम्म गैरहाजिर रही नोकरी छोडेर भागेको हुँदा भगौडा वा गैर हाजिर भएको अवधिको कुनै पनि सुविधा पाउने छैन भनी गरेको निर्णय उल्लिखित कानून व्यवस्थाको परिप्रेक्ष्यमा कानूनसम्मत भन्न नमिल्ने ।

निवेदकलाई गैरकानूनी रूपमा पदबाट हटाएको मिति २०६५।७।२१ गतेदेखि यस सम्मानित अदालतको आदेशले पुनः बहाली हुने मिति २०६८।७।१४ गते सम्मको तलब, रासनलगायतका सुविधा नियमानुसार पाउने नै देखिने ।

अत: उपर्युक्त तथ्यहरूको विश्लेषण, कानूनी व्यवस्थाको व्याख्या र नजिरको विवेचनासमेतको आधारमा र सशस्त्र प्रहरी नियमावली, २०६० को नियम १२९ मा समेत कुनै सशस्त्र प्रहरीलाई सेवाबाट हटाउने वा बर्खास्त गर्ने निर्णय वा आदेश रद्द भई निज सेवामा पुनः कायम भएबाट सेवाबाट हटाइएको वा बर्खास्त गरिएको मितिदेखि पुनः कायम भएको मितिसम्मको पूरा तलब भत्ता, रासन, तलब वृद्धि पाउने भए तलब वृद्धिसमेत निजले पाउनेछ भनी स्पष्ट कानूनी व्यवस्था भई राखेको देखिँदा रिट निवेदकलाई सशस्त्र प्रहरी नियमावली, २०६० को नियम १२९ नं. अनुसार गैरकानूनीरूपमा पदबाट हटाएको मिति २०६५।७।२१ गतेदेखि यस अदालतले पुनः बहाली गर्नु भनी आदेश गरेको मिति २०६८।७।१४ गतेसम्मको तलब, रासनलगायतका नियमानुसार पाउने सबै सुविधासमेत दिनु दिलाउनु भनी विपक्षीहरूको नाउँमा परमादेशको आदेशसमेत जारी हुने ।

इजलास अधिकृत: दिपेन्द्र तिवारी

कम्प्युटरः पद्मा आचार्य

इति संवत् २०७५ साल वैशाख १६ गते रोज १ शुभम् ।

## इजलास नं. १८

१

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७३-CR-१२४७, मानव ओसारपसार, नेपाल सरकार वि. भरतबहादुर परियार

प्रतिवादी स्वयम्ले पीडितलाई विवाह गर्ने भने पनि निज आफैं पहिले अर्को विवाह भई श्रीमती र छोराछोरी भएका व्यक्ति देखिन्छन् । आफू विवाहित र छोरा छोरी भएको तथ्य प्रतिवादीले पीडितलाई बताएको अवस्था छैन । स्थायी परिवार नियोजनसमेत गरिसकेका लम्जुङ घर भएका यी प्रतिवादीले पीडितलाई नुवाकोटबाट बोलाएर विवाह गर्ने उद्देश्यसम्म निजको आशय सीमित रहेको देखिन आउँदैन । अत: प्रस्तुत मुद्दाको तथ्यबाट प्रतिवादीले पीडित बौद्ध २०७०'ङ' लाई बेचबिखन गर्ने उद्देश्यले लैजाँदै गर्दा नेपाल सरहदभित्रै छँदै पक्राउमा परेको कार्य उद्योगको कसुरको दायराभित्र नै पर्ने देखिँदा प्रतिवादीको उक्त कार्य मानव बेचबिखनको पूर्ण कसुर भएको भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

अत: माथि विवेचित आधार प्रमाणबाट प्रतिवादीले पीडितलाई बेचबिखन गर्ने उद्देश्यले नेपालको एक स्थानबाट अर्को स्थानसम्म लैजाने कार्यको उद्योगसम्म गरेको पुष्टि भएकोले प्रतिवादीलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१)(ङ)(२) बमोजिम दश वर्ष कैद र रू.५०,०००।– जरिवाना र ऐ. १७ नं. बमोजिम रू.५०,०००।– क्षतिपूर्ति भराउने सुरू फैसला केही उल्टी गरी ऐ. ऐनको दफा १५(१)(ज) अनुसार कसुर गर्दा हुने सजायको आधा ५(पाँच) वर्ष कैद र रू.२५,०००।– जरिवाना हुने ठहऱ्याई पुनरावेदन अदालत पाटनबाट

मिति २०७२।०८।२२मा भएको फैसला मनासिबै देखिँदा सदर हुने।

इजलास अधिकृत: ढाकाराम पौडेल

कम्प्युटर: अर्जुन पोख्रेल

इति संवत् २०७४ साल फागुन ६ गते रोज १ शुभम्।

२

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७४-CR-०३०८, कर्तव्य ज्यान, नेपाल सरकार वि. तारा रानाभाट

जोखिमी हतियार हानेको र विष खुवाएको अवस्थामा ज्यानसम्बन्धीको १४ नं. आकर्षित नै नहुने र ज्यान मार्ने मनसाय तत्त्व विद्यमान हुन नहुने, ज्यान लिनुपर्ने सम्मको इवी पनि हुन नहुने, लुकी चोरीकन हानेको पनि हुन नहुने र उसै मौकामा उठेको कुनै कुरामा रिस थाम्न नसकी साधारण लाठा, ढुङ्गा, लात, मुक्का इत्यादि हान्दा सोही चोट पिरले मानिसको ज्यान गएको अवस्था भएमा मात्र प्रस्तुत १४ नं. आकर्षित हुने।

प्रतिवादीले आफ्नो श्रीमती माइतीमा नै बस्ने र घरमा नआउनुमा आफ्नै सासूलाई दोषी देखि सासू बसे रहेको स्थानमा गई निजसँग विवाद गरेको र सासुलाई लाठीले प्रहार गरेको अवस्थामा हो हल्ला सुनेपछि प्रतिवादीको सासू तथा मृतकको आमालाई बचाउन भनी मृतक जयबहादुर कार्की उपस्थित भएपश्चात् प्रतिवादी तारा रानाभाटले निजलाई लाठीले हान्दा सोही चोटको कारण मृतकको मृत्यु भएको पुष्टि भएको छ। प्रतिवादीले घरबाट लाठी बोकी सिधै मृतक भएको ठाउँमा गई मृतकलाई हानेको अवस्था नभई आफ्नी सासु चन्द्रा कार्कीसँग विवाद गरी हानेको अवस्थामा यी मृतक जयबहादुर कार्की वारदातस्थलमा पुगेकोले निजलाई सोही लाठीले हान्दा निजको मृत्यु भएको अवस्थाले एकलाई हान्न भनी जाँदा अर्को व्यक्तिलाई लाठीले हानेको चोट लागी सोही चोटबाट मृतकको मृत्यु भएको देखिँदा मृतकलाई नै मार्न भनी घरबाट लाठी लिई गएको अवस्था पुष्टि नहुँदा प्रतिवादीको यी मृतकलाई मार्ने मनसाय थियो भनी वादी नेपाल सरकारले लिएको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अत: माथि विवेचित आधार प्रमाणबाट प्रतिवादी तारा रानाभाटलाई मुलुकी ऐन ज्यानसम्बन्धी महलको १ र १४ नं.को कसुरमा ऐ.१४ नं. बमोजिम १०(दश) वर्ष कैद हुने ठहऱ्याई भएको फैसलालाई सदर गरेको उच्च अदालत दिपायल, महेन्द्रनगर इजलासको मिति २०७३।०९।१९ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: ढाकाराम पौडेल

इति संवत् २०७४ साल फागुन ६ गते रोज १ शुभम्।

३

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०६९-WO-०९३७, उत्प्रेषण, पुष्पा खड्का (कार्की) वि. भिवोर विकास बैंक लि., प्र.का. त्रिपुरेश्वर काठमाडौंसमेत

एउटै विषयवस्तु र विवादको मुद्दामा समान किसिमको कार्यविधिगत प्रक्रिया र कानूनी प्रश्नहरूको आधारमा रिट निवेदिका स्वयम्ले नै सुरू अदालतको अधिकारक्षेत्र रोजी अदालतमा प्रवेश गरिसकेपछि पुनः सोही विवाद, कार्यविधिगत प्रक्रिया र कानूनी प्रश्नहरूको आधार लिई मौलिक अधिकार हनन् भएको भन्ने आधारमा रिट क्षेत्रमा प्रवेश गरेको अवस्थामा मातहतका अदालतले सामान्य कानूनअन्तर्गत अवलम्बन गर्ने प्रक्रिया र साधारण अधिकार क्षेत्रमा नै अवरूद्ध र हस्तक्षेप हुने गरी रिट क्षेत्राधिकार ग्रहण गर्नु न्यायिक मूल्य र मान्यता अनुरूप हुने नदेखिने।

मुद्दाको कारबाहीको प्रारम्भमा नै पक्षले वैकल्पिक उपचार अवलम्बन नगरी एकैचोटि सम्पत्तिसम्बन्धी मौलिक हक अधिकार हनन् भएकोले कानूनी उपचार भन्दा रिट क्षेत्र नै बढी प्रभावकारी हुने र विवादको प्रकृतिले पनि रिट क्षेत्रलाई नै अवलम्बन गर्नुपर्ने भन्ने आधार लिई रिट क्षेत्रमा मात्र प्रवेश गरेको स्थिति भएमा अदालतले विवादको संवेदनशीलता र प्रकृतिको आधारमा निवेदिकाले प्रवेश गरेको रिट क्षेत्रलाई पनि अस्वीकार गर्ने अवस्था हुँदैनथ्यो । तर निवेदिका स्वयम्ले उपचारको मार्गमा रिट क्षेत्रभन्दा पहिले नियमित अदालतको साधारण अधिकार क्षेत्रलाई समाती सोबमोजिमको कारबाही र प्रक्रिया अगाडि बढी एक तहका अदालतबाट निर्णय नै भइसकेको अवस्थामा रिट क्षेत्रको कारवाहीलाई नै प्राथमिकता दिनु पर्ने कानूनी, संवैधानिक र स्थापित न्यायिक सिद्धान्तका आधारबाट

पनि मिल्ने एवम् उपयुक्त हुने देखिन नआउने ।

भिवोर विकास बैंक प्रा .लि. बाट रिट निवेदकसमेतका नाउँको घरजग्गाहरू लिलाम गरे उपर कानूनी उपचारको वैकल्पिक बाटो अवलम्बन गरी यी रिट निवेदिकासमेतले काठमाडौं जिल्ला अदालतमा लिलाम सकार बदर मुद्दा दायर गरेकोमा सुरू फैसला भई सोउपरको पुनरावेदन सुन्ने अदालतमा विचाराधीन रहेकोले उक्त विचाराधीन मुद्दामा उठाएका तथ्यगत तथा कानूनी प्रश्नहरू सोही अदालतबाट निरूपण हुने देखिँदा तिनै विषयहरूमा रिट निवेदकले समानान्तररूपमा असाधारण अधिकारक्षेत्रभित्र प्रवेश गरेको अवस्थामा तल्लो अदालतको पुनरावेदकीय अधिकारक्षेत्रमा हस्तक्षेप गरी रिट निवेदन मागबमोजिम रिट जारी गर्नुपर्ने अवस्थासमेत देखिन नआउने ।

अतः लिलाम गर्नुअघि पञ्चकिर्ते मूल्याङ्कन गर्नुपर्ने वा नपर्ने ? सो गरे वा नगरेको ? साथै ऋण प्रवाह गर्दा र लिलाम गर्दाका अवस्थामा भएका मूल्याङ्कनको न्यायोचित औचित्य र स्थितिबारे तथा लिलामी सूचनामा न्यूनतम रकम उल्लेख गर्नुपर्ने नपर्ने ? र लिलामीको पहिलो सूचनाको कारवाहीमा नै बैंकले सकार गर्न पाउने नपाउने ? सम्बन्धमा यिनै निवेदकसमेतले यस अदालतमा प्रस्तुत रिट निवेदन दायर गर्नुअघि तल्लो अदालतमा दायर गरी हाल उच्च अदालत पाटनमा मुल्तबी रहेको लिलाम सकार बदर मुद्दामा फैसला हुँदाका बखत विस्तृतरूपमा व्याख्या एवम् विवेचना हुने नै हुँदा साथै यसरी उक्त मुद्दामा हुने फैसलाउपर कानूनी तथा संवैधानिक आधारमा अन्तिम उपचारको लागि यस अदालतसम्म आउने मार्ग प्रसस्तरूपमा खुल्ला नै रही निवेदकको न्यायको मार्ग अवरूद्ध र अन्तिम भई नसकेको हुँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः भगवती शर्मा ढुङ्गाना

इति संवत् २०७४ साल चैत २२ गते रोज ५ शुभम् ।

- यसै लगाउको ०६९-WO-०९३८, उत्प्रेषण, पाण्डवराज कार्की वि. भिवोर विकास बैंक लि., प्र.का.त्रिपुरेश्वर काठमाडौंसमेत
- ०६९-WO-०९३९, उत्प्रेषण, नरबहादुर खत्री वि. भिवोर विकास बैंक लि., प्र. का.त्रिपुरेश्वर काठमाडौंसमेत

## इजलास नं. १९

१

**मा.न्या.श्री पुरूषोत्तम भण्डारी र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७१-CI-०६४९, अंश नामसारी, लालमती देवी भर वि. रामदेव भरसमेत

प्रतिवादीले उखडाबाट प्राप्त गरेको निजी बन्डा नलाग्ने भनी तायदाती फाँटवारीमा उल्लेख गरेका जग्गाहरू क्षेत्रधारी भरको नाउँमा उखडाबाट दर्ता हुन आए पनि निजको निजी नभई सबै अंशियारको अंश हकलाग्ने सगोलमा रहे भएको अवस्थामा प्राप्त भएको सम्पत्ति मान्नु पर्ने हुन्छ । यी वादीहरू र प्रतिवादीका पतिसमेत एकासगोलमा रहँदा बस्दा सगोलमै उखडामा सो जग्गाहरू कमाइ प्रतिवादीको पति क्षेत्रधारी भरको नाउँमा दर्ता हुन आएको त्यस्तो सगोलको जग्गामध्ये केही जग्गा यी प्रतिवादी लालमती देवी भरले निजको पति छेत्रधारी भरबाट बकस गरी लिएको भए पनि त्यस्तो जग्गालाई निज लालमती देवी भरको निजी सम्पत्ति भनी भन्न र मान्न पनि मिल्ने नदेखिने ।

अंशबन्डाको १८ नं. मा "मानो नछुट्टिई सँग बसेका अंशियार छन भने जुनसुकै अंशियारले सगोलको सम्पतिबाट वा सगोलको खेती, उद्योग, व्यापार व्यवसायबाट बढे बढाएको सगोलको आर्जन र लेनदेन व्यवहारको महलको ८ नम्बरबमोजिम लगाएको ऋण सबै अंशियारलाई भाग लाग्छ ।..." भन्ने कानूनी व्यवस्था रहेको र उक्त जग्गा यी वादी र प्रतिवादीहरू एकाघरमा सगोलमा रहे भएको समयमा नै प्राप्त गरेको अवस्था हुँदा वादी दाबीअनुसार वादीको अंश भाग हिस्सा जतिको जग्गा वादीहरूले प्रतिवादीबाट बन्डा छुटयाई लिन पाउने नै देखिने ।

उखडा भनिएको जग्गा आफ्नो बाबुको पालादेखि नेपाल आई बसोबास गरी साम दुलारेले उखडा जग्गा कमाई प्राप्त गरेको अवस्थामा निज सामदुलारेको अपुताली परेको कारणले मुद्दा सकार गरी प्रक्रियागत निर्णय गराई यी प्रतिवादीका पति क्षेत्रधारी भरले आफ्नो श्रीमती यी प्रतिवादी लालमती देवीलाई बकसपत्र गरिदिएको आधारमा यी प्रतिवादीको नाममा

दर्ता हुन आएको तथा यी वादीको बाबु र प्रतिवादीको पति एकासगोलमा रहेको अवस्थामा नै सामदुलारेले उखडामा कमाएको जग्गाहरू प्राप्त गरी सगोलमा नै भोगचलन गरी आएको देखिएको र यी वादी तथा यी वादीका पिता र प्रतिवादी तथा यी प्रतिवादीको पति बीचमा मुद्दा दायर हुँदाको अवस्थासम्ममा अंशबन्डा भई छुट्टी भिन्न भएको भन्ने प्रतिवादीहरूले भन्न र बोल्न नसकेको अवस्था व्यवहार प्रमाणले छुट्टी भिन्न भएको भन्नेसमेत नदेखिँदा उक्त जग्गाहरूमा समेत यी वादीको अंश भाग लाग्ने भई नामसारीसमेत हुने देखिन आउने।

वादी तथा प्रतिवादीहरूको बीचमा रहेको नाता सम्बन्धमा कुनै विवाद नभई अंशियार भएकोमा मुख मिलेकै देखिन्छ भने अंशियारको हैसियतले प्राप्त गर्नुपर्ने अंश लिएको तथा कानूनबमोजिम अंशबन्डा गरिदिएको भन्नेसमेत जिकिर नरहेको हुँदा पुनरावेदक प्रतिवादी र विपक्ष वादीका बीचमा अंश बन्डा हुन बाँकी रहेको देखियो । मुलुकी ऐन अंशबन्डाको १ नं. मा "अंशबन्डा गर्दा यस महलका अन्य नम्बरहरूको अधीनमा रही बाबुआमा लोग्नेस्वास्नी छोराछोरीहरूको जिय जियको अंश गर्नुपर्छ ।" भन्ने कानूनी व्यवस्था रहेको देखिँदा बन्डा लाग्ने सम्पत्तिमा सबै अंशियारहरूको समान कानूनी हक रहने देखिन आयो । यी वादी प्रतिवादीहरूका बीचमा जम्मा अंश लाग्ने कि.नं. ९२, ३४४, ११८, १८२ र १८५ का जग्गाहरू मात्र रहेको र हालसम्म यी वादी प्रतिवादीहरूको बीच अंशबन्डा नभएको देखिँदा उक्त जग्गाहरू वादी प्रतिवादीबीचमा बन्डा लाग्ने नै देखियो। यस अवस्थामा प्रतिवादीको पुनरावेदन जिकिर कानूनअनुरूप नहुँदा उक्त सम्पति निजी आर्जनको कायम गरी अंश नलाग्ने गरी ठहर गरिपाउँ भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

वादीले अंश हक प्राप्त गर्ने अन्तिम विकल्पको रूपमा अंश नामसारी मुद्दा दायर गरेको देखिन्छ। यस्तो अवस्थाको विद्यमानता रहेकोमा वादीको फिराद दाबी अंशबन्डाको १८ नं. प्रतिकूल रहेको भन्ने पुनरावेदन जिकिर अर्थपूर्ण रहेको देखिन आएन । अंशबापत सबै अंशियारलाई बन्डा लगाइदिनुपर्ने तपसिलबमोजिमको सम्पत्तिहरू अंशबन्डा नै नभएको परिवारका सदस्यहरूका नाममा रहेका सबै जग्गा सबै सम्पत्ति बन्डा हुने ठहर गरी भएको पुनरावेदन अदालतको फैसलालाई अन्यथा गर्नुपर्ने नदेखिने।

तसर्थ माथि विवेचित आधार र कारणबाट पुनरावेदक प्रतिवादी र वादीका बीच अंशबन्डा नै नभएको अवस्थामा कानूनबमोजिम उक्त तायदाती फाँटवारीमा उल्लिखित सम्पत्तिलाई ३ भाग लगाई सोबाट २ भाग अंश वादीहरूले प्रतिवादीबाट दिलाई भराई निजहरूको नाममा नामसारीसमेत गरिदिने गरी पुनरावेदन अदालत बुटवलबाट मिति २०७०।०९।१७मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: दिपेन्द्र तिवारी

कम्प्युटरः पद्मा आचार्य

इति संवत् २०७५ साल वैशाख ९ गते रोज १ शुभम्।

- यसै लगाउको ०७१-CI-०६५०, राजीनामा लिखत बदर, *लालमती देवी भर वि. रामदेव भरसमेत* मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

२

**मा.न्या.श्री पुरूषोत्तम भण्डारी र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०७०-WO-०१३६, उत्प्रेषण, दमयन्ती प्रधान वि. काठमाडौं जिल्ला अदालत, काठमाडौंसमेत

घरमा सँगै बस्ने वर्ष ५४को छोरा र वर्ष ४६ कि बुहारी हुँदाहुँदै यी रिट निवेदिका अति वृद्ध महिला भएको अवस्थामा घरको मुख्य भई निवेदिकाले घर व्यवहार गर्दै आएकी होलान् भनी मान्न मिल्ने अवस्था विद्यमान रहेको पाइएन । हाम्रो सामाजिक परिवेश अनुसार पनि घरमा रहने उमेर पुगेको सक्षम छोरा बुहारीले अति वृद्ध अवस्थाको आमा बुबाको स्याहार सुसार र हेरचाह गरी घर व्यवहार चलाउने गरेको पाइन्छ । उमेरको हिसाबले पनि ७७ वर्षकी अति वृद्ध महिला घरको मुख्य भई कामकाज गर्न शारीरिकरूपमा सक्षम हुन्छन् भनी मान्न मिल्ने हुँदैन । रिट निवेदिका अति वृद्ध महिला भएको र निजसँगै बस्ने छोराबुहारी उमेर पुगेको सक्षम मानिस रहेको देखिन आएको अवस्थामा मुख्य भई घरको कामकाज गर्ने व्यक्ति रिट निवेदिकाको जेठो छोराबुहारी नै रहेको तथ्य पुष्टि हुन आउने।

एकासगोलमा रहँदा घरको मुख्य भई व्यवहार गर्ने छोराबुहारीले लिएको ऋण तिर्ने बुझाउने दायित्व ऋण खाँदा सगोलमा बस्ने सबै अंशियारको रहने नै हुँदा निवेदिकाले आफ्नो निवेदन बेहोरामा उल्लेख गरेकी प्रतिपादित सिद्धान्तहरू प्रस्तुत मुद्दामा आकर्षित हुन नसक्ने।

जेठो छोरा बुहारीको संरक्षकत्वमा एकासगोलमा रहँदाका बखत बुहारी प्रतिवादी रिमा केसीले घर व्यवहारसमेत चलाउन ऋण लिएको अवस्थामा लेनदेन मुद्दा परी म्याद तामेल भएपश्चात् बेजिल्लामा गई सप्तरी जिल्ला अदालतबाट निवेदिकाका जेठो छोराबुहारीबीच सम्बन्ध विच्छेदसमेत भएको अवस्थामा ऋणको दायित्व बेहोर्नु नपर्ने हुँदा आफ्नो नाम दर्ताको जग्गा रोक्का राख्न नमिल्ने भनी यी निवेदिका अदालत प्रवेश गरेको देखिँदा निज सफा हात लिई अदालत प्रवेश गरेको नदेखिने।

फैसलाबमोजिम बिगो भरी भराउका लागि रोक्का राखिएको घरजग्गा आफ्नो निजी आर्जनको बन्डा नलाग्ने सम्पति हो भनी निवेदिकाले दाबी लिएको भए पनि ती घरजग्गा निजी आर्जनका हुन होइनन् भन्ने कुरा प्रमाणको मूल्याङकनका आधारमा गरिनु पर्ने भएको र सो तथ्यगत कुरा रिट क्षेत्रबाट हेर्न नमिल्ने।

अतः यी रिट निवेदिका दमयन्ती प्रधान र लेनदेन मुद्दाका प्रतिवादी प्रस्तुत मुद्दाका विपक्षीमध्येका रिमा केसी सासु बुहारी भएको र ऋण खादा निवेदिका र निवेदिकाका जेठो छोरा र बुहारी सुनिलसिंह प्रधान र रिमा के.सी.समेत एकासगोलमै रहेको साथै निवेदिकाको वृद्धावस्थाका कारण घरको व्यवहार चलाउने मुख्य व्यक्ति निवेदिकाको जेठो छोराबुहारी भएको भन्ने देखिन आएको अवस्थामा निवेदिकाले रोक्का रहेको घरजग्गा फुकुवा गरिपाउँ भनी दिएको निवेदनमा काठमाडौं जिल्ला अदालत र पुनरावेदन अदालत पाटनबाट लेनदेन मुद्दाको बिगोसमेतलाई विचार गरी रोक्का रहेको घरजग्गा फुकुवा गर्न नमिल्ने भनी विभिन्न मितिमा गरेका आदेशहरूमा कुनै कानूनी त्रुटि रहेको नदेखिएको र त्यस्ता कानूनबमोजिम भए गरेको कामकारवाहीबाट निवेदिकाको सम्पतिसम्बन्धी हकमा आघात परेको भन्न नमिल्ने हुँदा निवेदिकाको मागबमोजिमको आदेश जारी गरी रहन परेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः विकास श्रेष्ठ

इति संवत् २०७४ साल कात्तिक २९ गते रोज ४ शुभम्।

३

**मा.न्या.श्री पुरुषोत्तम भण्डारी र मा.न्या.श्री डम्बरबहादुर शाही**, ०६९-CR-०५४८, अपहरण तथा शरीर बन्धक लिने उद्योग र विष्फोटक पदार्थ, नेपाल सरकार वि. सन्तकुमार पुनसमेत

भोजराज अधिकारीसँग माग गरिएको रकम नदिएको कारण निजको घरमा टाइम बम राखी तर्साई माग भएको रकम नदिए अपहरण गरी ज्यानसमेत मार्ने धम्की दिई जबरजस्ती रू.७५,०००।- लिएको देखिँदा प्रतिवादीहरू मध्ये यी सन्तकुमार पुन र प्रेमबहादुर वि.क.अपहरण तथा शरीर बन्धक गर्ने गराउने कार्यमा संलग्न रहेको मिसिल संलग्न कागज र परिस्थितिजन्य प्रमाणहरू समेतबाट पुष्टि हुन आएकोले यी प्रतिवादीहरू सन्तकुमार पुन र प्रेमबहादुर वि.क.ले अभियोग दाबीबमोजिमको कार्य गरेकै देखिन आउने।

प्रतिवादीहरूबाट कुनै प्रकारको गैरकानूनी सामानहरू तथा हातहतियारहरू समेत बरामद भएको अवस्था देखिँदैन। प्रतिवादीहरू मध्ये सन्त कुमार पुन, प्रेम बहादुर वि.क., प्रकाश पुन, किशोर राना मगरले स्थानीय बाबुराम चौधरीको घरमा बम निर्माण गरेको भनी अनुसन्धान र अदालतसमक्ष पनि प्रतिवादीमध्येका किशोर राना मगरले बयान गरेको देखिन्छ तर पनि उक्त बयान मिसिल संलग्न प्रमाण कागजबाट पुष्टि हुनसकेको देखिँदैन। कुनै पनि व्यक्तिउपर अभियोग दाबी गर्नु मात्र आफैँमा अभियोग पुष्टि हुने प्रयाप्त आधार बन्न सक्दैन। अपहरण तथा शरीर बन्धक जस्तो फौजदारी कसुरमा कसुर प्रमाणित हुने गरी वस्तुनिष्ट तथ्यगत आधारबाट कसुर प्रमाणित हुनु पर्ने।

प्रमाण ऐन, २०३१ को दफा २५ बमोजिम आरोपित कसुर प्रमाणित गर्ने दायित्व वादी नेपाल सरकारमा नै निहित रहेको अवस्थामा यी प्रतिवादीहरूले कसुरमा इन्कारी रही बयान गरेको र प्रतिवादीहरूले गरेको भनिएको कसुर प्रमाणित गर्ने गरी कुनै ठोस सबुत प्रमाण वादीतर्फबाट पेस गर्न नसकेको अवस्थामा सन्तकुमार

पुन र प्रेमबहादुर वि.क.बाहेकका यी प्रतिवादीहरू अनिल घर्ती, प्रेम बुढा, किशोर रानामगर, प्रकाश पुन, प्रविण बस्नेत, जिवन शाहलाई कसुरदार मान्न सकिने अवस्था नदेखिने।

तसर्थ आरोपित कसुरमा सबै प्रतिवादीहरूको संलग्नता रहेको नदेखिँदा प्रतिवादीहरू अनिल घर्ती, प्रेम बुढा, किशोर राना मगर र आकाश पुनसमेतलाई जनही कैद वर्ष दुई र जनही रू.२५,०००।- जरिवाना गर्ने गरी सुरू दाङ जिल्ला अदालतबाट मिति २०६८।३।२३ मा भएको फैसला सो हदसम्म मिलेको नदेखिएकोले केही उल्टी गरी प्रतिवादी सन्तकुमार पुन र प्रेमबहादुर वि.क. लाई जनही कैद वर्ष २(दुई) र रू. २५,०००।- जरिवाना हुने र अन्य प्रतिवादीहरूले आरोपित कसुरमा सफाई पाउने भनी पुनरावेदन अदालत तुलसीपुरले मिति २०६९।२।१७ मा गरेको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: दिपेन्द्र तिवारी

इति संवत् २०७५ साल वैशाख १० गते रोज २ शुभम्।

४

**मा.न्या.श्री पुरूषोत्तम भण्डारी र मा.न्या.श्री डम्बरबहादुर शाही**, ०६९-CR-०६५५, कर्तव्य ज्यान, नेपाल सरकार वि. शक्तिनाथ सहनीसमेत

वारदात घटना साबित गर्नको लागि शङ्का हैन कि त्यस घटनालाई शङ्कारहित किसिमले प्रमाणित गर्न सक्नुपर्छ किनकि शङ्काले कानूनी मान्यता पाउन नसक्ने । समग्र वारदात घटनाका सम्बन्धमा जाहेरवालाले आफ्नो जाहेरी बेहोरामा हामी र प्रतिवादीहरूबीच बेला मौकामा पाउरोटी मूल्य निर्धारण एवम् बिक्री सम्बन्धमा झगडा भए पनि हामीहरू एउटै मुलुकको भएको, हाम्रो उद्योग व्यवसायसमेत एउटै भई र हाम्रो घर परिवारका व्यक्तिहरूबीच सम्बन्ध राम्रो भई एकआपसमा मिल्ने गरेको भनी आफ्नो जाहेरी बेहोरामा लेखाएको अवस्थासमेतबाट यी प्रतिवादीहरूले ज्यान नै मार्नसम्मको इविलाग वा मनसाय रहेको होला भन्ने कुरा मिसिल संलग्न प्रमाणहरूबाट नदेखिने।

वादी पक्षले जाहेरवालासमेतका व्यक्तिलाई अदालतमा उपस्थित गराई बकपत्र गराउँदासमेत यी प्रतिवादीहरूको कर्तव्यबाट नै मृतक बच्चु सहनीको मृत्यु भएको भन्ने पुष्टि गराउन सकेको देखिँदैन । अनुमान, आशङ्का र सम्भावना जस्ता मनोगत आधारमा कुनै पनि व्यक्ति आपराधिक कार्यमा संलग्न छ नै भनी निष्कर्ष निकाल्नु न्यायोचित हुँदैन। प्रतिवादीहरूको कुनै आपराधिक कार्यमा संलग्न रहेको देखिए निजहरूको संलग्नता संकलित प्रमाणहरूबाट शङ्कारहित किसिमले पुष्टि हुन सक्नुपर्छ तर प्रस्तुत मुद्दाको वारदातमा प्रतिवादीहरूको संलग्नता रहेको तथ्य वादी पक्षबाट स्वतन्त्र र वस्तुनिष्ठ प्रमाणहरूबाट पुष्टि गराउन सकेको नदेखिँदा ज्यानसम्बन्धी महलको १३(३) नं.को दायराभित्र पर्छ भन्नु न्यायसंगत देखिन नआउने।

प्रमाण ऐन, २०३१को दफा २५ बमोजिम आरोपित कसुर प्रमाणित गर्ने दायित्व वादी नेपाल सरकारमा नै निहित रहेको अवस्थामा प्रतिवादीले कसुरमा इन्कारी रही बयान गरेको र पुनरावेदकले गरेको भनी एको कसुरलाई प्रमाणित गर्ने गरी घटनाका सम्बन्धमा स्पष्ट देखिजान्ने साक्षी लगायतका कुनै ठोस सबुत प्रमाण पेस गर्न नसकेको अवस्थामा यी प्रतिवादीहरूलाई कसुरदार मान्न सकिने अवस्था नदेखिने।

तसर्थ प्रतिवादीहरू उक्त घटना वारदातमा आफ्नो संलग्नता नरहेको भनी इन्कारी रहेको र वादी पक्षले सो घटनालाई पुष्टि गर्ने साक्षी सबुदलगायतका कुनै ठोस सबुत प्रमाण पेस गर्न नसकेको अवस्था तथा यी प्रतिवादीहरूको कर्तव्यबाट मृतकको मृत्यु भएको हो भन्ने अन्य स्वतन्त्र प्रमाणबाट पनि देखिन खुल्न नआएकोले कर्तव्य ज्यान जस्तो अपराधमा केवल शङ्का र अनुमानको भरमा कसुरदार ठहर गरी सजाय गर्नु फौजदारी न्यायको सर्वमान्य सिद्धान्त प्रतिकुल हुन जाने देखिँदा प्रतिवादी शक्तिनाथ सहनी र सुरेश सहनीलाई अभियोग दाबीअनुसार ज्यानसम्बन्धी महलको १३(३) बमोजिम जन्मकैदको सजाय गरेको सुरू रूपन्देही जिल्ला अदालतको मिति २०६८।२।१८ को फैसला मिलेको नहुँदा उल्टी गरी पुनरावेदक प्रतिवादीहरूले अभियोग मागदाबीबाट सफाई पाउने ठहराई मिति २०६९।१।१७ मा पुनरावेदन अदालत बुटवलबाट भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: दिपेन्द्र तिवारी

इति संवत् २०७५ साल वैशाख १० गते रोज २ शुभम्।